आजसम्म ३२ वटा विभिन्न भाषामा २० लाख प्रति प्रकाशित

## परमेश्वरमा तपाईंको खोज

केवल विकाशोन्मुख राष्ट्रहरुमा मात्रै होइन तर ती औधोगिकीकरण भइसकेका राष्ट्रहरुमा बसोबासो गर्ने र परमेश्वरसँगका एक आत्मिक संगतिका निम्ति हृदयभित्रबाटै तीव्र इच्छा राख्ने ती अनेकौं मानिसहरुसँग पनि भेट्न बेनेट दम्पती आनन्द मान्छन् । यस्ता मानिसहरुसँग परमेश्वर विषय अनेकों प्रश्नहरु छन् ।

के जीवनमा गरिएका महत्वपूर्ण प्रश्नहरुको भरपर्दा उत्तरहरु हामीलाई प्राप्त भएको छ? यस सन्दर्भमा परमेश्वर स्वयंले यी उत्तरहरुका प्रबन्ध गरिदिनुभएको छ, भनी रिचाई बेनेट आश्वस्त हुनुहुन्छ। यसौकारण उहाँले 'परमेश्वरमा तपाईंको खोज' पुस्तक लेख्नुभयो ।

"यस्तै पुस्तकको निम्ति मैले बीस वर्षसम्म प्रार्थना गरें ।"

**जर्ज वर्वर**

(संस्थापक निर्देशकः ओपरेशन मुभिलाइजेशन)

"परमेश्वरमा तपाईंको खोज मैले विरलै पढ़न पाएको बाइबलीय सत्यता र व्यावहारिक विषयमाथि आधारित अति नामी पुस्तकहरुमध्ये एक हो । यस पुस्तकले ख्रीष्टलाई पाउन खोजिरहेकाहरुको निम्ति साथै उहाँलाई चित्रेहरुका निम्ति पनि अमुल्य सहायता भइ प्रमाणित गतिदिन्छ। साँच्चै यो पुस्तक व्यापकरुपले पढ़नलायकको छ ।"

**डा. एलेन रेडपाथ**

(International Conference Speaker)

"स्पष्टरूपले लिखित, बाइबलीय सत्यतामा आधारित यस पुस्तकले मसीही समाजप्रति तपाईले राख्नुभएको प्रश्नको उत्तर दिनेछ, अनि प्रभु येशू ख्रीष्टसँग तपाईंको परिचय गराउनेछ ।"

**डा चार्लिस सी. राइरी**

(World Renowned Biblical Scholor)

"सहजै पढ़नसकिने, तथापि गहन एक मधुर अनि सहज धाराप्रवाहमा, महत्वपूर्ण सत्यको एक चिताकर्षक प्रस्तति ।"

**डा जे एडविन ओर**

(Worldwide authority on Revival & Historian)


OM INDIA

ISBN 81-7362-396-1

Rs.25.00

0 817362 396258


# परमेश्वरमा तपाईंको खोज




रिचाई ए. बेनेट

# परमेश्वरमा तपाईंको खोज

# परमेश्वरमा तपाईंको खोज

रिचार्ड् ए. बेनेट
(अनुवाद: विमल राई)

OM Books
Secunderabad

*Parameshvarama Tapaiko Khoj*
(Nepali)

**Your Quest For God**
by Richard A.Bennett

Copyright © 1985 by Cross Currents Intl. Ministries

First Nepali edition 2001

ISBN 81-7362-396-1

All rights reserved.
No part of this publication may be reproduced in any form or by any means, electronic, or mechanical, including photocopying, recording, or any information storage and retrieval system, without permission in writing from the publisher.
The sociological, political, doctrinal vies of the author may not necessarily be those of the publisher.

Published by:
**OM India**
P. O. Box 2014
Secunderabad 500003
Andhra Pradesh, India.

**Rs.25.00**

मेरी पत्नी, दोरोदाईका प्रोत्साहन, प्रेम, त्याग
र प्रार्थनाबिना यो पुस्तक लेखिनु सम्भव
हुने थिएन।
प्रेरित पावलले फिबीका सम्बन्धमा भने झैं,
म पनि उनीबारे भन्छु..............
साँच्चै उनी धेरैकी, साथै मेरी पनि
सहायिका भएकी छिन्।

# विषय-सूची


| | |
|---|---|
| प्रस्तावना | ९ |
| भूमिका | ११ |
| के साँच्चै परमेश्वर हुनुहुन्छ? | १५ |
| के तपाइंको आत्मिक अगुवा विश्वासयोग्य छ? | २५ |
| परमेश्वर कस्तो हुनुहुन्छ? | ४३ |
| वास्तवमा कुन कुराले मानिसलाई बिभाजन गर्छ? | ५७ |
| वास्तविक समस्या के हो? | ७५ |
| किन मानिसहरु वति साह्रै गरी बहकाइएका छन्? | ८७ |
| के परमेश्वरले मलाई प्रेम गर्नुहुन्छ? | १०३ |
| म कहाँ जीवन पाउन सक्छु? | १३३ |
| कसरी म परमेश्वरको परिवारको एक अंग बन्नसक्छु? | १५३ |
| त्यसपश्चात्? | १६७ |

# प्रस्तावना

दुई मुख्य कारणले म यस 'परमेश्वरमा तपाईंको खोज' पुस्तकप्रति हार्दिक सिफारिश गर्दछु। प्रथमत: यस पुस्तकका लेखकलाई म चिन्दछु! उनी विश्वासमा मेरा पुत्र हुनुहुन्छ, अनि मेरा छोराछोरीहरू सत्यको अनुसरण गर्छन् भन्ने उत्तर सुन्नपाउनुभन्दा अरू बढ़ी आनन्दको कुरो मेरो लागि के हुनसक्छ र? ( ३ यूहन्ना ४ )

दोस्रो कारणचाहिँ बढ़ी यथार्थिक छ। परमेश्वरसँग विद्यमान रहेका मानिसका आवश्यक सम्बन्धमा डा० रिचार्ड बेनेट्ले स्पष्ट, होशियारी र उपयुक्तरूपले पुस्तकका अक्षर, वर्णविन्यास वा शब्दरूप सजाउनमा अति उत्तम कार्य गर्नुभएको छ।

परमेश्वरले मानिसका हृदयमा अनन्ततालाई स्थापित गर्नुभएको छ भनी बाइबलले हामीलाई सूचित गर्छ ( उपदेशक ३:११ ) त्यसकारण यो भनाइले जब अनन्तताको निम्ति मानिसको उत्पत्ति भएथ्यो अत: समय-समयका विषयहरूले मानिसलाई कहिले पनि पूर्ण र स्थायीरूपले सन्तुष्ट तुल्याउनसक्तैन भन्ने आशयलाई देखाउदछ। अत: त्यहाँ एउटा

अनन्त रिक्तता छ; जसलाई परमेश्वरले मात्रै पूर्ण गर्नसक्नुहुन्छ। सन्त अगष्टिनले यस कुरोलाई सठीकढंगले घोषणा गर्नुभएको छ; ''परमेश्वर तपाईंले आफ्नै निम्ति हामीलाई सृजाउनुभयो, अनि तपाईंमा विश्राम नलिउञ्जेल हाम्रा आत्मा बेचैन भएका छन्'' यस पुस्तकले हामीलाई अनन्त परमेश्वरसँग एक जिउँदो र व्यक्तिगत सम्बन्ध नराखुञ्जेलसम्म त्यस आत्मिक खोजीलाई जारी राख्न सहयोग गर्नेछ।

परमेश्वरका महिमा फैलाउने अनि उहाँका अनन्त भलाईलाई पछ्याउने र त्यस विषयमा गहिरो चासोपूर्ण सुसमाचारले भरिएका यस पुस्तकका पृष्ठ-पृष्ठलाई ओइरो मानिसहरूले पढुन् भन्ने मेरो हार्दिक प्रार्थना छ।

**डा० स्टेफन एफ० ओल्फोर्ड**

Memphis, Tennessee

# भूमिका

व्यापकरूपले गरिएका हाम्रा यात्राहरूमा मेरी पत्नी दोरोदाइ र मैले जीवनका मूल बाटो र गोरेटोहरूहुँदो अनेकौं मित्रहरू भेट्यौं। तिनीहरू विभिन्न सांस्कृतिक, आर्थिक र शैक्षिक स्तर र पृष्ठभूमिबाट आएका थिए।

यी व्यक्तिहरूसँग केवल संयोगवश हाम्रो भेट भइगयो भनी हामी विश्वास गर्दैनौं न त हामी तपाईंको हातमा परेको यो सानो पुस्तकलाई अकस्मात् परेको कुरो हो भनी मानिलिन्छौं।

वर्षौं–वर्ष हाम्रा मित्रहरूसँग एक आँतको भई गरिएका महत्त्वपूर्ण वार्तालापहरू नै परमेश्वरमा भएको हाम्रो खोजको केन्द्रीय विषय भएका छन्। यस प्रसंगमा हामीले परस्परमा बाँड्का केही विचारहरूलाई यस पुस्तकमा समावेश गरिएको छ।

'परमेश्वरमा तपाईंको खोज' पुस्तकको प्रथम सस्करणबाट तयार गरिएका पछिल्ला दुई संशोधित सस्करणहरूचाहिँ व्यक्तिगततौरले परमेश्वरलाई धन्यवाद ज्ञापन गर्ने उद्देश्यले तयार गरिएको थियो। दोरोदाई र मैले हाम्रा वैवाहिक जीवनको २५औं वर्षीय सुखद अवधिमा परमेश्वरले हामीप्रति गर्नुभएका उहाँका भलाइपूर्ण कार्यको प्रतिकारमा उहाँलाई कुन तरिकाले धन्यवाद ज्ञापन गर्नसकिएला भनी विचार गर्‍यौं।

मानिसहरूका निम्ति आशा र शान्तिका सन्देशवाहक यो पुस्तकको २५,००० प्रति छपाएर मानिसहरूलाई वितरण

गरिदिनु जस्तो राम्रो तरिका अरू के होला र! भनी हामीले विचार गर्‍यौं। त्यो २५,००० प्रति पुस्तकलाई हाम्रा पच्चीस वर्षीय वैवाहिक जीवनयापनका हिसाबले प्रतिवर्षका निम्ति १ हजार प्रतिको दरले छुट्याउन सकिन्छ।

संसारभरि यस पुस्तकलाई प्रत्यक्षरूपमा एक सुगम माध्यमको रूपमा पाइनलाई परमेश्वरले यस प्रेमिलो परिश्रमलाई आशिषित तुल्याउनुभएको छ। विभिन्न देशवासीको हातहातमा पुगोस् भन्ठानी, यस पुस्तकका २५०००हजार प्रति सोझै थम्याइएको थियो। हाम्रो निम्ति अपार आनन्दचाहिँ **'परमेश्वरमा तपाईंको खोज'** पुस्तक पढेपछि तिनीहरूका जीवनमा एउटा नयाँ उद्देश्य प्राप्त गर्ने व्यक्तिहरुले हामीलाई लेखिरहेका पत्रहरू हुन्।

यस पुस्तकलाई अरू भाषाहरूमा पनि अनुवाद गरियोस् भनी हामीले अनेकौं अनुरोध प्राप्त गर्‍यौं। त्यसकारण प्रार्थनासहित संसारका महादेश र प्रदेशहरूमा बस्ने मानिसहरूका 'परमेश्वरमा रहेको तिनीहरूको खोज'–मा सहायक सिद्ध बन्ला भन्ठानी यस पुस्तकको प्रथम संशोधित संस्करण तयार गर्ने निर्णय गर्‍यौं। फलस्वरूप, ३२ वटा विभिन्न भाषामा यस पुस्तकका २ मिलियनभन्दा बेसी प्रतिहरू छापिएर विस्तृतरूपमा वितरण भइसकेका छन्। अब अतिरिक्त विषयलाई पनि समावेश गरिएको यो दोस्रो संशोधित संस्करणले पनि बढ्दा मानिसहरूलाई निश्चय ठूलो सहायता दिनेछ; भनी हामी प्रार्थना गर्छौं।

यस पुस्तकका प्रथम दुई अध्यायहरूचाहिँ प्रत्येक

पाठकको निम्ति एक समानरूपले प्रासंगिक छैनन्। प्रथम अध्याय, परमेश्वरीय अस्तित्वमाथि प्रश्न गर्ने मानिसहरूलाई यस विषयमा बुझाउने हेतुले लेखिएको छ। यद्यपि दोस्रो अध्यायचाहिँ अनेकौं विषयमा प्रश्न गर्न अग्रसर हुने ती मानिसहरूका निम्ति एउटा चासो पर्ने विषय हुनेछ। वास्तवमा यो अध्यायचाहिँ सबै पाठकहरूका निम्ति अत्यावश्यक छ। किनकि यस अध्यायले तपाईंहरूमध्ये प्रत्येकलाई तपाईंहरूमा विद्यमान रहेका विश्वास र आत्मिक मनोवृत्तिका उचित मूल्यांकन गर्नलाई उत्साह दिनेछ।

तथापि शुरूका यी अध्यायहरू यस पुस्तकमा समाविष्ट सबै मुख्य विषयहरूलाई राम्ररी बुझ्नका निम्ति अत्यावश्यक माध्यमका रूपमा छन् किनकि ती अध्यायहरूले रहल अध्यायहरूमा प्रस्तुत गरिएका वृतान्त जानकारीका विश्वासयोग्यतालाई कायम राख्न सहायता गर्नेछ। पुस्तकका तेस्रोदेखि दशौं अध्यायहरूले परमेश्वरमा रहेको तपाईंको खोजीमा सहायता पुर्‍याउन धेरै प्रमाणित सत्यहरूलाई समावेश गरेका छन्। त्यसकारण हामी हर्षित हृदय लिइ यो दोस्रो संस्करणलाई परमेश्वरका हातमा उहाँकै इच्छाअनुसार सुम्पन्छौं।

हामीसँग व्यक्तिगत अनुभव आदान–प्रदान गर्ने अनेकौं विशिष्ट मानिसहरूका प्रेम, प्रार्थना र आत्मिक अन्तर्दृष्टिका निम्ति हामी हाम्रा मन अन्तरका कृतज्ञता परमेश्वरप्रति सहर्ष व्यक्त गर्नचाहन्छौं। नाममा नाम लिन यहाँ धेरै गाह्रो पर्ला; ती सबै–सबै मित्रहरूलाई हामी 'हार्दिक धन्यवाद' दिन्छौं!

भू -विज्ञान पृथ्वीको आत्मकथा हो;
तापनि योचाहिँ अरू आत्मकथाहरू सरह
थालनीतिरै फर्किएर जाँदैन।

सर चार्ल्स लेयल

# के साँच्चै परमेश्वर हुनुहुन्छ?

जब धेरै कुराहरू उराठलाग्दो देखिन्छ; त्यस बखत् तपाईंले परमेश्वरको प्रेमप्रति आंशका मात्रै होइन तर उहाँको वास्तविक अस्तित्वप्रति पनि प्रश्न गर्नुभएको छ। तपाईंको जीवनमा यस्ता स्थितिहरू आइपरेको हुनसक्छ।

बाइबलमा परमेश्वरको अस्तित्वका व्याख्या गरिएको छैन; नता प्रमाणित नै गरिएको छ। यस विषयलाई साधारणतौरले सत्य मानिन्छ। बाइबलको सर्वप्रथम वाक्यमा पढ्न् पाइन्छ: ***आदिमा परमेश्वरले आकाशहरू र पृथ्वी सृष्टि गर्नुभयो* (उत्पत्ति १:१)**। त्यो अचम्मको कथन साधारण हुनुको साथसाथै गहन पनि छ। यस वाक्यले परमेश्वर हुनुहुन्छ; अनि उहाँनै विश्व-ब्रह्माण्डका सृष्टिकर्ता हुनुहुन्छ भन्ने सत्यलाई पुष्टि गर्छ।

धेरै वर्षअघि मेरी पत्नीले एक श्रेष्ठ धाइको रूपमा युरोप महादेशअन्तर्गत भएका प्रसिद्ध मनोरोग अस्पतालहरूमध्ये एक अस्पतालमा काम गर्थिन्। एक दिन स्वयंलाई एक नास्तिक हुँ भनी घोषणा गर्ने एक नामी मनोरोग चिकित्सकले दोरोदाइको विश्वासप्रति जाँच गर्‍यो। उसले उत्तर दिई "डाक्टर! तपाईंको कार्य सम्बन्धित क्षेत्रको एक अधिकारी हुनुहुन्छ भनी म तपाईंलाई मनभित्रैबाट आदर गर्छु। तपाईंलाई थाह छ, तपाईं विश्वविद्यालयका एक आदरणीय प्राध्यापक

हुनुहुन्छ; अनि यस चिकित्सा पेशाका क्षेत्रमा तपाईंको नाम व्यापकरूपले आदरणीय छ। तपाईंले स्वयंलाई फेरि एक नास्तिक हुँ भनी घोषणा गर्नभन्दा, ता त्यही जोशले बाइबल शास्त्र पढ्नुहोस् भनी म तपाईंलाई सुझाव दिन चाहन्छु, जुन बाइबलले वास्तवमा तपाईंको मानसिक चिकित्सा विषय शोधकार्यका विशिष्ट गुणहरूलाई वर्णन गरेको छ।"

तब तिनले डाक्टर स्वयंले जाँच गरिरहेका रोगीहरूबारे सम्झाइदिइन्। परमेश्वरको सामर्थ्यले तिनीहरूका जीवनमा अचम्मको परिवर्तन गरिदिएको कारण, तिनीहरू अब पुराना रोगीहरू राखिने कोठादेखि मुक्त भई आ-आफ्ना घर गइरहेका थिए। जीवनमा नाटकीय ढंगले परिवर्तित भई अब एक आत्मिक सुग्घर जीवन बिताउन सचेत भइसकेका ती रोगीहरूमध्ये एकदुइ जनाको नाम पनि डाक्टरलाई बताइदिइन्। कसरी यी प्रत्येक रोगीले आफ्नै जीवन उपयोगी तरिकाले परमेश्वरलाई जान्नसकेका थिए् भन्ने सत्य दोरोदाइले डाक्टरलाई बताइदिइन्। डाक्टर स्वयं पनि यी रोगीहरू वर्तमानका उचित मनोरोग चिकित्सा प्रणालीहरूबाट वञ्चित थिए् भन्ने विषयमा अधिक सचेत हुनुहुन्थ्यो। तिनीहरूका परिवर्तित जीवनबारे नता एक नास्तिकको हैसियतले नता एक मनोरोग चिकित्सकको हैसियतले नै उनले यो अद्‌भूत घटनालाई बुझ्नसके।

म परमेश्वरमा विश्वास गर्दिनथिएँ; भनी दोरोदाइलाई भर्खरै बताउने ती डाक्टरले दोरोदाइलाई मेरो निम्ति पनि प्रार्थना गरिदिनुहोस्! भनेर बातचीतलाई अन्त्याउनुभयो, उनले जीवनमा पहिलोपटक एक खुल्ला मनले बाइबल पढ्न शुरू गर्ने वाचा बाँध्नुभयो।

सात सप्ताह होशियारपूर्वक बाइबलको पठनपश्चात् अब उनी एक पेशागत नास्तिक नरहेको डाक्टरले दोरोदाइलाई बताए; तापनि उनीसँग अझै एक समस्या उल्झिरहेको थियो। किनकि परमेश्वरप्रतिको वास्तविक समर्पणले उनको जीवनमा एक परिवर्तनको खाँचो परेको कुरालाई उनले जाने" मेरो समस्या अब बढ्ता बुद्धिवादी छैन" उनले स्वीकार गऱ्यो। "तर यदि म एक समर्पित विश्वासी हुनुपर्छ भने मेरो जीवनमा देखा पर्ने परिवर्तनहरूलाई स्वीकार गर्न म स्वयंलाई अनिच्छुक पाइरहेछु।"

हाम्रा डाक्टर साथीका निम्ति दश वर्षसम्म लगातार प्रार्थना गरेपछि हामीले एउटा पत्र प्राप्त गऱ्यौं। पत्रमा उनले परमेश्वरमा उनको व्यक्तिगत समर्पण एवं नयाँ विश्वासबारे हामीलाई लेखिपठाउनुभएको थियो। हामी अति आनन्दित भयौं; तर साह्रै अचम्मित होइन। किनकि हामीलाई ***विश्वास सुनाइबाट र सुनाइचाहिँ परमेश्वरको वचनबाट आउँछ*** (रोमी १०:७) भन्ने सत्य थाह थियो।

**एक-अर्कालाई सहायता पुऱ्याउन हामी उहाँलाई चिनौं। परमेश्वरले हाम्रो मानिस जातिभित्रै उहाँको अस्तित्वबारे एक गहिरो अन्तरज्ञान राख्नुभएको छ।**

कतिपय मानिसले परमेश्वरमा **विश्वास नगर्नु** पनि सक्छ। तथापि पृथ्वीमा परमेश्वरप्रति **विश्वास गर्नसक्ने** मानिस कहिले पनि जन्मेको छैन।

परमेश्वरले उहाँको अस्तित्व विषय यस भौतिक विश्वमा पनि अनेकौं प्रमाणहरू राख्नुभएको छ। क्रमागततौरमा हाम्रो एक्काइसौं शताब्दीको वैज्ञानिक विकासले विश्व -ब्रह्माण्डका गोप्य रहस्यहरूलाई प्राप्त गरिरहेछ। एक

योजनाकर्ताबिनानै यी सबै थोकहरू अस्तित्वमा रहन गयो भनी सोच्नु विवेक भ्रष्ट हुनु हो। अन्तरिक्षको कक्षमा आवत-जावत गर्ने अन्तरिक्ष यानको छुट्टिने भाग आकाशतिर र पृथ्वीको कक्षमा उड्नसक्छ भनी कसैले सुझाव दिँदैन; अनि योजनाकर्ताका गठित सृजनशील शक्तिसँग सामजस्य नराखी आशा गरिएको स्थान र अवधिमा उत्रनसक्तैन। यसरी नै तकनीकि विद्याका ज्ञाताहरू एवं गणितका ज्ञाताहरू, घाम अस्ताउने क्रम र ऋतुहरू, निहारिकाहरू र अणुहरू, एक सृजनाहार परमेश्वरको योजना र परिकल्पनाबिना गुरुत्वाकर्षणको बल र प्रेमको सामर्थ्य कहिले पनि रहनसक्दैन।

परमेश्वरमा यो विश्वास गर्नु छोड्ेर 'ठूलो आवाज'(Big bank theory) – द्वारा सृष्टि बनिनगयो भनी विश्वास गर्नुपरे निःसन्देह लाखौं –लाख समय गुणा ठूलो विश्वास लाग्छ। किनकि प्रथमतः एक योजनाकर्ताबिना कुनै परिकल्पना हुनैसक्तैन।

सरकारले पनि परमेश्वरको अस्तित्वलाई खारिज गर्छ तर त्यसले विश्व-ब्रह्माण्ड एउटै नियमबद्धतामा आधारित छ भन्ने सत्यलाई अनुभव गरिरहेको छ; जुन कुरो प्रत्येक समय सरकारहरूले अन्तरिक्ष यात्री अन्तरिक्षमा पठाउँछन्; परमेश्वरद्वारा संगठित आकाशीय यो नियमबद्धतासँग सहयोगिता राखेर मात्रै तिनीहरूका अन्तरिक्ष यात्री सुरक्षित ढंगले पृथ्वीतिर फर्किन्छन्। के यो सत्य अनौठो लाग्दैन; तब यस्ता प्राकृतिक नियमहरूमाथि आस्था राख्ने ती व्यक्तिहरूले एक महान् नियम बनाउने परमेश्वर र एक सर्वोच्च योजनाकर्ताको अस्तित्वलाई कसरी खारिज गर्नसक्छ?

जब एउटा एटम बम पड्कन्छ; तब अत्याधिक भयानकतौरले ध्वंशात्मक शक्ति त्यसबाट निस्कन्छ भनी हामी सबैले जान्दछौं। तर सूर्यले प्रत्येक सेकेण्ड ५,००० अरब अणु बम बराबरको शक्तिको मात्रा उत्पन्न गर्दछ, त्यसको बराबरमा यसलाई अनुमान गरिएको छ। यस्तै शक्ति निकाल्ने अन्य ताराहरूका तुलनामा हाम्रो घाम धेरै ठूलो छैन। अनि विश्व-ब्रह्माण्डमा कति यस्ता विशाल ताराहरू छन् त्यो अझ हामीलाई थाह छैन। तथापि मान्छेको दृष्टिमा दश खरब जतिको गणना भएको हुनसक्छ तर अज्ञात विश्व-ब्रह्माण्डका ताराहरूको मुख्य पुञ्ज आजपर्यन्त पत्तो लाग्नसकेको छैन। यद्यपि खगोलशास्त्रीहरू केही आकाश-गंगाहरूमा उत्पन्न भएका शक्ति घामको भन्दा खरबौं समय गुणा शक्तिशाली छ भनी सचेत छन्। यस्तो शक्ति कसरी रहनसक्छ, के यी सबै एक सृष्टिकर्ताको होइन; जसको अनन्त सामर्थ्य छ?

वास्तवमै, सृष्टिले हामीलाई यसका परियोजनाकर्ता एक ऐनका परमेश्वर अनि एक अनन्त सामर्थ्यका परमेश्वरलाई चिन्हाउँछिन्; बाइबलले बताउँछ:

***किनभने संसारको उत्पत्तिदेखि नै उहाँका नदेखिने गुणहरू अर्थात् उहाँका अनन्त शक्ति र परमेश्वर छर्लङ्ग देखा परेका छन् — सृष्टि गरिएका कुराहरूद्वारा जानिएका छन्; यसकारण तिनीहरूसंग कुनै बहाना छैन* ( रोमी १:२०)।**

यसकारण परमेश्वरीय अस्तित्वलाई अस्वीकार गर्ने कुनै बहानानै छैन्।

**परमेश्वरको अनन्ततालाई प्रतिबिम्बित गरेर**

**परमेश्वरले सृजेका नियम र सामर्थ्यले सबै मानिसहरूलाई क्षुद्र र नगण्य तुल्याउँछ।**

इस्राएलका राजा दाऊदसँग त्यस्तै समस्या थियो अतः तिनले यसप्रकार व्यक्त गरेका छन् –

***जब म तपाईंका हातका कार्य आकाशहरू, चन्द्र र ताराहरूलाई सोच्छु जसलाई तपाईंले नियुक्त गर्नुभएको छ; त्यसको तुलनामा मान्छे के हो र जसप्रति तपाईं मन लाउनु हुन्छ ( भजन ८ :३,४)?*** विशाल दूरदर्शी यन्त्रले ब्रह्माण्डका दृश्य अवलोकन लाखौं गुणा ठूलो पार्छ, अनि उपग्रहहरूले बाह्य अन्तरिक्षको यात्राद्वारा नक्साहरू पृथ्वीमा पठाउने संकेत दिन्छन्। आज ताराहरूले भरिएका आकाशहरू विषयमा ज्ञानलाई हाम्रो बुद्धिमा अधिकरूपले वृद्धि भएको छ। यसकारण हामी पनि दाऊदले झैं प्रश्न गर्न लोभिनुसक्छौं –"यत्रो सबै सृष्टि गर्ने परमेश्वर म तुच्छप्रति कसरी इच्छुक हुनसक्नुहुन्छ?"

तथापि दूरदर्शी यन्त्रको उमेरचाहिँ सूक्ष्मदर्शी यन्त्रकै बराबर हो। आज हामी जान्दछौं; यस संसारमा भएका सूक्ष्म आकार सूक्ष्मदर्शी यन्त्रले मात्रै देखिन्छ जुन कुरा बाह्य अन्तरिक्षका अज्ञात लोकहरू जस्तै अविश्वसनीय छन्। अति सानो क्षेत्रको रहस्यलाई प्रकाश पार्न ज्योतिसमेत अतिनै धुमिलो छ। वैज्ञानिकको परम्परागत पुरानो सूक्ष्मदर्शी यन्त्रको आँखाबाट जुन कुरा वञ्चित रहन्छ; त्यो ऋणात्मक (Electron Microscope) सूक्ष्मदर्शी यन्त्रको सहायताद्वारा सहजै देख्न सकिन्छ। जुन यन्त्रले अझ अरू सुन्दरता, योजना, नियम एवं शक्तिको साकाररूप लिएको त्यो अति सानो संसारलाई प्रकाश पार्छ।

यसकारण तपाईंजस्ता अति सानो व्यक्ति पनि परमेश्वरको मनमा हुनुहुन्छ, भनी यदि तपाईंले कुनै पनि बखत मानिलिनुहुन्छ भने न्यूक्लियर भौतिकशास्त्रीले सम्पूर्ण विश्व–ब्रह्माण्डको संरक्षण गर्न सानोपनको कस्तो ठूलो महत्त्व हुन्छ भन्ने कुरो तपाईंलाई बताउनुहुन्छ, सुन्नुहोस् — एउटा अणुका न्युट्रोनहरू (Neutrons) र प्रोटोनहरू (Protons) १/१२ इन्चको ट्रिलेनेथ मात्रै छुट्याइदिएँ तत्त्व एउटै गढिलो पिण्डमा नकस्सिएर यसको विपरीत प्रतिक्रियास्वरूप संसार ब्रह्माण्डलीय, केन्द्रको विस्फोटमा धक्का खाएर नष्ट हुनेथियो। ज्यू! परमेश्वरको दृष्टिकोणमा ठूलो वस्तुको महत्त्व जति छ त्यति नै सानो वस्तुको पनि ठूलो महत्त्व छ।

जब हामी "*मान्छे के हो र जसप्रति तपाईं मन लाउनुहुन्छ?*" भनी प्रश्न गर्छौं यो मान्छेको नाप होइन जसले उसको महत्त्वको पुष्टि गर्छ। वास्तवमा, परमेश्वरलाई हाम्रो व्यक्तिगत महत्त्व विभिन्न गुणहरूमा स्पष्ट छ । **किन** हामी उहाँका निम्ति बहुमूल्य, **उहाँको** दृष्टिमा **कति श्रेष्ठ** छौं भन्ने उहाँले हामीलाई प्रकट गर्नुभएको छ।

यद्यपि, सृष्टिले योजनाकर्ता सृजनाहार परमेश्वरको अस्तित्वबारे ठोकुवा लाउँछ; अनन्त प्रेमी र अनुग्रहकारी परमेश्वरको रूपमा स्वयंलाई परिचय गराउन उहाँले अर्को विधिलाई रोज्नुभएको छ। जसले तपाईंको अरू कुनै थोक होइन तर ठूलो भलाइ चाहनुहुन्छ। तथापि यस्ता परमेश्वरलाई प्राप्त गर्नु परे तपाईंको आत्मिक अगुवा प्रत्यक्षरूपमा विश्वासयोग्य हुनु आवश्यक छ।

## एक क्षण विचार गरौं

१. एकमुट्ठी फलामको धुलो हावामा फ्याँक्दा; त्यो बिलाएर जान्छ तब के त्यहींबाट तपाई एउटा स्वीज घड़ी पाउँला भनी आशा गर्नुहुन्छ?

२. के सृष्टिकर्ता परमेश्वरबिना नै सम्पूर्ण विश्वका अद्‌भूत र गहन परियोजना सम्भव हुन सक्थ्यो?

३. सृष्टिले तपाईलाई ती परियोजना; नियम र सामर्थ्यका परमेश्वरको रूपमा स्वयंलाई प्रकट गर्नुहुने परमेश्वरतिर इंगित गर्दछ; के त्यसो हो भने तपाईलाई परमेश्वरीय प्रेम र अनुग्रह जान्ने एक समझशक्तितर्फ खिच्न सृष्टिनै काफी छ?

आफूसँग बत्ती बोकेर अँध्यारो गुफाभित्र पस्ने व्यक्ति त्यसभित्र सहजै हिँड्डेर वारपार गर्नसक्छ।

प्लेटो

प्रकृतिचाहिँ गुफाको मुखैमा भएको मधुरो ज्योति मात्र हो; तर चम्किलो ज्योतिचाहिँ परमेश्वरको वचन हो।

ए० एच० स्ट्रङ्ग

# के तपाईंको आत्मिक अगुवा विश्वासयोग्य छ?

केही समय अघि रेडरले दिएको गलत संकेतको कारण एउटा हावाजहाज दुर्घटनामा मानव जीवनको दु:खदायक अन्त्य भएको भयावह सत्यघटनाबारे दैनिक समाचार पत्रहरूले वर्णन गरे। तथापि जब मानिसहरूले तिनीहरू स्वयंलाई आत्मिक नाशतिर लाने एक गलत आत्मिक रेडर स्टिममाथि आफ्नो विश्वास राख्दा कस्तो दुर्घटना घटनजान्छ त्यसको तुलनामा त्यो हावाजहाजको दु:खदायक दुर्घटनाले कुनै महत्त्व राख्दैन।

आज संसारमा अनेकौं विरोधात्मक र भर्माउने आवाजहरू छन्। प्रत्येकले नै परमेश्वरलाई चिन्हाउने पथ-प्रदर्शकको रूपमा घोषणा गरेको हुनाले कुन पथलाई चाहिँ विश्वास गर्नु भन्ने कुरो तपाईंलाई कसरी थाह हुन्छ? परमेश्वरप्रतिको तपाईंको खोजअनुसार तपाईंले अनुचित आवाजद्वारा स्वयंलाई भ्रममा पर्न दिनसक्नुहुन्न; किनकि यस्ता खतरा मोलाइमा आइपर्ने दुष्परिणामहरू अनन्त छन्।

ब्रिटिश प्रधानमन्त्री डब्लू०ई० ग्लाडस्टोटले लेखे "पवित्र शास्त्र बाइबलमा उत्पत्तिका आधारभूत विशेषताले मोहर लाइएको छ अनि एक नाप्नै नसकिने दूरत्वले यसलाई यसका प्रतिपक्षी धर्मशास्त्रहरूदेखि अलग्गै राख्छ।"

एकपटक महान् विभूति अब्राहम लिंकनले भन्नुभयो— "बाइबल परमेश्वरले मानिसलाई प्रदान गरेको एउटा उपहार हो भनी म विश्वास गर्छु।"

**इतिहासमा वर्णित अनेकौं महान् व्यक्तिहरूले बाइबलका असाधारण अस्तित्वलाई वास्तवमै जाँच गरेका छन्। परमेश्वरको जीवित वचन बाइबल सोच्दै यसको आफ्नै अख्तियारपूर्ण आधारमा खड़ा छ।**

राजा दाऊद उनका आत्मिक अगुवाका विश्वासयोग्यताप्रति आश्वस्त थिए। उनले भने: ***तपाईंको वचन मेरो खुट्टाको निम्ति बत्ती र मेरो बाटोको निम्ति उज्यालो (भजन ११९: १०५)।***

वर्तमानमा बाइबल नै तिनीहरूको निम्ति परमेश्वरतर्फ दोहोराउने पथ-प्रदर्शक हुनसक्छ भन्ने सत्यलाई मानिसहरूले प्राप्त गरिरहेका छन्। यसका विश्वसनीयतालाई नष्ट तुल्याउने विरोधी तत्त्वहरू हुँदाहुँदै पनि बाइबल संसारका साहित्यहरूका माझमा अनुपम देखा पर्छ।

किनभने बाइबल अनुपम एवं तथ्यपूर्ण छ भनी मानिसहरूलाई आश्वासनको खाँचो छ। परमेश्वरले यसलाई अनेकौं मोहरहरूले छाप लाउनुभएको छ; अनि ती सबैले "यो परमेश्वरको वचन " हो भनी सत्यापित गर्छ। धर्मशास्त्रका पत्राहरूमा अनि सांसारिक इतिहासका लेखाजोखा दुवै क्षेत्रबाट एक इमानदार खोजकर्ताले सत्यलाई समर्थन दिने, विरोध गर्न नसकिने प्रमाण बाइबलमा पाउनेछ। जस्तो लेखिएको छ

***सबै धर्मशास्त्र परमेश्वरको प्रेरणाद्वारा प्रदान गरिएको***

*छ ( २ तिमोथी ३:१६ )।*

यदि बाइबल एउटै लेखकद्वारा लेखिएको भए यसको सार विषय विकसित तरीकामा संयोजितरूपले बढ्दै जाने थियो; अनि सत्यलाई प्राप्त गर्न हामीलाई कुनै उदेक लाग्ने थिएन। किताबहरूका पनि किताब मानिने यो किताब एक्लो लेखकद्वारा लेखिएको थिएन। तर समय-समयका विभिन्न संस्कृति मात्रै, विभिन्न देशका अनेकौं लेखकहरूद्वारा लेखिएको छ। यद्यपि यसले अनुशासनात्मकतौरले परमेश्वरप्रतिको सत्यको असाधारण विकासलाई एउटै अनुरूपतामा समावेश गर्छ। अनि यो विषय आफैमा अति विशिष्ट छ।

यसको अतिरिक्त भूगर्भशास्त्रका अन्वेषक र खननकर्ताहरूले निरन्तर भूखनन गरी निकालिरहेका नयाँ प्रमाणहरूले बाइबलको ऐतिहासिक किटानलाई अझ पुष्टि गर्दैछन्। एक समय उपन्यासको कथन सरह हाँसोमा उडाइएको विषयलाई अहिलेका आधुनिक भूगर्भशास्त्रीहरूका * कोदालोले खनेर सत्यमा परिणत

---

*उदाहरणार्थ, सन् १८६८-मा क्लेन ( **Klein** ) नामको एक जर्मन खोजकर्ता यात्रीले मोहाबको प्राचीन भूमिमा भ्रमण गरे। जुन शहरलाई आज जोर्डन भनिन्छ। जहाँ उनले मोहाबका राजा मेशाहले सूचीबद्ध गरेका चौंतीस लाम्कर लेखिएको एक शिलालेख खोजी निकाले। यो शिलालेख इस्राएलको विरूद्ध उनले गरेका विद्रोहको सम्झनामा लिपिबद्ध गरिइएको थियो। दोस्रो राजा १-मा उल्लेखगरिए जस्तै गरेर शिलालेखमा पुन: दुवै अमोरि एवं आहाबको उल्लेख पाइन्छ। यो दुवै विषयमा मोहाबप्रति इस्राएली राजाहरू प्रतिपक्षी थिए भनी हामीलाई ज्ञान हुन्छ बाइबलले देखाएको ऐतिहासिक दस्तावेजको यथार्थलाई वर्तमान विविध अनुसन्धानहरूले प्रमाणित गर्छ।

गरिदिइसकेका छन्। **सबै मानिसका निम्ति परमेश्वरका सुसमाचार समावेश गरिएको बाइबल वास्तवमा परमेश्वरका पुस्तक हो।**

बाइबल परमेश्वरको पुस्तक हो भन्ने सत्य जान्दा-जान्दै पनि संसार दुइ प्रकारका व्यक्तिहरूमाझमा विभक्त भएको छ भन्ने प्रचलित भ्रमको कारण केही मानिसहरूले यसलाई पढ्न छोडिदिन्छन्, — वैज्ञानिकहरू, जसले सत्यको सामना गर्छ अनि एक साँचो विश्वासी, जसले ती विषयहरूतिर तिनीहरूका ध्यान आकृष्ट गरिदिन्छ। यसर्थ एक साँचो विश्वासी एक वास्तविक वैज्ञानिकभन्दा भिन्नै हो। यद्यपि आज संसारमा भएका अनेकौं महान् वैज्ञानिकहरूले यस धारणालाई अस्वीकार गर्छन्। तापनि बाइबल एउटा वैज्ञानिक पाठ्यपुस्तक होइन। बाइबलले विज्ञानका क्षेत्रहरूलाई स्पर्श गरी प्रतिपादित गरेका सत्यहरू; **स्थापित वैज्ञानिक प्रमाणहरूले** निर्देशन दिएर हुनआएका कदापि होइनन्, बरूभन्दा यसको अभिप्राय: र योजनामा बाइबलले विज्ञानका ठूलो सत्यलाई उजागर गरेर देखाइदिन्छ।

उदाहरणस्वरूप — विज्ञानले हामी किन यस संसारमा छौं भन्ने कुरोको पुष्टि गर्नसक्दैन, नता यस सांसारिक जीवनपछि हामी कहाँ गइरहेछौं भनीनै बताउनसक्छ। नता जीवनको अर्थ, नता एक व्यक्तिको मूल्य नै विज्ञानले बताउनसक्छ। एक व्यक्ति जतिकै धूर्त किंवा भद्र होस्; परमेश्वरीय सत्य बुझ्नलाई प्रत्येक व्यक्तिले परमेश्वरबाट सहायता लिनुपर्छ नै। यसैकारणले निश्चयतापूर्वक फ्रान्सका दार्शनिक एवं गणितज्ञ ब्लाइस पेसकलले भन्नुभएको छ ''विचारशक्तिको परम

उपलब्धिचाहिँ हाम्रो निम्ति त्यहाँ विवेकको एक सीमा छ भन्ने देखाउनु हो।" यदि बाइबल परमेश्वरको पुस्तक नभएको भए जीवन सम्बन्धित आवश्यक प्रश्नहरूलाई लिएर हामीसँग कहिले पनि विश्वसनीय उत्तरहरू हुने थिएनन्।

अब हामी बाइबल साँच्चै परमेश्वरका पुस्तक नै हो भनी दुइ सबल ज्वलन्त संकेतहरूमाथि विचार गरौं।

पहिलोचाहिँ यसका भविष्यवाणीहरूका अति विश्वसनीय किटान हो। दोस्रोचाहिँ यसको सुसमाचार ध्यानपूर्वक ग्रहण गर्ने ती व्यक्तिहरूका जीवनलाई प्रयोगमा ल्याउने यसको सामर्थी एवं साकार प्रभाव हो।

## बाइबलको भविष्यवाणीको सत्यता

प्राय: हामी सबैलाई भविष्यमा के हुनआउने हो भनी ठूलो जिज्ञासा छ। बाइबलले गम्भीर अनि चित्तपर्दो पूर्ण विवरणसहित भविष्यमा घटने केही मुख्य घटनाहरूका प्रकाश दिँदछ। अब तपाईंले राम्ररी सोध्नु मिल्छ, यी तथ्यहरूमा "तपाईं कसरी पूर्णतया विश्वस्त हुनसक्नुहुन्छ?"

यो प्रश्नको उत्तरमा कल्पना गरौं — हामी एउटा देशमा हाम्रो छुट्टी मनाइरहेका छौं। जहाँ हामी पहिला कहिले पनि पुगेका थिएनौं। तपाईंको हातमा भएको मानचित्र (Map) मात्रै तपाईंलाई सहयोग पुर्‍याउने मार्गदर्शक हो। हिजे यस मानचित्रलाई तपाईंले पूर्णरूपले विश्वासयोग्य मार्गदर्शकको रूपमा पाउनुभएको थियो। किनकि यसले निर्देशन गरेजस्तै तपाईंले एउटा नदी र गाउँ भेटाउनुभयो र त्यहाँनिर नै गत रात बिताउनुभयो। आज कुन बाटो लाग्नुपर्ने हो तपाईंले निर्णय

गर्नुछ, तपाईंका अघि अपरिचित इलाकाहरू छन्। तर तपाईंको हातमा भएको मानचित्रले तपाईं दाहिनेतर्फ फर्किनुभयो र एउटा जंगल भएर जानुभयो भने त्यहाँ तपाईंले एउटा विशाल झील भेटाउनुहुनेछ भनी देखाउँछ। अब तपाईंलाई त्यस विशाल झील हेर्ने चाह हुन्छ; तब तपाईं के गर्नुहुन्छ? मलाई लाग्छ; तपाईं तपाईंको हातको मानचित्र(Map) -ले बताएको दिशातिर जानुहुन्छ अनि त्यहाँबाट दाहिनेतिर लाग्नुहुन्छ। निश्चय यस कार्यको निम्ति तपाईंको निर्भरताको मुख्य कारण हिज तपाईंसँग भएको मानचित्रले एक विरानो इलाकामा पुग्नलाई एक साँचो अगुवाको रूपमा पक्का काम गरेकोले हो। तपाईं त्यहाँ पुग्न अगावै तपाईंले त्यहाँ के के भेटाउनुहुन्छ,ती सबै कुराहरू मानचित्रले तपाईंलाई बताइ दिएको थियो; अनि ती सबै सत्य थिए।

बाइबल परमेश्वरको वचन हो भनी ठोकुवा गर्ने प्रमाणहरूमध्ये एक अद्‌भुत प्रमाणचाहिँ भविष्यका घटनाहरूबारे जब वचनले भविष्यवाणी गर्छ त्यसको बेजोड् सत्यता हो। बाइबलका पन्नाहरूमा पढ्‌र हामी आजका यथार्थिक दृश्यका अनेकौं भविष्यवाणीहरू र सयौं वर्षअघि घोषणा गरिएका भविष्यवाणीहरू सबै एकैनासले पूर्ण भइरहेको जानसक्छौं।

संसारका सम्पूर्ण जातिहरूलाई समेटेर साथसाथै इस्रायल र मध्यपूर्व (Middle East) विषयक सत्य विवरणलाई समावेश गरेर यी भविष्यवाणीहरूले एक महत्त्वपूर्ण अद्‌भुत मन्तव्यको विस्तार गर्दछ। यस्तै प्रकारले मसीहाको आगमन विषय सयौं महत्त्वपूर्ण सत्य घोषणाहरूलाई सम्बन्धित

तुल्याएर यी भविष्यवाणीहरूले एक अद्‌भुत मन्तव्यको विस्तार गर्दछ। किनभने यी भविष्यवाणीका धेरै कुराहरू आज इतिहास भएका छन्। मसीहाको जन्म, जीवन र मृत्यु सम्बन्धमा ती भविष्यवाणीहरू कसरी यथार्थ र विश्वासयोग्य पूर्ण विवरणसहित पूरा हुनआए भनी हामी जान्नसक्छौं।

यस्ता मार्गदर्शी दस्तावेजको आधारमा बाइबलले घोषणा गरेअनुसार नै भविष्य नराम्रो हुनेछ भन्ने त्यस सत्यलाई ग्रहण गर्नु उचित छ। अनि प्रत्येक वर्ष हाम्रा आँखाको अघि बाइबलका भविष्यवाणीहरू प्रत्यक्षरूपमा पूरा भएर गइरहेको हामीले देखिरहेछौं। वास्तवमा, बाइबल पढ्नु भोलि प्रकाशित हुने खबरकागज आजै पढ्नु जस्तो हो।

डा० विलभर स्मीथ जीवनभर बाइबलका अध्येयता थिए। जसले बाइबलमा वर्णित भविष्यवाणीलाई उजागर गर्ने काममा विशेष आनन्द प्राप्त गरे। येशू ख्रीष्ट विषय बाइबलको पुरानो नियमको भविष्यवाणीलाई धेरै तथाकथित भविष्यवाणीहरूसँग दाँजेर सत्यलाई धारण गरेको हौंक गर्ने ती अन्य गुरुहरूका शिक्षाप्रति डा० विलभर स्मीथले टिप्पणी गर्नुभयो– "महमदबाद सयौं वर्षअघि महमदको जन्म र आगमनबारे कुनै भविष्यवाणीको उल्लेख गर्न सक्षम छैन। नता कुनै धर्ममतका प्रतिष्ठाताहरूले तिनीहरूको अवतरण विषय पूर्वाभास दिने कुनै प्राचीन शास्त्रीय सन्दर्भ छ भनी चिन्हाउन सक्छन्।" अब हामीले ती तथाकथित झुटा 'भविष्यवाणीहरू'-ले स्वतः सिद्ध साबित हुन परमेश्वरीय प्रेरणा प्राप्त गर्न नसकेको सत्यलाई मानिलिनुपर्छ।

कम्प्युटरको सहायता लिएर चुनावको दिनहरूका

साक्षात्कारहरू, अनि ऐतिहासिक तथ्यांक समाचारका माध्यम र सूत्रहरूले चुनाव मतपेटी खोलिनअघिनै एक उम्मेदवारको विजयलाई निर्धारण गर्नसक्छ। सबै घटित कुराहरू तिनीहरूलाई प्राप्त भएको कारण समय अगावै जब उनीहरूले विजेतालाई 'घोषणा' गर्छन्; त्यसमा कुनै चासो पर्दो कुरो हुँदैन।

तथापि आजभन्दा बीस पचास वर्षअघिदेखि चुनावको धावामा दौडिरहेका उम्मेदवारहरूमध्ये कसले चुनाव जित्ला भनी कुनै पनि संवाददातालाई सोधी हेर्नुहोस्। उनलाई ती विजेताहरूका जन्मथलो, तिनीहरूको भविष्यका जीवनकार्य, अर्थात् तिनीहरूका मृत्युपर्यन्त प्रभाव पार्ने परिस्थितिहरू विषय पनि सोध्नुहोस् अझ बढ्ता पत्यारलाग्दा सूचना प्राप्त गर्न, अझोप्रान्त मध्यपूर्वमा (Middle east) १००० वर्षभित्रमा के घटनेछ; भनी संवाददातालाई सोधौं। उनलाई यो पनि सोधौं कि समयको त्यो लामो अवधिभित्र कुन कुन शहरहरू पूर्ण ध्वस्त भएर जानेछ?

निश्चय तपाईंले प्रत्येक पटक त्यस समाचार पत्रका संवाददाताको भविष्य कथनमा आफ्नै थपथाप गरिएका कुरोहरू नै बेसी छ भनी सहमति जनाउनुहुनेछ उनको भविष्यवाणीमा उनकै कुरालाई खारिज गर्ने अविश्वसनीय अन्तरहरू ठूलो रूपले फैलिएका छन् भनी तपाईंले मानिलिनुहुन्छ। त्यो निश्चित छ, यदि अनन्तका परमेश्वरले भविष्यमा हुन आउने कुराहरू विषय बताइदिए भने मात्रै त्यस विषयमा शुरुदेखि अन्तसम्म संवाददाताले सत्य कुरो जान्नसक्छ भनी हामी आशा गर्नसक्छौं। अनि ती विवरणहरू जुन हामीले संवाददातालाई सुझाव दिने हेतुले प्रस्तुत गर्‍यौं। लामो समयको अन्तरालमा

पवित्रशास्त्र बाइबलमा अत्याधिक जटिल विषयहरू सँगसँगै धेरै थोकहरूका भविष्यवाणी गरिएका छन्।

**प्राचीन टायर शहरको इतिहास, यस शहरमा परमेश्वरको भविष्य कथन अप्रत्याशित रूपमा पूरा हुनआएको एउटा अचम्मलाग्दो उदाहरण हो।** यस विषयमा यदि तपाईं इच्छुक हुनुहुन्छ भने। प्रथमत: इजिकेल २६अध्यायको ३ देखि २१पदहरूमा उल्लेख गरिएका भविष्यवाणी पढ्नुहोस् अनि इनसाइक्लोपिडिया ब्रेटेनिका (Encyclopedia Brittanica) अनि अरू इतिहासका दस्तावेजहरू पल्टाएर हेर्नुहोस्। दुवै विषयमा तपाईंले एउटै कथा पढिरहेको हुनुहुनेछ, पहिलो भविष्यवाणीको रूपमा; अनि दोस्रोचाहिँ इतिहासको रूपमा।

**भविष्यवाणी:** यो घटना घट्नअघि परमेश्वरले यस शहरको दु:खान्त भविष्यवाणी गर्नुभएको थियो। उहाँले भन्नुभयो — *हेर तिम्रो विरूद्धमा धुप्रै जातिहरूलाई उठाउनेछु अनि तिनीहरूले टायर शहरका पर्खालहरू ध्वस्त् पार्नेछन्। अनि यसका धरहरा ढाल्नेछन्।* अनि यहाँसम्म पनि कि यस शहरको मर्यादालाई विख्यात तुल्याउने विशेष भागलाई पनि ***पहाड़को टुप्पो जस्तै पार्नेछ*** भनी भविष्यवाणी गरिएको थियो। अर्थात् यसभन्दा पनि बढ्ता यसबारे भविष्यवाणी गरिएको थियो।... .... *तिनीहरूले यसका ढुंगा, माटो र काठहरू धुलो, पानीको बीचमा डुबाइदिनेछन्।* तर विश्वासपूर्ण यी भविष्यवाणीहरूको पूर्ण विवरण यहाँ यत्तिमै अन्त्य हुँदैन। परमेश्वरले प्राचीन टायर शहरबारे अझ यसो भन्नुभयो *तँ जालहारीहरूले आफ्नो जाल फिंजाउने ठाउँ हुनेछस्।* (इजेकिएल २६:३, ४, १२, १४)

**इतिहास** : जब तपाईं ऐतिहासिक दस्तावेजहरू पढ्नुहुन्छ। नबूकदनेसवर राजाले टायरको प्राचीन शहर (मुख्य भाग) ध्वस्त गरेको विषयलाई सत्य साबित भएको पाउनुहुनेछ। उसले भविष्यवाणीमा उल्लेख गरेजस्तै गरी त्यस शहरका पर्खालहरू र धरहराहरूलाई **सोँच्चै नष्ट** गरिदिए, अनि पछि सिकन्दर महान्का अभियन्ताहरू (Engineers)-ले यस टायर शहरका मुख्य स्थानलाई सफाई गरी यसलाई *'टुप्पो छिनिएको पहाड्'* जस्तै गरी सफाइ गरे।

टापुमा बाँध बाँध्नलाई शहरका ढुंगा र मैलाहरू समुद्रमा हालिदिए। यो कार्य भविष्यवाणी गरिइएमुताबिक नै पूर्ण हुनआयो। वास्तवमै ढुंगा-मुढाहरू र धुलो-माटो सोहोरेर ***पानीको मध्यभागमा*** डुबाइयो। ज्यू, आजसम्मै प्राचीन टायरका भग्नावशेषहरू समुद्रको पानीले छोपेर राखेका छन्। परमेश्वरले भन्नुभयो; यो घट्नेछ ; अनि यो घट्यो।

यद्यपि आज मध्यपूर्वमा टायर शहरको नामले जानिने एउटा प्रसिद्ध शहर छ। तर यो १२९१-मा पूर्णरूपले नष्ट गरिएको टायरको प्राचीन शहर होइन।

यदि तपाईं प्राचीन टायरको किनारमा घुम्नु जानुभएको छ भने; तपाईंले यी भविष्यवाणीहरूको एक अङ्ग पत्याउनै नसकिने पुराभवाईलाई देख्नुभएको छ। केही मछुवारेहरूका झोपडीहरू; एउटा सानो बस्तीमा झुरुप्पै भएका ससाना नाउहरू समुद्रमाथि तरंगित हुन्छन्; अनि **माछा मार्ने जालहरू नांगा चट्टानहरूमाथि सुकिरहेका छन्!** मानिसको बुद्धिले त्यस्तो विकासशील व्यापारिक प्राचीन शहर टायरको यस्तो अशुभ भविष्य विषय भविष्यवाणी गर्नसक्छ?

पिटर स्टोनरले प्राचीन टायर शहर विषय गरिएको सात भविष्यवाणीहरूलाई ऐतिहासिक दस्तावेजसँग दाँजेर हेरे। इजेकिएलका भविष्यवाणीहरू पूरा हुने क्रममा गणितकीय सम्भाव्यताको लेखाजोखापश्चात् उनले स्पष्ट गरे " यदि इजिकेलले उनको समयमा टायर शहरलाई देखेको थियो अनि यस शहरबारे उनले मानवीय मनअनुसार यी सात भविष्यवाणीहरू गरेको हुँदो हो ता यी सबैको आशय यी सबै कुराहरू सत्यमा परिणत हुनलाई ७,५०,००,०००-मा एक मौका हुनुपर्ने थियो। तिनीहरू सबै एक-एक गरी सत्य साबित भएर गए।

**अब हामी एक शिशुको जन्म विषयक एउटा भविष्यवाणीलाई जाँच गरौं।** मत्ती एक सेवानिवृत्त सरकारी महसुल उठाउने कर्मचारीले प्रभु येशू ख्रीष्ट जन्मँदा पुरा भएका धेरै महत्त्वपूर्ण भविष्यवाणीहरूमध्ये चार भविष्यवाणीको घोषणा गर्छ। ती भविष्यवाणीहरूमध्ये एउटा भविष्यवाणीमा मत्तीले अगमवक्ता मिकालाई उल्लेख गर्छ। मिका जसले उनको समयका झुटा शासकहरूका विरूद्ध सार्वजनिकरूपमा खारिज गर्न साहसिक आवाज बुलन्द गरेको थियो। भविष्यवक्ता मिकाको हृदय टुटेको थियो। किनकि उनी जीवित छँदा उनको देशलाई संचालन गर्नार्थ साँचो नेतृत्वको खाँचो परेको थियो। तर जब परमेश्वरले उनलाई एक शासक जन्मनेछ भनी देखाएपछि उनले एक उज्वल भविष्य देखे। अनि उनले यस आउँदै गरेका पथ-प्रदर्शकको सठीक जन्मस्थानसमेतलाई इंगित गरेका छन्।

*तर ए! बेतलेहेम एफ्राथा तँ जो यहूदाका हजारौंका*

*बीचमा सानो छस्; तँबाट मेरो निम्ति एकजना निस्किनेछ; जो चाहिँ इस्राएलका शासक हुनेछ। जसको शुरू अघिदेखि अर्थात् प्राचीनकालदेखि नै छ।* (मिका : ५:२)

परमेश्वरले इस्रायललाई चाहिने शासक बेतलेहेम एफ्राथामा जन्मनेछन् भनी प्रकाश गर्नुभयो।

मिकाले भविष्यवाणी गरेजस्तै गरेर येशू ख्रीष्ट उनको पैतृक शहर नाजरथमा जन्मनुभएको थिएन तर रोमन शासकको आदेश भएको हुँदा उनी बेथेलेहेममा जन्मनुभयो। त्यो कर असूल गरिँदै गरिएको समय पर्थ्यो अनि उनका आमा-बाले साम्राज्यको आदेशलाई पालन गरिरहेका थिए। यसैले तिनीहरूले बेथलेहेमतिर जानलाई आफ्ना घर छाड़ेका थिए। जोर्डनका थुप्रै शहरहरूमध्ये एक सानो शहर बेथलेहेममा कसैले पनि एक शासकलाई प्रतीक्षा गर्ने थिएनन्। उनको जन्म तथ्यांकलाई लिएर पत्याइनसक्ने अनौठापनहरू छन्। तापनि मिका भविष्यवक्ताले घोषणा गरेजस्तै यो भविष्यवाणी पूरा भएरै छोड्यो। प्रभु येशू ख्रीष्टको जीवन विषय गरिएका सयौं यस्ता अक्षरस अचम्मका भविष्यवाणीहरूमध्ये यो एक हो।

परमेश्वरले स्पष्ट गरेको हामी पढ्छौं *म आदिदेखि अन्तसम्मको र प्राचीन समयदेखि अहिलेसम्म नभएका कुराहरू यसो भनेर घोषणा गर्छु। मेरो अभिप्राय म स्थापित गर्नेछु र म मेरा सबै इच्छाहरू पूर्ण गर्नेछु (यशैया ४६:१०)*

पुन:*मैले प्राचीन समयको शुरूदेखिका कुराहरू बताइदिएको छु; ती मेरा मुखबाट निस्के र मैले ती देखाइदिएँ। मैले झट्टै ती गरे र ती सबै यस्तै हुनआयो। यसैकारण मैले यो तँलाई प्राचीन समयदेखि बताइदिए त्यो हुनआउनअघिनै मैले*

*यो तँलाई देखाएँ।* (यशैया ४८:३,५)

इतिहासले यी भविष्यवाणीहरू परमेश्वरले दिएका अनि बाइबलमा उल्लेख गरिएका अनि शतप्रतिशत सत्यताको पक्षमा रहेको प्रमाणित गरेको छ।

## बाइबलको सामर्थी प्रभाव

दोस्रो प्रमाणचाहिँ बाइबल परमेश्वरको प्रभावशाली वचन हो; जुनकुरो काममा आएको छ। जब जब बाइबललाई पढियो र जहाँजहाँ यसलाई विश्वास गरियो; बाइबलको सुसमाचारले सामाजिक, सांस्कृतिक र व्यक्तिगततौरमा मानव जातिको मर्यादालाई बढ़ाएको छ।

यस संशोधित पुस्तक छपाइको निम्ति लानुभन्दा केही समयअघि एक नौलो मित्र हाम्रो घरमा आउनुभएको थियो। हामी दुवैले पुस्तकको पाण्डुलिपिमाथि समीक्षा गर्‍यौं। आफ्नो आवेश जाहेर गर्न मात्रै होइन तर साँच्चै उनका आँखाहरू हर्षाश्रुले भरिएका थिए। त्यहाँ हामीले परमेश्वरको प्रेम विषय पढ़िरहेका थियौं, हामी दुइपटक उहाँप्रतिका प्रार्थना र प्रशंसामा दण्डवत् गरी झुक्यौं। परमेश्वरलाई उहाँको धीरजको निम्ति हामीले मिलेर धन्यवाद चढ़ायौं अनि हाम्रो मूल्यहीन जीवनप्रति उहाँको करूणामय प्रेमका सबै चिन्हहरूका निम्ति पनि। किनकि हामीले जीवित परमेश्वरको स्पन्दनशील एवं जीवनदायक उपस्थिति महसुस गर्‍यौं। त्यसक्षण हामी अति आनन्दित भएका थियौं।

मेरो साथीको निम्ति त्यो दिन महत्त्वपूर्ण ठहरिएको थियो। ठीक एक वर्षअघि उनी एक शानदार सुसज्जित कोठामा

बसिरहेको थियो। त्यो कोठा बस्नलाई साँच्चै मर्यादापूर्ण थिए। त्यही कोठामा अहिले हाम्रो भेट भयो।

तर त्यस समय उनको वरिपरि फैलिएको कोठाको सुन्दरताले उनलाई कुनै खुशी दिनसकेको थिएन। वास्तवमा, उनीभित्र उब्जेका निराशाको कारण उनलाई जिउने इच्छा नै थिएन। व्यक्तिगत खुशी खोज्ने उनको प्रचेष्टामा उनले आफ्नो मानवीय स्वभावमा पशुत्वले भरिएका कुचाहनाहरूलाई डालेका थिए। धेरै वर्षसम्म कोकिन खाने कुलतले उनको भाग्य खोसेर लगेको थियो। यसर्थ उनी नराम्रो परिस्थितिको उतार–चढ़ावमा धकेलिएका थिए। ब्रान्डी र ह्विस्की उनको दैनिक खाद्य सेवनको अंश थिए। यूरोप र संसारभरिका धनीभन्दा धनीहरूसँग उनले मोजमस्ती गरेको थियो। तर त्यो रात उनी एक्लो थियो। अब उनको एक्लोपनमा उनको मानसले नैराश्य उब्जायो। उनले संसारलाई आतंकित पारेर छोड्ने एक उच्छृण्ड व्यक्तिको रूपमा आफूलाई सामर्थी तुल्याउन चाएको थियो; यो सोच्दा उनको नैराश्य अझ गहिरिएर गयो। किनकि अब उनको निम्ति कुनै उपाय नै थिएन।

उग्र विचारले उत्तेजित भएर उनले जोरनाले बन्दुकमा गोली भऱ्यो। र आफ्नो पुरपुरोमा ताकेर ट्रेगर आफूतिर खिँच्यो। "विस्मृतिदेखि मात्र १/८ इन्च परबाट" उसले सोच्यो। "तब सँधैलाई मेरा पीरहरूको अन्त्य हुनेछ।" त्यो दोस्रो भर्जिँएको क्षण अचानक (यो घटना कसरी घट्यो, भनी आज मेरो साथीलाई थाह छैन) दूरदर्शनको कार्यक्रम बद्लियो। उसले स्वयंलाई बाइबलको आशावादी भविष्यले भरिएको सुसमाचार सुनिरहेको पायो त्यस क्षण ऊ कोठामा नितान्त एक्लो थियो।

जब मध्य रातको अँध्यारो पहर खस्यो उनले जीवित परमेश्वरको सम्मुख क्षमा र अनुग्रहको भिक्षा माग्न भूईंमा घुँडा टेक्यो।

परमेश्वरको सामर्थ्यले मेरो साथीको जीवन साँच्चै बदलिएको थियो। मेरोअघि बसेका व्यक्तिको जीवन-शैलीले यस घटनासँग केही मात्रामा एउटै अर्थ राख्ने हुनाले मैले संक्षेपमा बयान गरे। उनको जन्म हुनभन्दाअघिनै उनका अभिभावकहरूले प्रार्थना गरिदिएका थिए। एक जवान मानिसको हैसियतमा उनले बाइबल अध्ययन गरेको थियो। तथापि उनले यस पवित्र पुस्तकको सुसमाचारलाई गम्भीरतापुर्वक लिनमानेनन्। उनको ऐश्वर्य र वैभवले भरिएको संसारमा परमेश्वरको विरूद्ध उनले विद्रोह गरे अनि विश्वासै गर्न नसकिने खालका अनैतिक अवस्थामा मनपरी गरिहिँड्का थिए।

उनले परमेश्वरलाई प्राप्त गरेको सत्र वर्ष अघिको त्यो अविस्मरणीय रात। मेरो साथीले एउटा सुन्दर छालाले मोहोरेको पुस्तक (दैनिकी Diary) किनेको थियो। यस पुस्तकमा अलिखित पानाहरू थिए। त्यस दिनदेखिउसो उनको जीवनमा घटने महत्वपूर्ण घटनाहरूलाई यसमा लेखिराख्ने उनको उद्देश्य थियो। तथापि खर्चालु एवं उड्नो जियाइको सत्रह वर्षहरूले उनलाई यस डायरीमा कुनै नयाँ कुरो दर्ता गर्ने योग्यता प्रदान गरेन।

वास्तविक सत्यचाहिँ यो हो; कि मेरो साथी ती सबै वर्षहरूभरि जिउँदो परमेश्वरदेखि विमुखिएको हुँदा उनले एक अनौठो अशान्तिले पिरोलिएको मिथ्या आत्मिक-यात्रा मात्रै गरे। उनको त्यो जीवन दैनिक राशीफल हेर्ने, रक म्यूजिक

(Rock Music) र कार्यक्रमको अम्मली रूचिबाट शुरू भएको थियो। अनि तुरून्तैपछि उनी भूतप्रेत मात्रे विश्वासमा जाकिनपुग्यो। अनि पछि योगा सिक्ने उनको मोहले उनलाई हिन्दु-दर्शनको गहिरो अध्ययनतिर झुकायो। अन्त्यमा चाहिँ पूर्वीय गुप्तज्ञानवादतिर झुकायो। ती वर्षहरूभित्र उनले अनुभव गरेका विषयहरूले उनको धुवाँसे रंगको छालाले मोहोरेको किताब (Diary) मा कुनै असल कुरो दर्ता गर्नार्थ एउटै पनि उपाय निकालिदिएन। त्यस किताबका (Diary) पानाहरू उनले प्रभुलाई प्राप्त गरेको त्यो अविस्मरणीय रात नआउन्ज्येलसम्म रित्तोपनको पीड़ासँगै अलिखित र सेतो भइ त्यसै रित्तै पड़िरहेका थिए।

त्यस रात मेरो साथीले त्यो अलिखित किताबमा (Diary) पहिलो दर्तालाई अन्तर्भुक्त गऱ्यो। जब मैले उनले लेखेको टिप्पणी पढ़ें। मलाई आनन्द लाग्यो। त्यो उनले लेखेको टिप्पणीचाहिँ प्रेमी परमेश्वरद्वारा बचाइएको एक असहाय मान्छेको पवित्र र आत्मिक बयान थियो। वास्तवमै त्यो टिप्पणी सुन्दर थियो। महान् अनुग्रहमा, परमेश्वरले उनको सत्यता र प्रेमको उज्यालोद्वारा उनलाई आत्मिक अन्धापन, निराशा र मृत्युबाट उद्धार गर्नुभएको थियो।

मान्छेमा भएको आत्मिक अन्धोलताको कारणले यस्तो हुनजान्छ —जस्तै मेरो साथीको त्यो आत्मिक अन्धोपन! परमेश्वरले एउटा पुस्तकमा स्वयंलाई प्रकट गर्नुभएको छ जसलाई बाइबल भनिन्छ। यदि तपाईंले बाइबललाई एक मात्र आत्मिक मार्गदर्शकको रूपमा पढ्नु पल्टाऊनुभयो भने तपाईंले स्वयंलाई भ्रम र भूलहरूभित्र आफैंलाई बन्द भई

बस्नुदेखि बचाउनुहुनेछ। परमेश्वरप्रतिको तपाईंको खोजीअनुसार एक सिक्ने चाहनाभरि मनस्थिति लिएर तपाईंले बाइबल पढ्नुभयो भने तपाईंले स्वयंलाई चाहिने सबै आत्मिक ज्योति र निर्देशन यसले समावेश गरेको पाउनुहुनेछ।

परमेश्वरको वचनद्वारा मात्रै हामी परमेश्वरको विषयमा एक स्वच्छ बुद्धि प्राप्त गर्छौं; जस्तो उहाँले स्वयंलाई परिचय गराउनुभएको छ। यो पुस्तकअनुसार हामी सत्यतासँग, परमेश्वरको वचनसँग संसारको ज्योतिसँग परिचित हुनेछौं।

**प्रभु, तपाईंको वचन रहिरहनेछ**
**अनि हाम्रा पाइलाहरूलाई यसले रक्षा गर्नेछ**
**जसले यसमा भएको सत्यतालाई विश्वास गर्छ**
**उसले ज्योति र आनन्द प्राप्त गर्नेछ।**

## एक क्षण विचार गरौं

१. हुनआउने घट्नाहरूबारेका भविष्यवाणी र ती घट्नाहरूका सत्यतामाथि सुस्पष्ट बताउनसक्ने बाइबल जस्तो अर्को कुनै पवित्र धर्मशास्त्र छ?
२. बाइबलका सुसमाचारलाई राम्ररी ध्यान दिएपछि ख्रीष्टमा तिनीहरूका जीवन बदलिएका मानिसहरूलाई तपाईं व्यक्तिगतरूपमा चिन्नुहुन्छ?
३. कुनै समय तपाईंले बाइबलका अनुपम शिक्षाहरूलाई तुच्छ ठान्नुभएको छ साथै त्यसैसमय एक स्वच्छ मन लिएर यसलाई पढ्ने अभिरूचि राख्नुभएको छैन?

स्वर्ग र पृथ्वीका समस्याहरू एकैसाथ मिलेर तत्क्षणै खड़ा भए तापनि, उहाँ हुनुहुन्छ; उहाँ कस्तो हुनुहुन्छ; अनि सचेत प्राणीको हैसियतले हामीले उहाँको निम्ति के गर्नुपर्छ भन्ने परमेश्वरको विरोधै गर्न नसकिने रहस्यसँग अरू कुनै कुरोलाई तुलना गर्नसकिन्दैन।

ए० डब्लू० टोजर

# परमेश्वर कस्तो हुनुहुन्छ?

"परमेश्वर कस्तो हुनुहुन्छ?" भनेर जीवनमा प्राय: मानिसहरूले आफ्ना जिज्ञासा व्यक्त गरेका छन्। परमेश्वरले यस प्रश्नको उत्तर दिइसक्नुभएको छ। तथापि बाइबलमा परमेश्वरले स्वयंलाई परिचय गराउनुभएको छ भनी त्यस सत्यतालाई पढ्नेहरूभन्दा तिनीहरूका आफ्नै कल्पना र अनुसन्धानमाथि भरोसा पर्ने मानिसहरू नै अझ धेरै छन्।

यस प्रकारका मानिसहरूले बाइबलको एक अत्यावश्यकीय वचनलाई सौंच्चै उल्टो पारीदिन्छन्। जस्तो कि परमेश्वरले भन्नुभयो: ***मान्छेलाई हामी आफ्नै स्वरूपमा बनाऔं*** (उत्पत्ति १:२६) तर तिनीहरू भन्छन् "परमेश्वरलाई हामी आफ्नै स्वरूपमा बनाऔं" अनि यसरी तिनीहरूले अनन्त जीवित परमेश्वरका ***महिमालाई विनाश हुने मानिस, चरा-चुरुङ्गीहरू चारखुट्टे जनावरहरू, घस्रिने जन्तुहरूको मूर्तिको रूपमा परिवर्तन गरे*** (रोमी १:२३) मान्छेद्वारा धारण गरिएको 'ईश्वर' सम्पूर्णरूपले क्षमताहीन छ; अनि त्यो कहिलेकाहीं हाँसउठ्दो पनि भइरहेको छ।

एक व्यक्ति जतिकै चतुर किन नहोस्; तापनि उसको सांसारिक बुद्धिले जीवित परमेश्वरलाई कहिले पनि भेट्टाउन

सक्दैन। ***संसारले परमेश्वरलाई बुद्धिद्वारा चिन्न सकेन।*** (कोरिन्थी १:२१) यदि परमेश्वरलाई मानिसको चतुर्‍याईंद्वारा प्राप्त गर्न सकिँदो हो ता, उहाँ परमेश्वर हुनु; उहाँ अतिसानो हुनुपर्ने थियो।यत्ति मात्रै होइन, यदि मानवको चतुर्‍याईं परमेश्वर खोज्न आवश्यक हुँदो हो ता ती चतुर प्रवृत्ति नभएका सोझा मानिसहरू परमेश्वरप्रतिको तिनीहरूका खोजमा बेकामे हुनेथिए। तर मान्छेको चतुर्‍याईं आवश्यक विषय होइन।

तर यसको विपरित परमेश्वरले प्रत्येक मान्छेलाई **आत्मिक-ज्ञान** दिनुभएको छ। जस्तो प्रकारले यो आत्मिक -ज्ञान एक असभ्य अफ्रिकेली नारीको निम्ति उपलब्ध छ; त्यही प्रकारले एक विश्वविद्यालयको प्राध्यापकका निम्ति पनि एक समान छ। किनकि आत्मिक-ज्ञान कुनै शैक्षिक प्रणालीद्वारा प्राप्त हुन सक्दैन।परमेश्वरलाई चिन्नलाई उहाँबाटनै सहायता लिनुपर्छ भनी तिनीहरूलाई परेको खाँचोलाई चिन्ने ती सबै नम्र मानिसहरूलाई यो आत्मिक-ज्ञान उपलब्ध छ। ***यदि तिमीहरूमध्ये कसैलाई ज्ञानको खाँचो छ भने उसले परमेश्वरलाई मागोस्; जसले सबै मानिसहरूलाई मन खोलेर दिनुहुनेछ।*** (याकोब १:५) यस प्रकारको ज्ञान सांसारिक होइन स्वर्गीय ज्ञान हो। संसारका ज्ञानीहरूका ज्ञानचाहिँ यस्तो हो ***जसलाई यस संसारका शासकहरूमध्ये कुनैले पनि जान्नसकेन किनकि,जानेका हुँदा हुन् ता तिनीहरूले महिमाका प्रभुलाई क्रूसमा टाँग्ने थिएनन् .... संसारका आत्माले होइन तर परमेश्वरप्रतिको आत्माले हामीलाई परमेश्वरद्वारा प्रशस्त मात्रामा दिइएको ज्ञानले हामी कुराहरू बुझ्न सक्नेछौं।*** (१ कोरिन्थी २:८, १२) बाइबल एउटा साधारण धार्मिक शोध-पत्र होइन। प्रथमत: यो परमेश्वरले स्वयंलाई मानिससँग कसरी परिचय

गराउनुभयो भन्ने दस्तावेज हो। अनि परमेश्वर को हुनुहुन्छ अनि उहाँले तपाईंको जीवनमा के गर्नुचाहनुहुन्छ भन्ने विषयलाई बुझ्नु परमेश्वरले मात्रै तपाईंलाई त्यो आत्मिक समझ दिनुहुनेछ। **यदि तपाईं चाहनुहुन्छ भने परमेश्वरलाई बिन्ती गर्नुहोस्। उहाँले उहाँका पवित्र वचनद्वारा तपाईंको निम्ति आफैलाई प्रकट गर्नुहुनेछ।**

यात्रा गर्दै जाँदा धेरै नौला स्थानहरूमा कतिपय व्यक्तिहरूलाई मन नपर्दो र उपेक्षित लागेका जातिहरूका माझमा हामीले आत्मिक अभिरूचि र अन्तरदृष्टिहरू भएको पाउनसक्यौं। उदाहरणको निम्ति– हामीले एकदिन केन्याको एक झाडिलो स्थानमा अफ्रिकेली केटाहरूका एउटा झुण्डलाई भेट्यौं। हामीले आपसमा बातचीत गर्‍यौं। परमेश्वरलाई चिन्ने कुराहरूका चासोमा अनि त्यही विश्वासको आदान–प्रदान गर्नमा नै तिनीहरू अधिक इच्छुक रहेको देखिन्थ्यो।

एक अस्तव्यस्त दिनलाई समाप्त गर्दै; ढल्कँदै गरेको घाम छिट्टै क्षितिज तलमा डुबिसकेको थियो। अतः केहीक्षण विश्राम गर्नार्थ म केन्याको एउटा धुलोले भरिएको चउरछेउ एउटा ढिस्कनोमा बसें। त्यहाँ मैले पोथ्राको छेउमा केही पदचापको सरसराहट सुनें। पूर्णिमाको फिका किरणतिर हेर्नलाई म फनक्क घुमें; त्यो वास्तवमा एक अफ्रिकेली ठिटोको ठूल्ठूलो कालो आँखामा प्रतिबिम्बित भएको थियो। त्यसैक्षण त्यो दशवर्षे ठिटो मेरो छेउ थुम्कामा टुकमुक्क बसिरहेको थियो। हामी छिटै परिचित मित्रहरू सरह एकअर्कासँग नजिकियौं। अन्य केटाहरूले हामी बोलेको सुनेछ अनि हामीले कुन विषयमा बात गरिरहेछौं भनी सुन्नलाई तिनीहरू हामीकहाँ आउन

इच्छुक भए। बाइबल विषय तिनीहरूले प्राप्त गरेका ज्ञानले मलाई गहिरोरूपले प्रभाव पाऱ्यो।

"किन परमेश्वरले मोशालाई आफ्नो अनुहार हेर्न दिएनन् ?" त्यो सानो केटा साथीले मलाई सोध्यो। यस प्रकारको प्रश्नद्वारा आकर्षित भएर परमेश्वरले मोशालाई ***तिमीले मेरो पछिल्लो भाग देख्नसक्नेछौं तर मेरो अनुहार देख्नेछैनौ*** (प्रस्थान ३३:२३) भन्नभन्दाअघि मोशाले परमेश्वरप्रति गरेको बिन्तीलाई स्मरण गर्नसक्छौ कि ? भनी उल्टो प्रश्न गर्दै मैले ठिटो जुवेललाई उसको प्रत्युत्तर दिएँ। मोशाले परमेश्वरअघि गरेको त्यस प्रार्थनालाई उसले स्मरण गर्नसकेन।

"त्यसो हो भने म तिमीलाई बताउँ" मैले भन्दैगए "मोशाले यसरी प्रार्थना गरेको थियो"– ***म तपाईंलाई बिन्ती गर्छु मलाई तपाईंको महिमा देखाउनुहोस्।*** (प्रस्थान ३३:१८) अर्को शब्दमा प्रभु हो भने तपाईं कस्तो हुनुहुन्छ स्वयंलाई प्रकट गर्नुहोस् भनी परमेश्वरलाई उनले बिन्ती गरेका थिए। तथापि यस प्रश्नले एउटा समस्या उब्जाएको परमेश्वरले बुझ्नुभयो किनकि परमेश्वरका महिमा मोशाले बुझ्न र जान्नसक्ने कुनै पनि विषयभन्दा अतिउच्च र कठिन विषय थियो। उहाँको चम्कँदो महिमा, परमेश्वरले जाग्रत गराउनुभएको उहाँको पवित्रता र ज्योति अतिनै धपधप बल्दा-जल्दा छन्। यसैले परमेश्वरले चेतावनी दिनुभयो ***कसैले मेरो अनुहार हेरेर बाँच्नसक्तैन।*** (प्रस्थान ३३:२०) परमेश्वरका महिमा हेर्नु कति भयानक कुरो हो र यसले मानिसलाई कसरी धुलो-पिठो पार्नेछ भनी मोशाले जान्नसकेन। तथापि परमेश्वर स्वयंलाई प्रकट गर्नुहुने परमेश्वर हुनुहुन्छ अनि उहाँले मानिसलाई आफ्नो

नजिक खिच्न चाहनुहुन्छ।भविष्यवक्ता मोशाले जति मात्रामा सहन गर्नसक्थ्यो त्यत्तिनै मात्रामा परमेश्वरले स्वयंलाई तिनको अघि प्रकट गरेर देखाउनुभयो। यदि परमेश्वरले स्वयंलाई विकरालरूपमा प्रकट गर्नुभएको भए मोशा निश्चय उहाँको उपस्थितिको प्रखरताले जलेर खरानी हुने थियो। यसकारण परमेश्वरले आफ्नो महिमाको सम्पूर्णतालाई मोशाको दृष्टिदेखि लुकाउनुभयो। जब परमेश्वर मोशा भएको स्थानबाटभएर जाँदा पनि उहाँले **चट्टानको कापमा** (प्रस्थान ३३:२३) मोशालाई ओत दिनुपरेको थियो।

जमीनको क्षैतिजतलमा बसेकोले मध्य दिनको घामको तेज ज्योतितिर हेर्न आँखालाई कुनै ओत नदिई सोझै एक टकलाई हेर्न सकिँदैन भनी मेरा युवा मित्रहरूलाई थाह थियो। रातका अँध्यारोमा जलिरहेको ज्योतितिर मोथ पुतलीहरू आकर्षित भएको पनि तिनीहरूलाई थाह थियो।यदि ती पुतलीहरू आकर्षित भई बत्तीको नजिक गयो भने के नतिजा होला, मैले सोधें। तिनीहरू सबैका प्रत्युत्तर यस्तो थियो "ती पुतलीहरू मर्नेछन्" तिनीहरू ज्योतिको अत्याधिक प्रखरताले उब्जाउने खतराप्रति सचेत थिए।

तिनीहरूले गरेका प्रश्नको समाधान होस् भन्दानी मैले एउटा अर्को उदाहरण प्रस्तुत गर्ने कोशिष गरे। मेरा साथीहरू सबैले तिनीहरूका शिशु भाइ-बहिनीहरूलाई गुटुमुटु पार्ने आमाको हृदयको ममता र न्यानो स्याहारसुसारको निम्ति नजीक खिच्ने थाङना भोकोटो कम्बल (Swaddling bands) के रहेछ भनी बुझ्नसक्यो। त्यसपश्चात् परमेश्वरले यस जगलाई यस्तै ओढ्नी कम्बल (***Swaddling bands***) (अय्युब ३८:९)

द्वारा लपेट्नुभएको छ भनी मैले त्यस बाक्लो कम्बल (Swaddlingband) विषय तिनीहरूलाई खुलस्त गरिदिएँ। [वैज्ञानिकहरू यसलाई ओजोन लेयर (Ozone Layer) अथवा प्राणवायु भन्छन्। यसले आकाशमा घामबाट उत्पन्न हुने हानिकारक (Ultraviolet Rays) बैजनी किरणहरूलाई सम्मिलित गरेर भौतिक गुणमा रूपान्तरित प्राणवायुको कम्बल बिछ्याउँछ। घाम नहुँदो हो ता यस संसारमा जीवन सम्भव हुने थिएन; तर परमेश्वरका करूणामय होशियारीले घामको उत्ताप र यसका क्यान्सर उत्पन्न गराउने एक सर्वाधिक मात्रादेखि बचाई हामीलाई ओत दिएर राखेको छ।]

हामीलाई घामको भयानक जलनदेखि परमेश्वरको यस थाङ्ना भोकोटो कम्बल (Swaddlingbands = Ozone Layer) ले बचाउँछ भनी मैले साधारण भाषामा व्याख्या गरेको विषयमा मेरा साना साथीहरू विशेषरूपले इच्छुक देखिन्थ्यो। म जान्दिनँ; मैले भनेका ती सबै थोकहरू उनीहरूले बुझे-बुझेनन् तर तिनीहरूका कोमल मनहरूले सहृदय परमेश्वरको प्रेम र महिमालाई आदर प्रदान गर्‍यो; अनि सम्मिलिततौरमा प्रार्थना गर्न हामीले सुन्दर बहुमूल्य समय पायौं। तिनीहरूले वास्तविकरूपमै अनि आ-आफ्ना समझशक्तिअनुसार बुझ्नसके। त्यस्तै छत्रछाया (Swaddlingbands) मोशाले परमेश्वरलाई खोज्ने काममा प्राप्त गरेको थियो।

**उहाँ कस्तो हुनुहुन्छ भन्ने सन्दर्भमा हामीलाई सम्पूर्ण समझ प्रदान गर्न बाइबलमा परमेश्वरले उहाँका नामहरू बताउनुभएको छ।** परमेश्वरका वचन बाइबलमा नामहरूलाई

सधैं मुख्यता प्रदान गरिएको छ। किनकि नामद्वारानै त्यस नामधारीका चारित्रिक विशेषताहरूका मुख्य भावहरू प्रकाश गरिन्छ। परमेश्वरका निम्ति प्रयोग गरिएको नामको अत्याधिक सत्यरूपमै गहिरो अर्थ छ अनि यसले उहाँको परमेश्वरत्वको एकमात्र सत्यतालाई उजागर गर्छ।

पुरानो नियममा परमेश्वरका तीन मुख्य नामहरू प्रयोग गरिएका छन् – यहोवा, इलोहिम र एडोनी यी प्रत्येक नामले छुट्टै महत्त्व राख्दछ। इलोहिम प्रथम प्रयुक्त नाम हो; अनि यो नाम दुइहजारपटक उल्लेख गरिएको छ। यद्यपि यहोवा नामचाहिँ सर्वोच्च हो। वास्तवमा उहाँको नाममा एक महत्त्वपूर्ण अर्थ पाइन्छ। 'इलोहिम' नामको अर्थ परमेश्वरले हामीलाई त्याग्नु चाहनुहुन्न भन्ने हो। यसको आशय के हुनसक्छ?

यदि हामीले अंग्रेजी भाषामा एकभन्दा बढ्‌ताबारे बात गर्न चाह्यौं भने हामी बहुवचनमा बोल्छौं। अनि यदि हामीले केवल एउटैलाई मात्र उल्लेख गर्नपर्‍यो भने एकवचन प्रयोग गर्छौं। तर दुइवटालाई अनि बहुवचनलाई अनि दुइभन्दा बढ्‌तालाई उल्लेख गर्न हिब्रू भाषा धेरै नियम उपयोगी छ अत:यस भाषामा  दुवै प्रयोग गर्नसकिने हुनाले एउटै व्यक्ति-अथवा वस्तु मात्रै होइन तर धेरै बुझ्न सकिन्छ। बाइबलमा उल्लेखित प्रथम नाममा दुइजनाको अनि बहुवचन माझ ( 'दुइ' अनि 'दुइभन्दा बढ्‌ता' माझ) भएको भिन्नताचाहिँ अति महत्त्वपूर्ण छ; जुन परमेश्वरका निम्ति ..... 'इलोहिम' नाममा प्रयोग गरिएको छ।

इलोहिम एकवचन होइन नता यसले दुइजनाको भन्ने अर्थ नै बुझाउँछ। जसले हिब्रू भाषा जान्दछ उसले यो बहुवचन

हो; जुनचाहिँ दुइभन्दा बढ्ता हो भनी हामीलाई बताइदिनसक्छ। तर त्यहीक्षण इलोहिम अरू साना नामहरूका एक मिश्रित नाम हो। यसैकारण बाइबलमा परमेश्वर विषय अर्को बयानलाई जोड् दिएको पाइन्छ — ***हाम्रा प्रभु, परमेश्वरचाहिँ एक प्रभु हुनुहुन्छ।*** (व्यवस्था ६:४)

अत: मानिस समक्ष परमेश्वरले स्वयंलाई परिचय गराउनुभएको बाइबलको प्रथम पंक्तिमै हामीलाई परमेश्वरका त्रीएकत्व अनि एकत्रीय धारणासँग परिचय गराउनुभएको छ। ***आदिमा परमेश्वर(इलोहिम) ले आकाश अनि पृथ्वी बनाउनु भयो।*** परमेश्वरका यी तीन संयुक्ततालाई कहिले काहीँ त्रीय, पिता, पुत्र अनि पवित्र आत्मा भनी सम्बोधन गरिएको छ।

परमेश्वरका यो प्रथम त्री–ऐक्यत्वको संकेतपछि हामी केही अरू वाक्यांशहरू पढ्छौं अनि मान्छेको उत्पत्तिको सन्दर्भमा ध्यान दिनेछौं। यहाँ परमेश्वरको त्रीएकत्वको धारणा विषयमा एक निश्चितढंगले जोड् दिइएकोपाइन्छ। ***अनि परमेश्वरले भन्नुभयो हामी मान्छेलाई हाम्रै स्वरूपमा अनि हाम्रै प्रतिरूपमा बनाऔं।*** (उत्पत्ति १:२७) कसैले पनि अंग्रेजी भाषामा प्रयुक्त ती दुइशब्द 'हामी' र 'हाम्रो' बहुवचन होइन भनी भूल गर्नसक्तैन तर तुरुन्तै पछिल्लो वाक्यले भन्छ : ***उहाँले नर र नारी गरी तिनीहरूलाई सृष्टि गर्नुभयो।*** (उत्पत्ति १:२७) यो पुन: स्पष्ट छ 'उहाँ' चाहिँ एकमात्र व्यक्ति हो। अत: हामी 'एक' अनि 'एकभन्दा बढ्ता' को विषयमा पढ्छौं। तथापि प्रत्येक सन्दर्भ परमेश्वरसँग सम्बन्धित छ।

जो अगावै 'इलोहिम'–को रूपमा परिचित भइसकेको छ। एक परमेश्वर हाम्रो सांसारिक समझ क्षमताले बुझ्नसक्ने

कुराहरूभन्दा धेरै टाढ़ोको विषय हुनुहुन्छ। त्यसकारण परमेश्वरले *हामीले यस संसारको आत्मालाई होइन, तर परमेश्वरबाटका आत्मालाई पाएका छौं, परमेश्वरबाट हामीलाई सित्तैमा दिइएका कुराहरू जान्न सकौं भनेर* (१ कुरिन्थी २:१२) परमेश्वर कस्तो हुनुहुन्छ भन्ने यी प्रथम संकेतहरूद्वारा उहाँले क्रमशः उहाँको रहस्यपूर्ण त्रीएकत्व अनि अनन्त महिमाबारे अधिकरूपमा प्रकट गर्नुहुन्छ। तपाईंप्रति परमेश्वरीय प्रेमका चौड़ाइ, गहिराइ अनि ऊँचाइलाई अझ बढ्ता प्रशंसा गर्नार्थ यी तीन-एकमा; अनि एक-तीनमा रहेका परमेश्वरीय अवधारणाले तपाईंलाई पछि सहायता पुऱ्याउनेछ।

उहाँको प्रेमको महानता बुझ्न तपाईंलाई सहयोग पुऱ्याउन परमेश्वरले बाइबलको सम्पूर्ण रहल सन्दर्भहरूमा स्वयंलाई सविस्तारपूर्वक प्रकट गर्नुहुनेछ। जुन विषयले हामीलाई त्यहाँ परमेश्वर पितासँग, तत्क्षणनै परमेश्वर-पुत्र अनि तत्क्षणनै परमेश्वर पवित्र आत्माको रूपमा परिचय गराउनुहुनेछ। यद्यपि उहाँले स्वयंलाई एकमात्र अनि सनातनका परमेश्वरकारूपमा प्रकट गर्नुहुन्छ। हाम्रा मानवीय मस्तिष्कले यस्तो अवधारणाको छेउका झुम्काहरूलाई मात्रै पक्रनसक्छ। किनकि जीवित परमेश्वर समक्ष पुग्न, उहाँलाई खोजी गर्न मान्छेको बलबुतामा छैन। स्वयंलाई मानिस समक्ष प्रकट गर्न परमेश्वरले कदम उठाउनुभयो र आफ्नो परिचय दिनुभएको छ।

**मोशाको आँखाबाट परमेश्वरको महिमाको पूर्णप्रकाश अनि पवित्रता गोप्य रहनुपर्ने थियो। तर परमेश्वर-पुत्रको व्यक्तिमा मान्छेले जति मात्रामा सहन गर्नसक्थ्यो, त्यत्तिनै मात्रामा इलोहिम (परमेश्वर)-ले स्वयंलाई मान्छे जातिप्रति**

प्रकट गर्नुभएको छ। त्यसैकारण हामी नयाँ नियममा पढ्न पाउँछौं : *अन्धकारबाट ज्योति चम्कोस् भनी आज्ञा गर्नुहुने परमेश्वर नै येशू ख्रीष्टको चेहरामा परमेश्वरको महिमाको ज्ञानको ज्योति दिनलाई हाम्रा हृदयहरूमा चम्कनुभएको छ।* (२ कुरिन्थी ४:६) यसो सोची हेरौं, जब यूहन्नाले येशू ख्रीष्टको चेहरालाई निहारे; उनले यो कुरो प्रकट गरयो; *हामीले पिताका एकमात्र जन्माइएका पुत्रको महिमाजस्तो उहाँको महिमा देख्यौं।* (यूहन्ना १:१४)

त्यसपश्चात् यूहन्नाले परमेश्वरसँगको उनको मैत्रिक मिलनलाई उल्लेख गरेकाछन् किनकि उनले येशू ख्रीष्टको स्वरूपमा परमेश्वरलाई भेटेका थिए। जीवनभर यही कथाको बयान गर्न उनी बाँचे! र अनन्तका परमेश्वरसँग उनको मैत्रिक भेट भएको कुरो उनले सुस्पष्ट पारे। अनि यो भेटचाहिँ सुन्नसकिने, देख्नसकिने र स्पर्श गर्नसकिने थियो *टडकारै सुनिने उहाँसँगको भेट जो शुरूदेखिनै हुनुहुन्थ्यो, छर्लङ्ग देख्नसकिने उहाँसँगको भेट जसलाई हामीले सुनेका छौं छुनसकिने उहाँसँगको शारीरिक भेट जसलाई हामीले हाम्रै आँखाले देखेका छौं जसलाई हामीले नियालेर हेरेका छौं हाम्रा हातहरूले समातेका छन्।* (१ यूहन्ना १:१)

यूहन्नाको यो गवाही व्यक्तिगत भावनाले प्रभावित एक धर्मदर्शनहरूमध्ये होइन तर जिउँदो परमेश्वरसँग उनको मैत्रिक भेट भएको एक व्यक्तिगत गवाही हो।

"यस कुरोले मलाई कसरी सहयोग गर्ला?" तपाईं प्रश्न गर्नसक्नुहुन्छ। यूहन्ना तत्क्षण नै त्यो प्रश्नको उत्तर दिनु तयार छ: *तिमीहरूको आनन्द पूरा होस् भनेर हामी यी कुराहरू*

*तिमीहरूलाई लेख्छौं।* (१ यूहन्ना १:४) एक मित्रले तपाईंले पनि आनन्दको पूर्णता प्राप्त गर्नसकोस् जिउँदो परमेश्वरलाई भेट्नुहोस् भन्ने उत्कट चाहना गरेको हुनाले यो पुस्तक तपाईंको हातमा छ।

यसकारण यूहन्नाले उल्लेख गरे *हामीले जे देखेर सुनेकाछौं सो हामी तिमीहरूलाई सुनाउँदछौं; ताकि हामीहरूसँग तिमीहरूको संगति होस्। हाम्रो संगति साँच्चै पिता र उहाँका पुत्र येशू ख्रीष्टसँग छ। अनि तिमीहरूको आनन्द पूरा होस् भनेर हामी यी कुराहरू तिमीहरूलाई लेख्छौं।* (१ यूहन्ना १:३, ४)

उफ्! जस्तो अँध्यारो रातमा उज्यालो एउटा विकल्प बन्दछ। त्यसरी नै परमेश्वरको महिमाको ज्योतिले मानिसलाई उहाँतिर खिँचिरहन्छ। परमेश्वर कस्तो हुनुहुन्छ भनी जान्न चाहने तपाईंको इच्छाअनुसार तपाईं पनि आज मोशासँगसँगै प्रार्थना गर्न सक्नुहुन्छ "प्रभु मलाई तपाईंको महिमा प्रकट गर्नुहोस।"

# एक क्षण विचार गरौं

१. के तपाईंले परमेश्वरप्रति रहेको तपाईंको खोजअनुसार ध्यानपूर्वक बाइबल पढ्नुभएको छ?

२. तपाईंले बाइबल पढ्दा स्वयंलाई प्रकट गर्नुहोस् परमेश्वर भनी बिन्ती गर्नुहुन्छ? तपाईं यसरी प्रार्थना गर्नसक्नुहुन्छ: हे परमेश्वर यदि तपाईं यस सृष्टिका सृजनाहार अनि मलाई प्रेम गर्ने परमेश्वर हुनुहुन्छ भने, कृपया मेरो निम्ति स्वयंलाई प्रकट गर्नुहोस् अनि तपाईंका पुत्र येशू ख्रीष्ट प्रतिज्ञा गरिएको मसीहा हुनुहुन्छ भन्ने सत्य मलाई देखाउनुहोस्?''

३. यदि तपाईंले साँचो हृदयले परमेश्वरको उपासना गर्नुपर्छ भने : उहाँचाहिँ उहाँलाई खोजी निकाल्ने मानवीय क्षमता र बल-बुताभन्दा महान्; अनि अझ उहाँलाई सम्पूर्णरूपले बुझ्न सक्ने तपाईंको मानवीय मनभन्दा महान् हुनुहुन्छ, भनी तपाईं जान्नुहुन्छ?

मलाई लाग्छ, मानवीय प्रवृत्तिबारे म केही त जान्दछु; प्राचीन समयका ती सबै वीर योद्धाहरू पनि मानिस मात्र थिए भनी म तपाईंलाई बताऊँ; अनि म पनि एउटा मान्छे मात्र हुँ; तर उहाँ जस्तो त होइन; येशू ख्रीष्ट एउटा मान्छेभन्दा बढ़ता हुनुहुन्छ।

नेपोलियन

# वास्तवमा कुन कुरोले मानिसलाई विभाजन गर्छ?

आजको संसारलाई एउटा विश्वव्यापी बस्तीको रूपमा व्याख्या गरिएको छ। यद्यपि यो बस्ती परस्पर विरोधी शत्रुहरूद्वारा आबाद गरिएकोछ अनि यो 'विश्वव्यापी बस्ती' वास गर्नलाई दिनप्रतिदिन खतरापूर्ण स्थान भइसकेको छ। हाम्रा स्कूले नानीहरूसमेत तिनीहरूका आउँदा पीढ़ीलाई त्रसित तुल्याउने यी नौला खतराहरूदेखि सचेत छन्।

सरसरी हेर्दा, यस्तो देखापर्छ; मान्छे जातिलाई विभाजन गर्ने समस्याहरूले राजनैतिक, अर्थनैतिक, पारिवारिक अनि औद्योगिक विषयहरूका एक ठूलो क्षेत्रलाई नै ढाक्दछ। यी समस्याहरूले प्रताड़ितरूपमा मानिसहरूलाई क्रमश: खण्डित तुल्याउनेछन्। त्यहाँ साधारणतौरले जनिने विभाजनहरूभन्दा मानवताको एक अति गम्भीर विभाजन छ।

मानिसमाझ भएका स्पष्ट विभाजनका कारणहरूलाई हामी संक्षेपमा विचार गरौं, तब विभाजनको मुख्यकारण अलि स्पष्ट हुनसक्छ।

## स्पष्ट विभाजनहरू

**राजनैतिकतौरमा:** राजनीतिज्ञहरू डर र परस्परसँग अविश्वासको कारण एकाकासँग भिड्छन्। परस्पर विरोधी

विचारधारणा व्यक्त गर्दा तिनीहरूले राष्ट्रको भविष्यको जगेरा सेना वाहिनीले गर्नेछ भनी ठान्छन्। यसै अवधिमा चिन्तित देशवासीहरूले शान्ति बहाली अनि न्यूक्लियर अस्त्रहरूका विसर्जन गर्नुपर्छ भन्ने पक्षमा आवाज बुलन्द गर्छन। हामीमध्ये जसले यी 'शान्ति' प्रदर्शनहरू टेलिभिजनमा देखेकाछौं, एकखाले आवेगको यस प्रदर्शनले सधैं हौंसउद्दोढंगले युद्ध उब्जाएको प्रत्यक्ष देखेकाछौं।

**अर्थनैतिकतौरले:** वास्तविकरूपले विश्वमा प्राकृतिक प्रकोपहरू जस्तै खडेरी, अनिकाल, भोकमारी, भूईंचालो आदि दिनप्रतिदिन उब्जिरहेका समस्याहरू हुन्। यी प्राकृतिक प्रकोपहरूले धनी र गरीब राष्ट्रहरूमाझको ठूलो आर्थिक भिन्नतामा अझ पीडा थप्छ। सहायता पुर्‍याउने अनेकौं मानिसहरूका सद्भावना र त्याग हुँदा-हुँदै पनि सधैंजसो सबैको माझमा यो एक दु:खदायी भनाइ छ, कि धनी अझ धनी हुँदैजान्छ अनि गरीब अझ गरीब!

**पारिवारिकतौरले:** यो कुनै गोप्य कुरो होइन आज वैवाहिक सम्बन्धको छुटानाम अनि पारिवारिक जीवनको भग्नता; महामारीपूर्ण अनुपातमा बढ्देकाछन्। सजल नेत्र लिएर लेटशोएले भन्छ "मेरो घर भत्किएको छ" मलाई यस्तो लाग्यो; कि उसको भन्नुको अर्थ उसको चौतर्फ गारोद्वारा निर्मित अफ्रिकन झोपडी भत्किएको छ। तर मैले चाँडै बुझें लेटशोयलले मलाई बताएको उसको घर भत्किनुको आशयचाहिँ उसको पत्नीले उसलाई छोडिदिएकी थिई। आज अनेकौं 'घरहरू' भत्किरहेका छन्। स्वार्थी जीवन जिउने चालचाहिँ साँचो प्रेमको विरुद्ध छ। (तापनि एक स्थायी

एकतामा तिनीहरूका वैवाहिक सम्बन्धलाई दह्रिलो पार्नचाहने कुनै पनि जोड़ाको निम्ति परमेश्वरका प्रेम प्रशस्त छ। यस सन्दर्भमा हामी पछिल्ला परिच्छेदहरूमा हेर्नेछौं।)

**औद्योगिकतौरले:** हाम्रै परिवेशवरिपरि मानसिक चिन्ता र असन्तुष्टि विषयका कुराहरू सुन्न हामीलाई बानी परिसकेको छ। ब्रिटेनमा १९८५-सालतिर एकाइसौं शताब्दीको तिक्त औद्योगिक विवादलाई समाधान गर्न अघि सारिएको थियो। यद्यपि मजदूर व्यवस्थापन सम्बन्धमा अनि कोइला खाँदिका मजदूरहरूका समाजभित्र पनि आक्रोशहरू र तिक्तताका पक्षहरूलाई थाँती राखेर हड़ताल अनि सड़कका हिंसात्मक भिड़न्तहरू थामिनआए। सन् १९०४-को औद्योगिक विद्रोहपछि वल्सको कोइला खानिहरूमा देखिएका मजदूर व्यवस्थापनका प्रताड़ना समाधानदेखि कस्तो विपरीत छ भन्ने कुरोमा उनको वास्तविक अनुभवअनुसार जोहन पारीले मलाई बताउनुभएको थियो।

जब मैले पहिलोपटक जोहनलाई भेटें। उ एक ९१-वर्षको सेवानिवृत्त व्यक्ति अनि 'माइनरस डिजिस' Miner's disease, भनिने खानिको मजदूरको रोग फोक्सोको रोगले ग्रस्त पूर्णरूपले अन्धो व्यक्ति थियो। प्राय: भ्याउन्जेलसम्म बेला-बेला म र मेरी पत्नी पूर्वीय वल्समा अवस्थित उनको आदरणीय घरमा गइरह्यौं। जब १९०४ अनि १९०५-को आत्मिक पुन: जागृति कालमा सामर्थ्य अनि दृढ़विश्वासमा उनले स्वयंलाई अग्रसर गराउँदा त्यसबेला वल्समा परमेश्वरले जुन कुरो गरेर देखाउनुभएको थियो त्यस विषयलाई जोहनले हार्दिकता अनि प्रत्यक्ष आनन्दसहित

हामीलाई बताउनुभयो। तब खानिमा कार्यरत कर्मचारी र मजदूरहरूले जीवित परमेश्वरलाई चिने। यसको सोझो परिमाणस्वरूप तिनीहरूले वास्तविकरूपमै आपसी एकता, विश्वास र आदर प्राप्त गरे। १९०४ र १९८५ माझमा कस्तो भिन्नता!

विगत दिनमा उनले यी कुराहरू व्यक्त गरेजस्तै गरेर जोहन हर्षोन्मादित भई जोडले बोल्नुभयो। उनले आफ्नो धन्धा सुक्दैगएका ती भट्टी पसलहरूका विषयमा पुनः सम्झना दिलाउनुभयो। किनकि त्यहाँ अचानक मद्यमदिराका माग घटेका थिए् उनले आफ्ना खानि मजदूर साथीहरूसँग तल खाँदमा झर्ने कार्य गर्दा तिनीहरूले सम्मिलितरूपमा परमेश्वरका स्तुति गाएको कुरोलाई पनि पुनः सम्झिनुभयो। "मानिसहरू अहिले पनि मलाई भेटन आउँछन् अनि आत्मिक जागरण कहाँ भयो; भनी सोध्छन्" छातीमा हात राखेर उनी उत्तर दिन्थे "म बताउँछु त्यो म हुँ यहाँ, अनि यो अहिल नै सम्भव छ!"

## वास्तविक विभाजन

मानिसहरूका राजनैतिक, आर्थिक, पारिवारिक र औद्योगिक ध्रुवीकरणमा जड़ितभएकोहुँदा धेरै देशहरूमा शान्ति भंग गर्न एक गुप्तप्रकारले हानी गर्ने आतंकका जालसाजले वर्तमानलाई धम्की दिइरहेछ। हामीले सामना गर्नुपर्ने यी प्रतिकूल स्थितिबारे बाइबलले सठीकरूपमा बयान गर्छ: ***हामीले शान्तिको आशा गर्‍यौं, तर केही असल भएन, निको हुने समयको प्रतीक्षा गर्‍यौं तर त्रास पो आइलाग्छ।*** (यर्मिया १४:१९)

यी विभाजनहरू जतिसुकै गहिरो होस् तर त्यहाँ केही

शोक यस्ता छन्। जसले मान्छे जातिलाई एक अति अचम्भिततौरले स्थायीरूपमा विभाजित तुल्याउँछ। परमेश्वरका विषयमा मानिसहरू अन्तमा तिनीहरूकै अस्पष्ट समझद्वारा पूर्णरूपले स्वेच्छाचारी भएकाछन्।

मान्छेजातिसमक्ष आफ्नो प्रकटीकरणमा उहाँका ईश्वरीय सत्यतालाई परमेश्वरले कहिले पनि शंकास्पद् राख्नुभएन। प्रभु येशू ख्रीष्ट जन्मनभन्दाअघि उहाँको विषयमा पर्याप्त ज्ञान नभएका मानिसहरूलाई सहायता पुर्याउन एक महान् ज्योति उहाँले पठाइनेछ भनी प्रतिज्ञा गर्नुभयो। उहाँले भन्नुभयो: *अन्धकारमा हिँड्नेहरूले एक महान् ज्योति देख्नेछन्।* (यशैया ९:२) तब यस ज्योतिलाई कसरी चिन्न सकिनेछ भनी परमेश्वरले पूर्ण विवरण दिनुभयो ***किनकि एक शिशु जन्मनेछ, एक पुत्र  दिइएको छ।*** (यशैया ९:६)

यदि परमेश्वरले एक शिशुले जन्म ग्रहण गर्नेछ मात्रै भन्नुभएको भए त्यस विवरणको कुनै विशेष महत्त्वनै रहने थिएन। वास्तवमा शिशुहरू जन्मिरहेका छन्। यदि एक पुत्र **दिइएको** छ भन्ने प्रतिज्ञासँग त्यो सत्य सम्बन्धित नहुँदो हो ता एक शिशु जन्मनुपर्छ भनिने विषयलाई उल्लेख गर्न निश्चय नै उचित ठहर्ने थिएन। जुन विषय एक समय भविष्यवाणी थियो; अहिले इतिहास भइसकेको छ। किनकि परमेश्वरले भन्नुभयो हुनेछ, अनि यो साँच्चै भयो; संसारमा एक शिशु जन्मेका थिए र एक पुत्रको दानद्वारा परमेश्वरले अन्धकारमा छामछाम छुमछुम गरिरहेका मानिसहरूप्रति ज्योति पठाउनुभयो। यी दिनहरूमा पनि अझै त्यो ज्योतिले अन्धकार र आशंकालाई हटाउँछ; यसो नहुँदो हो ता अन्धकारले हाम्रो दृष्टिबाट

परमेश्वरलाई छुन्ने थियो।

परमेश्वरका एकमात्र शिशुको जन्म खुट्याउनलाई र अरू सबै अवतारहरूदेखि उहाँलाई अलग्गै राख्नलाई उहाँको पुत्रको जन्म एक अचम्मका 'चिन्ह' द्वारा प्रमाणित गरिनेछ भनी परमेश्वरले वाचा बाँध्नुभयो, *हेर एक कन्याले गर्भ धारण गर्नेछिन अनि एक पुत्रलाई जन्म दिनेछिन अनि उनको नाम इम्मानुयेल राखिनेछ, इम्मानुयेल नामको अर्थ "परमेश्वर हामीसँग।"* (यशैया ७:१४) यो घोषणालाई लिएर बाइबलमा उल्लेख गरिएको सुसमाचारचाहिँ अरू धर्मका शिक्षाहरूभन्दा भिन्नै र स्पष्ट छ भनी हामी मूल्यांकन गर्नसक्छौं। धर्मचाहिँ मानिसले परमेश्वरसम्म पुग्न गरेका प्रयासको एउटा लेखोट मात्र हो, तर बाइबलचाहिँ परमेश्वर स्वयं मानिसहरूलाई भेट्नु पृथ्वीतलमा आउनुभयो भन्ने एक प्रमाण हो।

जब परमेश्वरले संसारमा उहाँको दयालाई स्थापित गर्नुभयो तब एक कन्या गर्भवती भइन्। विश्वका सृष्टिकर्ता परमेश्वर तल पृथ्वीतलमा ओर्लनुभएको त्यो दिन अहिले समयको दौड्को एक अंश भई इतिहासको एक विषय भइसकेको छ। *सपनामा परमेश्वरका दूत यसो भन्दै जोसेफ्कहाँ देखा पर्यो "जोसेफ दाऊदको पुत्र मरियम तिम्री पत्नीलाई स्वीकार गर्न डर नमान किनकि जसले उनमा गर्भधारण गरेको छ उ पवित्र आत्माबाट हो।* (मत्ती १:२०) पछि जब येशू जन्मनुभयो र पूर्ण व्यक्तित्वमा पुग्नुभयो। सत्य कुराका विरोधी शत्रुहरूसम्मुख उहाँले यसो भनेर उहाँको ईश्वरत्वलाई स्पष्ट गर्नुभयो: *म र पिता एक हौं।* (यूहन्ना १०:३०)

महान वैज्ञानिक एस्ट्रोन्येन्ट जीम इरविन (Astronant

Jim Irwin) अपोलो पन्ध्रौं (Apollo XV) ले लेख्नुभएको छ;"मान्छेले चन्द्रमामा हिँड्नुभन्दा ता परमेश्वर यस संसारमा हिँड्नुचाहिँ कता हो कता महत्त्वपूर्ण कुरो हो।" साँच्चै परमेश्वरले समयावधिमा अनन्ततादेखि पाइला चाल्नुभयो त्यसक्षणको अद्भुत कार्यसँग मान्छेले अन्तरिक्षमा गरेको कमालको तुलना गर्नमिल्दैन।

एक शिशु जन्मनेछ एउटा पुत्र दिइनेछ भन्ने त्यो भविष्यवाणीकोपछि यी एकमात्र व्यक्ति विषयक भविष्यवाणीमा आधारित एक सुस्पष्ट मुख्य 'भाव'-ले पुष्टि दिदँछ: ***उसको नाम अद्भुत, सल्लाहकार, सर्वशक्तिमान परमेश्वर, अनन्तका पिता, शान्तिको राजकुमार कहलाइने छ उनको राज्यको र शान्तिको अन्त हुनेछैन।*** (यशैया ९:६, ७) एक सफल विश्व शासकको निम्ति यसप्रकारका विराट शक्तिहरूका मिलावट अनि उद्देश्यहरू अनिवार्य योग्यताहरू हुन्। हामी आजको विश्वमा कार्य गर्ने केवल बुद्धि मात्रै भएको होइन तर उचित कार्य गर्नार्थ सामर्थ्य पनि भएका नेताहरू खोज्छौं। कतिपय व्यक्तिहरूले इमानदारीपूर्वक कुन कार्य गरिनुपर्ने हो भनी जान्दछ। तर इतिहासमा कुनै नेताले कुनै समय अनन्त शान्तिको एक राज्य खडा गर्नार्थ सामर्थ्य र विवेक प्राप्त गरेको छैन।

यस संसारको निम्ति स्थायी शान्ति कायम गर्न शान्तिका राजकुमारसँग बुद्धि र सामर्थ्य दुवै प्राप्त छ। यस संसारमा राज्य गर्नलाई ख्रीष्ट एक दिन फर्किआउनुहुनेछ । जब त्यो दिनको उदय हुन्छ; सबै हातहतियार बनाउने कारखानाहरू बन्द हुनेछन्। सबै नपड्काइएका न्यूक्लियर बमहरू निष्क्रिय

पारिनेछन् अनि प्रत्येक सीमाना रुङ्ने पहरेदार अनि सैनिकहरू अमल कार्य गर्नलाई घरतिर फर्काइनेछन्!

मानव जातिलाई नियन्त्रण गर्न मान्छे स्वयं कतिसम्म क्षमताहीन छ भन्ने कुरो मान्छेले अघिबाटै प्रदर्शन गरिसकेको छ। जब शान्तिका राजकुमार स्वयंले एक विश्व-ब्रह्माण्डको राजदण्ड हल्लाउनेछ त्यसक्षण सबैका निम्ति शान्ति र न्याय प्रदान गरिनेछ, तब, ***उहाँले जातिहरूको इन्साफ गर्नुहुनेछ, र उहाँले नै जाति-जातिहरूको मानिसहरूको बीचमा निर्णय गर्नुहुनेछ। तिनीहरूले आ-आफ्ना तरवार पिटेर हलोको फालि र भालाचाहिँ हँसिया बनाउनेछन्। एउटा जातिले अर्को जातिको विरूद्धमा तरवार उठाउनेछैन, औ तिनीहरूले अब उप्रान्त युद्ध गर्न सिक्नेछैनन।*** (यशैया २:४) त्यो शान्तिमय दिन ***समुद्र पानीले ढाकिए झैं पृथ्वी परमप्रभुको महिमाको शान्तिले भरिपूर्ण हुनेछ।*** (हबकूब) इतिहासमा अनन्तका परमेश्वरलाई सन्तुष्ट तुल्याउने यसभन्दा अर्को समाप्ति हुनसक्दैन।

तर त्यो दिन आउनभन्दा अघिनै मानिसहरूमाझमा स्पष्टरूपले गहिरो र वास्तविक विभाजन देखिनेछ। त्यो हुनआउने मतभेद येशू ख्रीष्टको व्यक्तित्व वरिपरि देखापर्नेछ। **यसकारण** उहाँ को हुनुहुन्छ; उहाँ किन पृथ्वीमा आउनुभयो, उहाँ यस पृथ्वीमा हुनुहुँदा तपाईंको निम्ति उहाँले के गर्नुभयो भनी तपाईंले बुझ्नु आवश्यक छ।

उत्पत्ति अनि यूहन्नाको सुसमाचारको पुस्तक एकै प्रकारले आरम्भ हुन्छ; उत्पत्तिको पुस्तकमा हामी पढ्छौं ***आदिमा परमेश्वरले आकाश अनि पृथ्वी बनाउनुभयो।*** (उत्पत्ति १:१) यूहन्नाको सुसमाचारमा हामी पढ्छौं ***आदिमा वचन थियो; औ***

***वचन परमेश्वरसँग थियो, सबै थोक उहाँबाट हुनआए।*** (यूहन्ना १:१३) परमेश्वर जसलाई उत्पत्तिको पुस्तकमा इलोहिम (Elohim) भनिएको छ यही नामलाई यूहन्नाको सुसमाचारमा 'वचन'-को रूपमा उल्लेख गरिएको छ। इलोहिम (Elohim) 'वचन' हो अनि उहाँले उहाँकै सृष्टिमाझमा बास गर्न स्वयंलाई शारीरिकरूप पहिरयाउनुभयो; ***वचन देह हुन आयो र हाम्रा बीचमा अनुग्रह र सत्यले पूर्ण भई बास गऱ्यो।*** (यूहन्ना १:१४) सम्पूर्ण सन्दर्भमा यस अद्‌भुत विवरणले बताउँछ:

*शुरूमा वचन हुनुहुन्थ्यो। अनि वचन परमेश्वरसँग हुनुहुन्थ्यो; अनि वचन परमेश्वर हुनुहुन्थ्यो। उहाँ नै शुरूमा परमेश्वरसँग हुनुहुन्थ्यो। सबै कुराहरू उहाँद्वारा हुनआए; अनि हुनआएका कुराहरूमध्ये कुनै पनि उहाँबिना हुनआएन। उहाँ संसारमा हुनुहुन्थ्यो अनि उहाँद्वारा संसार हुनआयो, अनि संसारले उहाँलाई चिनेन। उहाँ आफ्नै कहाँ आउनुभयो अनि उहाँका आफ्नैलेचाहिँ उहाँलाई ग्रहण गरेनन्, तर जतिले उहाँलाई ग्रहण गरे; तिनीहरूलाई उहाँले परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो; अर्थात् तिनीहरूलाई जसले उहाँको नाममा विश्वास गर्दछन्। अनि वचन शरीर हुनुभयो अनि हाम्रा माझमा अनुग्रह र सत्यताले पूर्ण भएर बासगर्नु भयो अनि हामीले पिताका एक मात्र जन्माइएका पुत्रको महिमाजस्तो उहाँको महिमा देख्यौं। महिमा र सत्यताले पूर्ण ... ...... परमेश्वरलाई कुनै मानिसले कहिल्यै देखेका छैनन्; जन्माइएका एउटै पुत्रले मात्र जो पिताको छातीमा हुनुहुन्छ; उहाँले नै पिताको विषयमा बताउनुभएको छ।* (यूहन्ना १:१-३, १०:१२, १४)

मोशाले झैं धेरै शताब्दीअघि प्रभु येशू ख्रीष्टका चेला फिलिपले पनि परमेश्वर कस्तो हुनुहुन्छ भनी जान्न

इच्छा व्यक्त गरेका थिए। उनले प्रभु येशू ख्रीष्टप्रति एक विशेष बिन्ती गरे, उनले भने, ***प्रभु हामीलाई पिता देखाइदिनुहोस्।*** (यूहन्ना १४:८) तर प्रभु येशू ख्रीष्टले उत्तर दिनुभयो– ***जसले मलाई देखेको छ उसले पितालाई देखेको छ*** (यूहन्ना १४:९) यस प्रकारको अचम्मलाग्दो प्रत्युत्तरले प्रभु येशूलाई एक मुर्ख, एक धोकेबाज अथवा **स्वयं परमेश्वर** ठहराउनुपर्छ। तर कसैले पनि उहाँलाई मूर्ख र धोकेबाज भनी वास्तविकरूपमै दोष्याउन सक्तैन। यदि उहाँ परमेश्वर नभएका भएता; उहाँ कुनै समय संसारले जानेका एक नामी ठगार हुनुहुने थियो। त्यसर्थ जब प्रभु येशूलाई हेर्छौं त्यसबेला हामी परमेश्वरलाई हेर्छौं; भनी हामीले स्वीकार गर्नुपर्छ।

यो कुरो मानिसहरूले गुट छुट्याउनथालेकोजस्तै हो। अत: जब प्रभु येशूले भन्नुभयो ***म र पिता एक हौं।*** (यूहन्ना १०:३०) एक मनले यो प्रत्युतर उद्देकलाग्दो छैन। तापनि कतिपय व्यक्तिहरूले उहाँको यसै प्रत्युतरमा तिनीहरूका परमेश्वरप्रतिको खोजको उत्तर प्राप्त गरे। जब कि अरूहरूले परमेश्वरले स्वयंलाई यसप्रकारले नम्र बनाउने सामान्यतालाई विचार गर्नसकेनन् अनि तिनीहरूले यस कुरोलाई दुश्मनीसहित उल्टो हमला गरे। प्रभुले केही व्यक्तिहरूलाई आफूतिर खिच्नुभयो र उहाँले अरूलाई बिरानो तुल्याउनुभयो यद्यपि त्यहाँ ती व्यक्तिहरू थिए जसले उहाँलाई पछ्याए त्यहाँ अरू व्यक्तिहरू पनि थिए। जसले उहाँको मृत्युको जाल रचे।

आफ्नो जीवनकालमै ख्रीष्टले मानिसहरूलाई दुई भागमा छुट्याउनुभयो अनि उहाँले यो गरिरहनु हुनेछ। उहाँले स्पष्ट भन्नुभयो ***जो मसँग छैन त्यो मेरो विरोधमा छ।***

(मत्ती १२:३०)

**यद्यपि सुधारको विरूद्ध भएको हाम्रो पहिलो विद्रोही प्रवृत्ति नै एक स्थायी जवाब हुनुपर्छ भन्नेछैन।**

हामी एक शत्रुदेखि ख्रीष्टका एक अनुयायीको रूपमा बद्लिएका व्यक्तिलाई विचार गरौं। शावल एक प्रकाण्ड यहूदी पण्डित थिए, जसको एक अभिरूचिपूर्ण जीवनवृत्ति थियो। उनको जीवनका अघिल्ला दिनहरूमा प्रभु येशूका अनुयायीहरूलाई शावलले गर्नुसम्म घृणा गरे, अत्याचार गरे यहाँसम्म कि उनले ख्रीष्टका निर्दोष चेलाहरूलाई मार्ने अनुमतिसमेत दिए। तर उनी प्रभुमा बद्लिएपछि उनको जीवनमा अब बाँचेका सबै वर्षहरू येशू ख्रीष्टलाई उनको प्रभुको रूपमा सम्मान दिएर व्यतीत गरे। अनि प्रभु येशू ख्रीष्टप्रति भएको उनको इमानदारिताको कारण अन्त्यसम्म नै उनले आनन्दसहित ठूलो दु:ख उठाए। यसले के फरक पार्‍यो त?

शावलले बाइबलको पुरानो नियमको ग्रीक अनुवाद बुझे। यो शास्त्रका सत्तर ज्ञाताहरूद्वारा अनुवाद गरिएको थियो। यसैकारण यसलाई 'सेप्टुएजेन्ट (Septuagent) (ओल्ड टेस्टामेन्टको ग्रीक पाठ; प्राचीन संहिता) भनिएको थियो। किनकि शावल एक शास्त्रका ज्ञाता थिए। उनले हिब्रू शब्द यहोवा ग्रीक शब्द 'क्यूरियोस्' (Kurios)बाट अनुवाद गरिएको थियो भनी जानिलिए। अंग्रेजी बाइबलमा यसलाई 'लर्ड'(Lord )भनी अनुवाद गरिएको छ।

जब शावलले दमसकसका यात्रा गरिरहेका थिए उनले एक 'ठूलो ज्योति' देखे। त्यो ज्योति अति देदीप्यमान थियो।

यसकारण शावल अस्थायीतौरले अन्धो भइहाले। उनले स्वयंलाई परमेश्वरको उपस्थिति मुखेञ्जी परेको महसुस गरे।

यहोवाको निम्ति ग्रीक शब्द प्रयोग गरेर तिनले सोधे; *प्रभु तपाईं को हुनुहुन्छ?* परमेश्वरले उत्तर दिनुभयो, ***म येशू हुँ जसलाई तिमी सताइरहेछौ।*** (प्रेरित ९:५) त्यसदिन यहोवा र येशू ख्रीष्ट एउटै रहेछन् भनी शावलले बुझे।

यस दर्शनले शावललाई प्रभु येशू ख्रीष्टका एक शत्रुदेखि परिवर्तन गराई प्रेरित पावल बनाइदियो। त्यस दिनदेखि उसो उनले आफ्नो जीवनलाई सम्पूर्णरूपले प्रभु येशू ख्रीष्टमा समर्पण गरिदिए। फलस्वरूप उनले आफ्नो विश्वासका निम्ति धेरै यातना, दुःख उठाउनुपर्‍यो; अनि उनले आफ्नो बाँकी जीवन परमेश्वर यस संसारमा आउनुभएको थियो भनी सुसमाचार प्रचार गरेर व्यतीत गरे। जीवनमा भएको प्रभु येशू ख्रीष्टको सत्यताले उनलाई सधैंको निम्ति एक महान् ख्रीष्ट्रीय सुसमाचार प्रचारकको रूपमा प्रस्तुत गरायो। बाइबलमा उनीद्वारा लिखित पत्रीहरू उनका दृढ्विश्वासहरूले भरिएका छन्। जस्तो कि; ***उहाँमा नै सबै थोक सृष्टि भएका थिए, स्वर्गमा र पृथ्वीमाथि भएका दृश्य र अदृश्य थोकहरू, चाहे सिंहासनहरू चाहे प्रभुत्वहरू, चाहे प्रधानताहरू, चाहे अधिकारहरू, सबै थोक उहाँद्वारा नै र उहाँकै निम्ति सृजिएका छन्।*** (कलस्सी १:१६)

यसकारण मुसलमानहरूले सिकाएजस्तो हामी नाजरथका येशूलाई केवल एक परमेश्वरका अगमवक्ताको रूपमा मात्रै देख्दैनौं नता यहोवाका साक्षीहरू अनि अरूले विश्वास गरेकोजस्तो उहाँ मोरमोन्स(Mormons) परमेश्वरको एक पुत्र हुनुहुन्थ्यो। यस्तो विचारधारणालाई पुष्टि गर्ने एक

प्रयासमा ती व्यक्तिहरू छन्। ती व्यक्तिहरूले परमेश्वरले स्वयं आफ्नोबारे दिनुभएको दर्शनलाई इन्कार गर्न चाहन्छन्। यसलाई 'सिनक्रिटिज्म' (Syncretism) भनी जानिन्छ। जसको अर्थ वेभस्टेर्सको शब्दकोशमा (Webster's Dictionary)' ''विविध विश्वासहरूलाई समावेश गर्ने एक प्रयास'' भनि परिभाषित गरिएको छ।

उदाहरणार्थ, हिन्दुहरूले तिनीहरूका विभिन्न देवताहरूका हाराहारीमा साधारणतौरले जोडे्र 'येशू'लाई स्वीकार गर्छन्। हामीले गहिरोरूपमा सम्झनुपर्छ। जब एलिजाका सत्य जीवित परमेश्वरले बाल-देवताका झुटा मूर्तिहरूसँग युद्ध गरे; उनले आफ्नै सम्मुख तिनीहरूलाई फुस्स... चकनाचुर बनाइदिए यस्तै प्रकारले मानिसद्वारा निर्मित अनि मानिसद्वारा धारण गरिएका प्रत्येक देवताले प्रभु येशू ख्रीष्टको अघि झुक्नुपर्छ।उहाँ परमेश्वर पुत्र हुनुहुन्छ अनन्तरूपले पिता अनि पवित्र आत्मासँग एक।

जब हामी एकपटक 'प्रभु येशू ख्रीष्ट'-लाई परमेश्वर भनी चिन्दछौं। एक कन्याद्वारा उहाँले जन्म-ग्रहण गर्नुभएको विषयलाई विश्वास गर्ने कार्यमा हामीलाई कुनै गाह्रो पर्नेछैन। उहाँले गर्नुभएका अनेकौं अचम्मका कार्यहरू, उहाँका माराजबाइ, बौरीउठाइ, उहाँको स्वर्गारोहण अनि सामर्थ्य र महिमामा पृथ्वीमा चाँडै फर्किआउने उहाँको दोस्रो आगमनप्रति विश्वास गर्ने कार्यमा हामीलाई कुनै गाह्रो पर्नेछैन। किनकि येशू ख्रीष्ट 'त्यही परमेश्वर' हुनुहुन्छ ब्रह्माण्डका नियमहरू र जीवनलाई अनुप्राणित तुल्याउने प्रयोजनीय विधि र यस विश्वको सृजनाहार। आफूले सृजिएका प्रत्येक नियमलाई

उहाँले जित्नुहुन्छ।

नाजरथका येशू ख्रीष्टको व्यक्तित्व चौतर्फ यो संसार दुइ मुख्य परिवारहरूमा विभक्त भएको छ। यसको आशय छुटानाम भइसकेका जोड़ा होइन नता विभिन्न गोष्ठीगत विचार-धारणामा लिप्त भएका जातिहरू नै हुन्। विभाजनचाहिँ परमेश्वर यस संसारमा आउनुभएको समयमै सृजिएका थिए; अनि यो विभाजनचाहिँ मानवलाई छुट्याउने ती अन्य विषयहरूभन्दा सर्वाधिक आधारभूत छन्।

यो कथनचाहिँ सत्यहरूका एक बेमज्जाको नाटकीकरण होइन; किनकि प्रभु येशू ख्रीष्ट स्वयंले भन्नुभयो;

*परमेश्वर तिमीहरूको पिता हुनुभएको भए तिमीहरूले मलाई प्रेम गर्ने थियौ, किनभने म परमेश्वरबाट निस्कें र आएँ, म आफैंबाट आएको होइन, तर उहाँले मलाई पठाउनुभयो। तिमीहरू किन मेरो कुरा बुझ्दैनौ? किनभने तिमीहरू मेरो वचन सुन्न सक्दैनौ। तिनीहरू आफ्ना बाबु शैतानबाट हौ अनि आफ्नै बाबुका कुइच्छाहरू पुरा गर्न चाहन्छौ त्यो शुरूदेखि नै हत्यारा थियो, अनि सत्यमा रहेन, किनकि त्यसमा आफैंतर्फबाट बोल्छ; किनकि त्यो झुटा हो र झुटको पिता हो।* (यूहन्ना ८:४२-४४)

त्यहाँ विश्वासीहरूमाझ एक भातृ-सम्बन्ध छ जसका पिता परमेश्वर हुनुहुन्छ; यसरी नै त्यहाँ मान्छेको भातृ-सम्बन्ध छ, जसका पिता शैतान हो, भनी जान्दा के यो उदेकलाग्दो कुरो हुन्छ र? प्रत्येक व्यक्ति परमेश्वरका छोरा-छोरी होइनन्। परमेश्वरका परिवार अनि शैतानको परिवार- तपाईं र मेरा निम्ति यी कुराहरू अनन्त विकल्पहरू हुन्।

परमेश्वरप्रतिको तपाईंको विश्वास जतिसुकै इमानदार होस्। तथापि 'इमानदारीपूर्वक' तपाईं भूलमा पर्न सक्नुहुन्छ। एक व्यक्तिले जस्तो विश्वास गर्छ त्यसले उसलाई इमानदार ठहराउँछ यसमा कुनै शंका छैन भन्नु एउटा झुटो कुरा मात्र हो। तपाईं विषलाई औषधि ठानेर इमानदारीपूर्वक खान सक्नुहुन्छ। तापनि तपाईं मर्नुनै हुनेछ!

सौभाग्यवश मानवजाति दुइ परिवारहरूमा विभक्त भएकाछन्। प्रत्येक व्यक्ति एउटा परिवारमा वास गर्छ अथवा यी दुइ परिवारहरूका सदस्यहरू परमेश्वरका परिवार; किंवा शैतानको परिवारमा वास गरेका हुन्छन्। कुन परिवारमा तपाईं वास गर्नुहुन्छ त्यो तपाईंले जान्नु आवश्यक छ। अनि परमेश्वरका परिवारको सदस्य हुने कार्यको प्रथम कदमचाहिँ परमेश्वर को हुनुहुन्छ अनि आफ्नो पुत्र येशू ख्रीष्टलाई हाम्रा निम्ति बलिदान दिने कार्यमा उहाँले के गर्नुभयो भन्ने कुरो बुझ्ने एक मुख्यज्ञान हो।

'येशू' नामले यो अर्थ बुझाउँछ: "यहोवा परमेश्वर उद्धार हुनुहुन्छ" त्यसर्थ; परमेश्वरका दूतले जोसेफलाई भने: ***तिमीले उहाँको नाम 'येशू' राख्नु किनभने उहाँले आफ्ना जनहरूलाई तिनीहरूको पापबाट मुक्त गर्नुहुनेछ।*** (मत्ती १:२१)

## एक क्षण विचार गरौं

१. जहाँसम्म तपाईं इमानदार हुनुहुन्छ, के यस कुरोले तपाईं परमेश्वरमा विश्वास गर्नुहुन्छ भन्ने अर्थबोध गराउँछ र ?

२. मानिसहरूमाझ रहेका विभाजनको अन्तिम कारणचाहिँ के हो ? के यी समस्याहरू राजनैतिक, आर्थिक, पारिवारिक, औद्योगिक समस्याहरू हुन् ? कि यी आत्मिक अनि अनन्तका समस्याहरू हुन् ?

३. प्रभु येशूले बताउनुभएका यी दुई परिवारमध्ये तपाईंचाहिँ कुन परिवारमा वास गर्नचाहनुहुन्छ ?

नराम्रो शिक्षाको अन्तरतहमा भएका चेतनामा पनि सम्भवतः कुनै अरू कुराभन्दा परमेश्वरको उद्धारको ज्ञानले वास गरेकै हुन्छ।

डा० आर्नोल्ड
(प्रधान अध्यापक रगबाइ सार्वजनिक पाठशाला)

# वास्तविक समस्या के हो?

यस शताब्दीको शुरुमा संसारको भविष्यबारे धेरै मानिसहरू गहिरोरूपले आशावादी थिए। यो शताब्दीले शान्ति र सौभाग्यको एक सुनौलो युगभित्र प्रवेश गर्नैआँटेको छ भनी तिनीहरूले विश्वास गरेका थिए। धेरैले यस नव युगको आशिषचाहिँ राष्ट्र-राष्ट्रमा अनि वर्णन गर्न नसकिने दु:ख, गरीबी, रोग र निराशाले ग्रस्त ती राष्ट्रहरूमा पनि देखिने छ भनी सोचेका थिए। तर १९१४-सालमा युद्धका घोषणाहरू सारा युरोपभरि गुन्जियो।

अनि आज विश्वास गर्नपनि हम्मे-हम्मे पर्ने यत्तिका ठूल्ठूला वैज्ञानिक प्रगतिहरू हुँदाहुँदै पनि अब यसै शताब्दीका मानिसहरूले एक उज्ज्वल भोलिको विषयमा बढ्ता बातचीत गर्ने रूचि लेलाजस्तो देखिन्दैन। उल्टो करोड़ौं मानिसहरू संसारलाई ध्वस्त पार्ने न्यूक्लियर अस्त्रशस्त्रको भण्डारप्रति चिन्तित छन्। दुवै राष्ट्रिय अनि अन्तर्राष्ट्रिय समस्याहरूका जटिलताले हामी मानव इतिहासको अति नाजुक अनि विकशित हुँदै गइरहेका खतरापूर्ण वर्षहरूमा जिइरहेकाछौं भनी अनेकौं विचारशील निरीक्षकहरू निष्कर्ष निकाल्छन्। संसारमा भएका मानिसहरूका परस्पर विरोधी प्रवृत्तिमाथि हामीले अघिबाटै विचार-विमर्ष गर्‍यौं। यस प्रवृत्तिले आज एक सभ्य समाजको मुख्य निर्माणको शक्ति नै आक्रान्त भएको छ।

कसरी यस्तो गल्ती हुनगयो ?

यस प्रश्नको उत्तर दिने प्रयासमा संसारका शीर्षस्थ नेताहरू भेला हुन्छन् र वार्तालाप गर्छन्। जस्तो तिनीहरूले यी मामलाहरूमा प्रकाश पार्छन् अनि एकअर्काका सिद्धान्त र प्रस्तावहरूमाथि विचार गर्छन्। तर संसार एउटा समस्यादेखि अर्को समस्यामा ग्रस्त भई घुमिरहन्छ। तथापि शक्तिको ठूलो मात्रा, सीप र ज्ञान खर्च भइसकेकाछन्। विशिष्ट राजनैतिक सल्लाकार, राजनीतिज्ञहरू महाज्ञानी वैज्ञानिकहरू, धर्मका पण्डितहरू, खप्पिस व्यापारीहरू, संसारका महाजनहरू, मानिएका चिकित्सकहरू र समाजशास्त्रीहरू – सबैसबैले तिनीहरूका विशेष सीप र ज्ञानका माध्यमद्वारा योगदान दिन्छन्; तर यो संसार गइरहेको त्यस भयानक दिशालाई बद्ली गर्न कोही पनि योग्य होला जस्तो लाग्दैन।

यी मानिसहरूबाट कहिलेकाँही परमेश्वरले मान्छेको वास्तविक समस्या के हो भनी एक सन्दर्भको घोषणा गर्नुहुन्छ। किनकि समाधान प्राप्त गर्नुभन्दा पहिला वास्तविक समस्या खुट्टिएको हुनुपर्छ। परमेश्वरले प्रथमत: हामीलाई हाम्रा समस्याहरूप्रति सचेत गराउनुहुन्छ। यस विषयमा परमेश्वरको वास्तविक खोजी गर्ने अनि साधारण धार्मिक जिज्ञासा मात्रै राख्नेहरूका माझमा हामी प्राय:जसो भिन्नता पाउँछौं। वास्तविक रोगलाई खुट्याउने सठीक कामचाहिँ रोगीको निम्ति एक भयानक झट्का हुनसक्छ।

**मान्छेको उत्पत्ति भइसकेपश्चात् मानव-जातिभित्र आपत्तिको प्रथम दशा आइपर्‍यो;** परमेश्वरले भन्नुभयो:

***मानिसलाई आफ्नै स्वरूपमा हाम्रै प्रतिरूपमा बनाऔं।*** (उत्पत्ति १:२६) तपाईं सोध्न सक्नुहुन्छ, "कुन तरिकाले परमेश्वरका प्रतिरूपमा मान्छेको उद्‌भव भयो?" निश्चय शारीरिक स्वरूपमा होइन। किनकि प्रभु येशू ख्रीष्टले भन्नुभयो:***परमेश्वर आत्मा हुनुहुन्छ।*** (यूहन्ना ४:२४) हाम्रा जस्ता परमेश्वरका पाखुराहरू, खुट्टाहरू र आँखाहरू छैन। परमेश्वर, ***उहाँ ज्योतिमा वास गर्नुहुन्छ; जसको नजिकमा कोही मानिस पनि जानसक्तैन।*** (१ तिमोथी ६:१६) एक अदृश्य मान्छे कहिले पनि हामीले देख्ने अस्तित्वमा रहेको छैन। यसकारण तिनीहरूले धारण गरी जिउने शरीरहरूभन्दा मानिसहरूका निम्ति केही अर्थोकनै अमूल्य छ। जब शरीर त्यागिन्छ तब वास्तविक व्यक्ति बाँचिरहन्छ योचाहिँ त्यही 'व्यक्ति' हो; जसलाई परमेश्वरका प्रतिरूपमा सृजाइएको थियो।

परमेश्वरका बुद्धि, मनोभाव र इच्छा छन् भनेर बाइबलले प्रकाश पार्छ। अनि यसप्रकारले परमेश्वरका आफ्नो स्वरूपमा मानिसको सृजना गरिइएको छ। किनकि उहाँ परमेश्वर हुनुहुन्छ र **उहाँका** बुद्धि, मनोभाव, इच्छाशक्ति असीम छन्। अर्को शब्दमा भन्नु हो भने उहाँको अस्तित्वको कुनै सीमानै छैन। परमेश्वरसँग मान्छेको असमानताको कारणचाहिँ मानिस स्वयं सीमित भएर हो। अर्थात् महाज्ञानी आइन्स्टाइन्को पनि सीमित ज्ञान मात्रै थियो। कुनै मानिसले यावत् कुराहरू बुझ्नसक्तैन। सीमादेखि बेसी मानिसले प्रेम गर्नसक्तैन, अनि विश्वब्रह्माण्डमा मानिसको इच्छा सर्वोच्च छैन। उ आफ्नो भाग्यको विधाता होइन, नता उ उसको गन्तव्यको अगुवानै हो।

परमेश्वरलाई चिन्नु अनि परमेश्वरसँग संगति गर्नुलाई

मानिसको व्यक्तित्वमा एउटा आत्मिकबल निहित छ। त्यसैले बाइबलले हामीलाई; मानिस ***आत्मा, प्राण र शरीर हो*** (१ थिस्सलोनिका ५:२३) भनी बताउँछ। उसको सृजनाहारसँग मैत्रीक भावले सम्बन्धित हुनलाई मानिसको आत्मामा परमेश्वरले प्रदान गर्नुभएको विकसित हुने शक्ति छ। (अर्थात् प्राण र उसको सोच्ने, रोज्ने र प्रेम गर्ने क्षमता)

यद्यपि उसको शरीर, व्यक्तित्व र प्राण भौतिक संसारसँग सम्बन्धित छ।

**जहाँसम्म आत्मा पहिलो प्राण दोस्रो अनि शरीर तेस्रो छ। सबै सुहाउँदिला छन्*!***

तर केही भूल भएको छ। किनकि धेरै मानिसहरू उल्टो चालमा परेकाछन्। प्राथमिकता दिने काममा शरीर पहिलो छ; प्राण दोस्रो अनि आत्माचाहिँ तेस्रो दर्जामा परेकाछन्। जबजब तिनीहरूका आत्मिक सामर्थ्य अर्द्धनिद्रित अनि मृत भइढल्दछ, त्यसकारण आज धेरै मानिसहरूका विचार, निर्णय र प्रेमलाई भौतिक अनि शारीरिक विषयलोलुप अभिरूचिहरूले गाँजेका छन्। अत: परमेश्वरले यस्ता व्यक्तिलाई समृद्ध तुल्याउन र नियन्त्रण गर्ने क्षमता सृजाउनु भए तापनि उहाँलाई यस्तो नीच अवस्थासम्म महत्त्वहीन पारी खारिज गरेको कारण यस्ता मार्ग हराएका मानिसहरू अनि तिनीहरूका सृष्टिकर्ता परमेश्वरका माझमा सम्पर्क हुनैसक्तैन।

यदि परमेश्वर कुनै एक व्यक्तिदेखि टाढ़ो हुनुहुन्छ र उहाँ सत्य ठहरिनुभएको छैन भने त्यो व्यक्ति साँच्चै आत्मिकतौरले मृत हो। अर्को शब्दमा भन्नु हो भने– जुन

व्यक्तिले परमेश्वरसँगको सङ्गतिको लाभ उठाउँछ भने त्यो व्यक्ति वास्तविक एवं सम्पूर्णरूपले जीवित हो।

*तर परमेश्वर जो दया गर्नमा धनी हुनुहुन्छ आफ्नो महान् प्रेमको कारणले जसद्वारा उहाँले हामीलाई प्रेम गर्नुभयो हामी अपराधहरूमा मरेकै भए तापनि उहाँले हामीलाई ख्रीष्टसँगै जीवित पार्नुभयो* (एफेसी २:४-५) **यस संसारका सबै समस्याहरूचाहिं मानिसका कुइच्छाबाटै शुरू भएकाछन्।** परमेश्वरले मानिसलाई कठपुतली जस्तो बनाउनलाई सृष्टि गर्नुभएन; जुनचाहिं अरूको इच्छाशक्तिबिना चलमलाउन सक्तैन। धागोलाई चलाएर कठपुतलीको प्रत्येक चाललाई कठपुतली चलाउने व्यक्तिले नियन्त्रण गर्छ । अर्को तरीकाले भनौं– परमेश्वरले हामीलाई जस्तो मनपर्छ त्यस्तै गर्ने स्वतन्त्र इच्छा-शक्ति दिनुभएको छ। तर त्यस स्वतन्त्र इच्छाशक्तिका बरदानअनुसार हामीले गर्ने आफ्ना निर्णयहरूको विषयमा हामी व्यक्तिगततौरले उत्तरदायी छौं। (बाइबलको सत्यतालाई तुच्छ ठान्नेहरूबाट पनि हामी यस्ता कुराहरू कहिलेकाहीं सुन्नपाउँछौं।)

आदनको बगैंचामा दुइप्रकारका रूखहरू थिए। एउटाको नाम *जीवनको रूख अनि अर्को असल र खराबको ज्ञान दिने रूख।* (उत्पत्ति २:९) किनकि परमेश्वरले आदम र हवाको इच्छालाई आदर गर्नुभएको थियो। उहाँले तिनीहरूलाई जीवनको रूखबाट खाने मान्यता दिनुभएको थियो। त्यहाँ एक मात्र यस्तो रूख थियो; जसको फल नखानु भनी परमेश्वरले तिनीहरूलाई स्पष्ट गरिदिनुभएको थियो; अनि यो फलचाहिं निषेध गरिएका असल र खराबको ज्ञान दिने

रूखबाटको थियो। त्यही निषेध गरिएको कुरोलाई तिनीहरूले खान रोजे। किनकि परमेश्वरका आज्ञापालन गर्नु नगर्नु भन्ने कुरोमा निर्णय गर्न तिनीहरूसँग पूर्ण स्वतन्त्रता थियो। यसर्थ निर्णय तिनीहरूको आफ्नै थियो। यदि तिनीहरूले जीवनको रूखबाट खाएको भए। तिनीहरूले मानव-समाजमा जीवनको एक नव-आयाम परमेश्वरप्रतिको आज्ञापालनद्वारा स्थापना गर्नसक्ने थिए।

मानव जातिको सुविधाको निम्ति परमेश्वरले स्थापित गर्नुभएको त्यस उत्तम भागको विरूद्ध आदम र हवाले विद्रोह गरे। आदम र हवाको त्यस घृणित निर्णयले उहाँलाई असहनीय दु:ख दिनेछ साथै यसले सम्पूर्ण मानव जातिमाथि पनि ठूलो पीड़ा थोप्नेछ भनी परमेश्वरलाई याद भयो। तर उहाँको प्रेमको कारण अनि उचित निर्णय गरी असल कुरो रोज्नेहरूका निम्ति पछिबाट प्रकट गरिने महिमालाई जानेर उहाँले तिनीहरूलाई आफ्नै इच्छाअनुसार रोज्न दिनुभयो।

गलत कुरो रोज्ने घृणित कार्यमा आदम र हवालाई शैतान झुटको पिताले उसको लालचपूर्ण प्रभावद्वारा परीक्षा गर्न प्रयोग गऱ्यो। यदि तिमीहरूले यस फल खायौ भने तिमीहरू पनि परमेश्वरजस्तै हुनेछौ भन्ने सुझाव दिएर त्यसले निषेध गरिएको फललाई मोहनी रूप दिए। (आज पनि शैतानले मानिस परमेश्वरजस्तै हुनसक्छ भनी सुझाव दिन्छ। तर परमेश्वर, परमेश्वर नै हुनुहुन्छ उहाँ कहिले पनि त्यसभन्दा नीच हुनुहुन्न, त्यसर्थ मान्छे पनि मान्छे मात्रै हो अनि कहिले पनि उ त्यसभन्दा बढ़्ता हुनसक्तैन) परमेश्वरका इच्छाको विरूद्ध तिनीहरूको इच्छालाई काममा ल्याउन शैतानले आदम

र हवालाई सत्यपथबाट भड्काए। त्यसको परिणाम मानिस जातिको सन्तान–दरसन्तान परमेश्वरसँगको नजीक वास्तविक व्यक्तिगत संगतिदेखि अलग्गिएको हो।

अनि त *एउटा मानिसबाट संसारमा पाप आयो र पापबाट मृत्यु। यसरी सबै मानिसले पाप गरेका हुनाले सबै मानिसमा मृत्यु फैलियो।* (रोमी ५:१२)

संसारमा भएका हरेक चिहानघारी, हरेक अस्पताल हरेक पल्टन, हरेक जेलखाना **सृष्टिको शुरूमै मानिसले गरेका गलत रोजाइका परिणाम हुन्।** मानव जातिभित्र भएको यस घातक पापचाहिँ सम्पूर्ण मानव–जातिलाई संक्रमण गर्ने एउटा जन्मजात सरूवा रोग हो। पापले मान्छेलाई परमेश्वरीय सत्य संगतिबाट बेवास्ता रहनु मात्रै होइन; तर यसले मानिसलाई उसको आफ्नै संगीविश्वासीबाट पनि अलग गराएको छ।

**तपाईं र म जन्मैद्वारा अनि हाम्रो कामले गर्दा पनि पापी छौं।**

जहाँसम्म हाम्रो जन्मको कुरा छ। भजन लेखकले हाम्रोबारेमा सबै थोक भन्नुभएको छ: *म अधर्ममा उत्पन्न भएँ पापैमा मेरी आमाले मलाई गर्भधारण गरिन्।* (भजन ५१:५) तर हामीले गरेका पापपूर्ण कार्यहरूका निम्ति यस भनाइले क्षमाको बन्दोबस्त गर्दैन। बाइबलले व्यक्त गर्छ: *ती पापमै तिमीहरू बितेको समयमा यस संसारको रीतिअनुसार, अनाज्ञाकारिताका सन्तान ............ हामी सबै पनि शरीर र मनका इच्छा पुरा गरेर आफ्नो पाप- स्वभावका लालसामा अघि जिउँथ्यौं र अरू मानिस जस्तै हामी स्वभावैले क्रोधका सन्तान थियौं। (एफेसी २:२–३)*

हामी हाम्रो आफ्नो पापको कारण दोषी छौं। कसैलाई पनि दोष दिनुमिल्दैन – नता आफ्नी पत्नीलाई, नता साथीलाई, नता जन्म दिने माता-पितालाई। हामीले जीवन निर्वाह गरिरहेका परिवेश र वातावरण पनि दोषी छैनन्। तपाईं आफ्नो पापको निम्ति उत्तरदायी हुनुहुन्छ अनि म मेरो पापको निम्ति!

हामीले मानिसमाझ देखेको सर्वाधिक शत्रुता र विभाजनको वास्तविक कारणचाहिँ पाप हो। त्यही सामान्य कुरोचाहिँ हामी सबैमाथि शासक बनेको छ।

पापले एक अनिश्वरवादीदेखि विश्वासीसम्मलाई अनि एक अरबवासीदेखि यहूदीसम्मलाई बन्धनमा पार्छ। पापले पश्चिमी र साम्यवादी राष्ट्रहरूका दुइ गुट कुनैमा नलाग्ने असंलग्न राष्ट्रहरूका मानिसदेखि लिएर औद्योगिकीकरण भएका विकसित राष्ट्रहरूका मानिसलाई पनि बराबररूपले बन्धनमा बाँध्छ। पापले एक सर्वहारादेखि पुञ्जीपतिसम्मलाई, एक पुलिसदेखि हत्यारासम्मलाई अनि एक नारी-पुरूषको समान अधिकार खोज्ने व्यक्तिदेखि एक उग्र राष्ट्रवादी पुरूषलाई छोड्दैन। चाहे वेश्या होस्, किंवा प्रचारक, चाहे तिनीहरू विलासको उच्चतामा रहेको होस वा गरीबीको दलदलमा। चाहे तिनीहरू शिक्षित होस् वा अनपढ़ – ***सबैले पाप गरेका छन् अनि परमेश्वरको अनुग्रहरहित भएका छन्।*** (रोमी ३:२३) अनि पापचाहिँ मानिसमाझ रहेका सबै चिन्ताहरूको पहिलो कारण हो।

तर प्रभु येशू ख्रीष्ट पापीहरूका आशा हुनुहुन्छ! उहाँले भन्नुभयो; ***म धर्मीलाई होइन, तर पापीहरूलाई पश्चात्तापको निम्ति बोलाउन आएको हुँ।*** (मत्ती ९:१३) 'पाप'

शब्दले साधारणतया "आफ्नो लक्ष्यदेखि चुक्नु" भन्ने अर्थबोध गराउँछ। नजीकबाट होस् अथवा दुरत्वबाट तर तपाईं र मैले परमेश्वरका पवित्रताको निशानालाई चुकाएकाछौं। यस भूललाई संशोधन गर्नार्थ हामी स्वयंले केही गर्नसक्तैनौं। असल गुणहरू धारण गरेर अथवा असल कार्य गरेर हामीलाई परमेश्वरीय शान्ति प्राप्त हुनसक्छ भनी सोच्नु एउटा झुटो आशा मात्रै हो। ***यो कामहरूबाट होइन नत्र ता कसैले घमण्ड गर्नेछ।*** (एफेसी २:९) यसैकारण प्रभु येशूले उहाँको उद्धार विषय बोल्दै भन्नुभयो: ***म बलिदान होइन दया राख्दछु।*** (मत्ती ९:१३)

परमेश्वरको अनुग्रहको एक सत्य बुझाइले मानिसहरूलाई तिनीहरूका व्यक्तिगत पापको गम्भीरतापूर्ण परिणामदेखि आनन्दपूर्ण छुटकारा दिंदछ। किनकि; ***परमेश्वर अनुग्रहका धनी हुनुहुन्छ।*** (एफेसी २:४) उहाँले तपाईंलाई गर्ने आग्रहचाहिँ यो हो कि तपाईंले उहाँको सित्तैको वरदानस्वरूप उहाँको उद्धार प्राप्त गर्नुपर्नेछ। ***किनकि विश्वासद्वारा अनुग्रहले तिमीहरूले मुक्ति पाएका छौ; अनि यो तिमीहरू आफैबाटको होइन, यो परमेश्वरको दान हो।*** (एफेसी २:८) परमेश्वरको पवित्र उपस्थितिभित्र एक पापीलाई ढोका खोली प्रवेश गराउन ख्रीष्ट स्वयंले सर्वोतम बलिदान दिनुभयो।

मानिसहरूलाई सित्तैमा उपभोग गर्नदिन अनुग्रहका धनी परमेश्वरले फेरि जीवनको रूखको फल सृजाउनुभयो। तर उहाँले तपाईंलाई एक स्वतन्त्र इच्छा-शक्ति दिनुभएको छ। परमेश्वरले त्यस फल खानलाई तपाईंलाई जबर्जस्ती गर्नुहुनेछैन। परमेश्वरका सित्तैको त्यस वरदानप्रति तपाईंले

कसरी ध्यान दिनुहुन्छ; त्योचाहिँ एउटा ठूलो आवश्यकताको विषय हो। परमेश्वर भन्नुहुन्छ; *हेर कृपादृष्टिको समय अहिले हो; हेर मुक्तिको दिन अहिले हो।* (२ कुरिन्थी ६:२) अहिले भविष्यको कुनै समयमा होइन। तपाईं स्वयंले आफ्नो जीवनलाई सोझ्याउन–संगाल्न कोशिष गरिसक्नुभएको छ। तर प्रतिफल शून्य मात्रै भए। त्यसैले नभुल्नुहोस्; प्रभु येशू ख्रीष्टले भन्नुभयो; *म धर्मीहरूलाई होइन तर पापीहरूलाई पश्चात्तापका निम्ति बोलाउन आएको हुँ।* (मत्ती ९:१३)

आफ्नो वास्तविक पापको समस्यालाई इमानदारीपूर्वक मानिलिनुचाहिँ त्यसको समाधानार्थ पहिलो कदम राख्नु हो। तपाईंलाई स्वीकार गर्न प्रभु येशूका अंगालो खुल्ला छ। आज तपाईं जहाँसुकै; कुनै पनि अवस्थामा हुनुहोस्। तपाईंबाट उहाँले यति मात्रै सुन्न चाहनुहुन्छ; *हे परमेश्वर म पापीमाथि दया गर्नुहोस्।* (लूका १८:१३)

## एक क्षण विचार गरौं

१. के आज दु:खदायीरूपले समाजभित्र केही अशुभ कुराहरू घटिरहेका छन् भनी तपाईं मानिलिनुहुन्छ?

२. तपाईं बिरामी पर्दा तपाईंलाई औषधि दिनुभन्दाअघि डाक्टरले तपाईंको रोगीपनको सही जाँच गर्नैपर्छ त्यस कार्यलाई तपाईं सठीक मान्नुहुन्छ?

३. बाइबलले तपाईंको समस्याको सठीक जाँच कसरी गर्छ? अनि कसरी तपाईंको समस्याको निदान गर्नलाई सठीक औषधि दिन्छ?

शिमोन नाम भएको कुनै एउटा मानिस थियो; जसले त्यही शहरमा पहिले जादु गर्थ्यो र म एउटा महान् पुरुष हुँ भन्ने दावी गर्दै सामरियाका मानिसहरूलाई दङ्ग पार्थ्यो। त्यसैलाई ती सबैले—सानादेखि ठूलासम्मैले 'यी मानिस परमेश्वरका महान् शक्ति हुन्' भन्दै मानिरहेका थिए।

डा० लूका

# किन मानिसहरू यति साह्रो गरी बहकाइएका छन्?

एक केटीले छँदै ब्रिटिश टापुहरूको एक भागमा म बस्थें। जुन जग्गामाथि शत्रुका बमवर्षक विमानहरू निरन्तर उड्डिरहन्थे। त्यो युद्धको समय थियो। ती बमवर्षक विमानहरूका निशाना मध्य अनि उत्तरीय इङ्गल्याण्डको औद्योगिक क्षेत्र थियो। म र मेरा साथीहरूले हाम्रा आफ्नै लडाकु विमानहरूका गर्जनबाट शत्रुको बमवर्षक विमानको भुनभुन आवाज छुट्याउन सिक्यौं। जब हामीले आकाशमा शत्रुको विमानलाई पत्ता लाउने खोजबत्तीले (Searchlights)उज्यालो पारेको देख्यौं; हामी साह्रै उत्तेजित भयौं। हामीले भूईंमा बन्दुकको 'एयाक एयाक' अनि हावामा फाइटरहरूका 'कुकुर युद्ध'-को परिणामस्वरूप कुनै-कुनै समय बमवर्षक फाइटरलाई मारी गिराइएको जान्नपायौं।

शत्रुको एक बमवर्षक फाइटरलाई गिराउने कार्यमा त्यस विमानका केही कर्मीहरूसँग सुरक्षाको निम्ति प्यारासुट (Parachute) प्रयोग गर्ने सम्भाव्यता हुन्थ्यो। जीवित रहेका व्यक्तिहरूले उम्कने बाटो नपाओस् भनेर त्यसलाई कठिन बनाई दिन अधिकारीहरूले चौबाटोमा भएका सबै मार्गदर्शक चिन्ह (Signposts) हरू खोली भत्काइदिएका थिए। ती शत्रुपक्षका पायलटहरूले अर्को बमवर्षक विमान लिएर

आक्रमण गर्ने मौका नपाओस् भन्ठानेर अधिकारीहरूले रोडको छेउछेउमा भएका ती साइनबोर्ड्हरू भत्काइदिएको कारण त्यहाँ साँच्चै कुनै साइनबोर्ड्हरू थिएनन्।

तापनि हामी ठिटाहरूले शहरबाहिर हुटैन हुड भनिने स्थानमा चौबाटोको किनारामा एक बेअर्थको सानो दिशा देखाउने पाटी अझ पनि रहिरहेको देख्यौं। जब हामीले त्यो दिशा निर्देशन गर्ने पाटीलाई विपरीत दिशातिर फर्काईदियौं; हामीलाई यस्तो लाग्यो – साँच्चै युद्धका युक्तिहरूमा हामीले पनि सहायता पुर्याइरहेछौं। हाम्रा भेगमा आउने कुनै पनि शत्रुपक्षका विमानलाई स्थानीय अधिकारीहरूले अलमल्याइदिएको हामीलाई मनपर्थ्यो।

यदि शत्रुपक्षका पायलटले उसको हातमा एक यस्ता पुरा विवरण भएको मानचित्र लिएका भए; अवश्यै, त्यस्ता दिशा निर्देशन पाटीबारे समस्यानै उब्जने थिएन। जबसम्म उसको हातमा भएको मानचित्रले दिएको सूचनालाई उसले मात्र नचाहुञ्जेलसम्म दिशा निर्देशन पाटी (Signposts) लाई विपरीत दिशातिर फर्काइदिने हाम्रो केटौंले ज्ञानले पनि कुनै शत्रुलाई अलमल्याउने थिएन।

**परमेश्वरले हामीलाई बताउनुहुन्छ यस्तैप्रकारले मानिसहरू पनि परमेश्वरलाई खोज्ने तिनीहरूको प्रयासमा एक झुटा दिशा निर्देशन पाटीद्वारा भ्रमित हुनेछन्।**

उदाहरणार्थ, कुनै व्यक्तिले जब यस अद्‌भुत विश्व-

ब्रह्माण्डको अस्तित्वले सृष्टिकर्ता परमेश्वरलाई देखाइरहेको छ भन्ने सत्यलाई अस्वीकार गर्छ; तब उ निश्चय फसादमा पर्छ:-

*बुद्धिमान हौं भन्ने दावी गर्दै तिनीहरू मूर्ख बने... अनि जसरी तिनीहरूले आफ्नो ज्ञानमा परमेश्वरलाई राख्न चाहेनन्; परमेश्वरले तिनीहरूलाई भ्रष्ट भएको मनको वंशमा सुम्पिदिनुभयो।* (रोमी १:२२-२८) एक भ्रष्ट मन भएको व्यक्तिले सृष्टिका थोकहरू पुज्ने गर्छ। अर्को तरिकाले भन्नु हो भने स्वच्छ हृदय भएको मानिसले उसको सृष्टिकर्ताको पूजा गर्छ। यदि तपाईले यस विश्व-ब्रह्माण्डलाई परमेश्वरले सृजाउनु भएको हो भन्ने सत्यतामाथि विश्वास गर्नुहुन्न भने — परमेश्वरले यस सृष्टि कसरी हुनआयो भन्ने विषयमा तपाईंको मनलाई भ्रष्टतातिर फर्काइदिनुहुन्छ अनि तपाईलाई असभ्य र अशिष्ट विचारहरूका वशमा पारिदिनुहुन्छ। परमेश्वरविहीन मनचाहिँ एउटा बहकिएको मन मात्र हो।

*किनभने मुक्ति पाउनका निम्ति तिनीहरूले सत्यको प्रेमलाई ग्रहण गरेनन्। यही कारणले गर्दा तिनीहरूले झुटलाई विश्वास गरून् भनेर परमेश्वरले तिनीहरूकहाँ ठूलो भ्रमाउने शक्ति पठाउनुहुनेछ।* (२ थिस्सलोनिका २:१०-११)

कुनै व्यक्तिले एकपटक सत्यलाई इन्कार गरेको छ; भने उसले असत्यलाई सहजै अंगाल्नेछ। जसले परमेश्वरको वचनलाई सत्यताको रूपमा स्वीकार गर्नचाहँदैन त्यस्ता व्यक्ति एक धोकापूर्ण पथतिर लाग्नेछ। उसले विनाशलाई पछ्याउनेछ भनी परमेश्वरले चेतावनी दिनुहुन्छ। यदि कुनै पनि व्यक्तिले

वास्तवमा परमेश्वरको वचनको सत्यतालाई साकाररूपमा सजग भइ प्रेम गर्नचाहँदैन भने उसले स्वयंलाई एक भयानक अवस्थामा जान्छ।

लंडनको बाक्लो कुइरो भएर घर पुग्नलाई बाटो खोजीरहेको कुरोलाई म राम्ररी सम्झना गर्छु; बाटोको किनारलाई मात्रै पछ्याउन पनि मिल्नसक्ने सबै प्रकारका सहायताको मलाई त्यसक्षण दरकार परेको थियो। मेरो हातमा भएको टर्चलाइटको उज्यालोले पनि एक हातको दुरत्वदेखि बढ्ता देख्न सकिन्दैन थियो। परमेश्वरले हामीलाई एक मानसिक कुइरो जस्तो त्यो भयानक भ्रमले यस संसारका वर्तमान कुराहरूका अन्त्यलाई साथ दिनेछ भनी बताउनुहुन्छ। किनकि मानिसहरूले परमेश्वरका वचनको सत्यतालाई इन्कार गरेका हुनेछन् प्रभु येशूका चेलाहरूले सोधे; ***तपाईंको आगमन र संसारको अन्तको चिन्ह के हुनेछ?*** धेरै कुराहरूका विवरण दिँदै उहाँले उत्तर दिनुभयो। ***किनकि झुटा ख्रीष्टहरू र झुटा भविष्यवक्ताहरू खड़ा हुनेछ र ठूला-ठूला चिन्हहरू र चमत्कारहरू देखाउनेछन्। यहाँसम्म कि सम्भव भए ता तिनीहरूले चुनिएकाहरूलाई पनि बहकाउनेछन्।*** (मत्ती २४:२४)

अहिले पनि तपाईंले स्वयंलाई भनिरहेको हुनसक्छ,"म ता कुनै भ्रममा परेको छैन।" एक झुटा ख्रीष्ट र झुटा भविष्यवक्तालाई म सहजै चिन्नसक्छु भनी तपाईंले घमण्ड गर्न सक्नुहुन्छ। तथापि तपाईंको निर्णयमाथि एकपटक विचार गर्नुहोस्; यदि तपाईंले सत्यलाई प्रेम गर्नुभएको छैन भने परमेश्वरले तपाईंको मनलाई बहकाउन शैतानलाई आज्ञा

दिनुभएको छ। तपाईं निश्चय यसबारे सचेत रहनुहुनेछैन। यदि कुनै झुटा भविष्यवक्ताले तपाईंलाई धोका दिएको अनुभव साँच्चै छ भने तपाईं कुनै हालतमा पनि धोकामा पर्नुहुनेछैन। सबै भ्रमचाहिँ समझशक्तिमा नै हुन्छ। तथापि यो एउटा तीतो सत्य छ कि कुनै बुद्धिअनुसार घमण्ड गर्ने व्यक्तिले उक्त कुरोलाई स्वीकार गर्न गाह्रो पर्छ।

यस संसारद्वारा सिकाइएका धोकालाई चिनाउन तिनीहरूका आँखा खोलिदिए तापनि बाइबल पढ्दा सत्यलाई विरोध गर्ने दुइ प्रकारका मानिसहरू पाइन्छन्। एउटाचाहिँ त्यो व्यक्ति हो जो बुद्धिमान भएर घमण्डी अनि देखौरूपले आफैमा आत्मनिर्भर छ। अर्कोचाहिँ त्यो हो; जो नैतिकरूपले नै अनाज्ञाकारी छ। तर वास्तवमा परमेश्वरका इच्छाअनुसार चल्ने कुनै पनि व्यक्तिको निम्ति प्रभु येशू ख्रीष्टसँग एक उत्तम प्रतिज्ञा छ; ***यदि कसैले उहाँको इच्छा पालन गर्न चाहन्छ भने यस शिक्षाको विषयमा योचाहिँ परमेश्वरबाटकै हो कि म आफैपट्टिबाट बोल्दछु सो उसले थाह पाउनेछ।*** (यूहन्ना ७:१७)

यदि तपाईंले साँचोरूपले परमेश्वरको इच्छालाई पालन गर्न चाहनुहुन्छ भने बाइबलअनुसार परमेश्वरले तपाईंलाई कुन कुरो विश्वास गर्नु, कुन कुरो विश्वास नगर्नु; अनि कसरी व्यवहार गर्नु; कसरी व्यवहार नगर्नु; भन्ने विषयमा सिकाउनुहुनेछ भनी तपाईं आश्वस्त हुनसक्नुहुन्छ।

तथापि परमेश्वरका वचन नसिकाउने ती आफूजिले धार्मिक गुरुहरूले तपाईंलाई तिनीहरूका कुरामाथि विश्वास गराउने अनि झुटा कुराहरू गर्न लाउने दुष्प्रयास गर्नेछ। यस्ता

ब्वाँसाहरूदेखि हामी होशियार बस्नुपर्छ।

यस पीढ़ीमा पनि मानिसहरूलाई अँध्यारो दिशातिर दोहोऱ्याउने शैतानपुजक झुटा मसीहीहरू छन्। जुनसुकै व्यक्ति होस् जसले परमेश्वर पिता, परमेश्वर पुत्र अनि परमेश्वर पवित्र आत्मा, अर्थात् – त्रीएक अनि एकमा तीन सत्य स्थापित छ भन्ने सत्यलाई खारिज गर्छ भने; उ एउटा झुटो भविष्यवक्ता हो। यद्यपि यस्ता व्यक्तिहरूले बाइबलबारे केही विरलै पढ़िएका पंक्तिहरू निकाली उल्लेख गर्नसक्छ। यस्ता व्यक्तिहरूले परमेश्वरको वचनको मूलपाठलाई वास्तविक सन्दर्भदेखि सम्पूर्णरूपले विच्छिन्न गराउँछन् अनि बाइबलदेखि बाहिरका शिक्षालाई टेवा दिन्छन्। तपाईंले यस्ता झुटा शिक्षकहरूलाई "प्रभु येशू ख्रीष्ट को हुनुहुन्छ?" भन्ने प्रश्न राखेर सधैं जाँच गर्नसक्नुहुन्छ।यो महत्त्वपूर्ण कारणको एक अंश हो; उहाँ को हुनुहुन्छ त्यो तपाईं जान्नुहुन्छ।

जब तपाईंले सत्यरूपले ख्रीष्ट परमेश्वर पुत्र हुनुहुन्छ भनी जान्नुहुन्छ; एकर्कालाई सहायता पुऱ्याउन एक दृढ़ बन्धुत्वले भरिएको दरिलो समाजहरूमा पनि एक अझ अर्कै आत्मिक भ्रम देखापर्छ। यस्ता संगठित समाजहरूभित्र परमेश्वरलाई मानिलिए तापनि तिनीहरूले प्रभु येशू ख्रीष्टका शिक्षाहरूलाई स्वीकार गर्दैनन्। जसले भन्नुभयो;

***मद्वारा बाहेक अरू कोहीद्वारा पनि पिताकहाँ आउँदैन।***

(यूहन्ना १४:६)

बाइबलले परमेश्वरबारे झुटो विश्वासको भ्रममा परेका

ती व्यक्तिहरूबारे कठोर शब्दमा बताउँछ; ***परमेश्वर एक हुनुहुन्छ भनी तिमी विश्वास गर्दछौं। तिमीले असल गर्दछौं। दुष्ट आत्माहरूले* पनि विश्वास गर्छन् र थरथर काम्छन्।*** (यहूदा २:१९)

---

*दश मिलियनभन्दा बेसी मानिसहरूको सदस्यता भएको कुरोलाई प्रमाणसहित घोषणा गर्ने फ्रि म्यासोनेरी (Freemasonry) संसारमा एउटा ठूलो अन्तर्राष्ट्रिय गुप्तीय समाज हो। तापनि यसले सिकाएका 'भातृप्रेम' 'कल्याण' अनि सत्यनीतिहरू धेरै मानिसलाई आकर्षणीय लाग्छ। म्यासोन प्रविष्ट नभएकाहरूका निम्ति यो हानिकारक देखे जस्तो यस्मा अघावै प्रविष्ट भइसकेकाहरूका निम्ति यो संस्था त्यति हानिकारक लाग्दैन। एक म्यासोन बन प्रत्येक उम्मेदवारले ज्योतिसम्म पुग्नलाई त स्वयं अन्धकारमा छु भनी मानिलिनुपर्छ। येशू ख्रीष्टलाई पछ्याउने एक विश्वासीले उसले अघिबाटै ज्योति प्राप्त गरिसकेको कुरोमाथि विश्वास गर्दछ। ख्रीष्टले भन्नुभयो: *म संसारको ज्योति हुँ, जसले मलाई पछ्याउँछ उसले अँध्यारोमा हिँड्डुल गर्दैन, तर उसले जीवनको ज्योति प्राप्त गर्छ। (यूहन्ना ८:१२)*

म्यासोनिक गुप्तीय समाजका दीक्षा धर्मानुष्ठान नाटकीय हावभाव र अनेकौं संकेतावादहरूले भरिएको हुन्छ। त्यससमय मिशोनिक उम्मेदवारलाई परमेश्वरका वचन बाइबलीय अवधारणादेखि विमुख गराएर भिन्नै तरिकाले डोहोर्‍याइन्छ। जब उसलाई 'गेपुटो' (Gauto) को नामधारी परिचय गराइन्छ; त्यस उम्मेदवारलाई 'गेपुटो' चाहिँ" परमेश्वरको हराएको नाम" हो भनी बताइन्छ अनि त्यो गेपुटो चाहिँ" विश्व चराचर जगतको महान् कारीगढ हो।" यस सिद्धान्तानुसार परमेश्वरमा विश्वास राख्ने बुद्धिष्ट, हिन्दू, मुसलमान, यहूदी अथवा ख्रीष्टियन एक फ्रिमासोन बनसक्छन्। यसकारण गेपुटो (एक मानवीद्वारा धारण गरिएको परमेश्वरको अस्तित्व)ले एक उम्मेदवारको विचारलाई प्रभु येशू ख्रीष्टदेखि अलग्गै पारेर भ्रमित तुल्याउँछ (जुन प्रभु येशू ख्रीष्टलाई परमेश्वरको वचन बाइबलले *साँचो ज्योति (यूहन्ना १:९)* भनी घोषणा गर्छ) पछिबाट जब म्यासोन एक कर्तासदस्य साथी बन्छ। तब उसलाई परमेश्वरको अरू नाम 'जाबुलन ('Jahbulan') विषयमा सिकाइन्छ। पुन: जब त्यस उम्मेदवार एक 'मास्टर म्यासोन' हुन्छ। अब यस्ता असंशकित अथवा निश्चित भएका सदस्यलाई यो गुप्त नामचाहिँ वास्तवमा परमेश्वरको निम्ति प्रयुक्त एक यहूदी र मध्य पूर्वीय नामहरूका मिश्रण हो भनी बताइन्छ। यो जाह याहवे, बल (बाल देवताको एउटा प्रतिरूप) को विकृत रूप हो। जसले मिश्रका एक सूर्यदेवलाई दर्शाउँदछ। विभिन्न ठूला विश्वासहरूलाई समावेश गरी एउटै तुल्याउने जबर्जस्त प्रयासको यो एउटा उत्तम नमूना हो। प्रभु येशू ख्रीष्ट स्वयंले भन्नुभयो: ***यसकारण तिमीमा भएको उज्यालोचाहिँ अँध्यारो हुन्छ भने त्यो अँध्यारो कति घोर हुन्छ। मत्ती ६:२३)***

आज बाइबलले देखाएको परमेश्वरलाई खारिज गर्ने मुख्य धर्महरूबाट एक भयानक कार्यको द्रूत वृद्धि भइरहेको हामीले देखिरहेकाछौं। धेरै मानिसहरूका अभिरूचिलाई हिन्दु रीतिरिवाज पालन गर्ने विभिन्न जातीय गोष्ठीहरूले खिचिरहेछन्। एक पटक बाइबलीय शिक्षाको आधारमा बसालिएका देशहरू आज इन्द्रीय संयम गर्ने, ध्यान गर्ने, प्राथमिक हिन्दु-दर्शनको प्रभावमा अथवा यस्ता पूर्वीय अलौकिकवाद; जस्तै योगा र वैराग्यवादको प्रभावमापरेका छन्। हिन्दुवादबाट उत्पन्न भएका विभिन्न धार्मिक सम्प्रदायहरूचाहिँ सृष्टिकर्ता परमेश्वरलाई भन्दा सृष्टिमा भएका अनेकौं देवी-देवताहरूलाई पुज्ने गर्छन्।

मुस्लिम राष्ट्रहरूले पनि आफ्नो विश्वासलाई फैलाउने विचारमा गहिरो उत्साह देखाइरहेका छन्। तिनीहरूका तेलको पैसा र बढ्दो राजनैतिक प्रभावले यस कार्यलाई धुमधामसँग गर्ने तिनीहरूलाई उत्साह प्रदान गर्छ। केही वर्षअघि तिनीहरूका एक तीर्थमध्ये अति 'पवित्र' चट्टानको गुम्बज भनी खास सम्प्रदायको वेदी वा पीठलाई येरूशलेमको उच्च मन्दिरमा स्थापना गरेका छन्। तिनीहरूले बेपर्वाह परमेश्वरको वास्तविक सुसमाचारको आत्मालाई इन्कार गर्छन्। चट्टानको गुम्बजवरिपरि अरबी भाषामा लिखित वचनले "परमेश्वर जन्मन्दैन नता उहाँले जन्माउनैसक्छ" भनी बताउँछ। तथापि बाइबलले बताउँछ;

***परमेश्वरले संसारलाई यति विघ्न प्रेम गर्नुभयो कि उहाँले आफ्नो एक मात्र पुत्रलाई दिइहाल्नुभयो ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस् तर उसले अनन्त जीवन पाओस्।*** (यूहन्ना ३:१६)

धार्मिक सम्प्रदायहरूको जगतमा भ्रम हुनु कुनै अचम्मलाग्दो कुरा होइन। धर्म निरपेक्ष संसारले एक मानवतावादी दर्शनलाई अंगालेको छ। जुन दर्शनले मान्छेचाहिँ विश्व-ब्रह्माण्डको केन्द्र हो, अनि त्यस समाजको उच्च ध्येयचाहिँ मान्छेको विकास हो भन्ने विषयलाई प्राथमिकता दिन्छ। विश्वविद्यालयहरू, खबर-कागजहरू, पत्रिकाहरू, रेडियो र टेलिभिजनहरूमा मानवतावादको घोषणा गरिन्छ। यस विषयमा आफैलाई सर्काउने 'मपाईंपन' चाहिँ आ-आफ्ना विज्ञापन प्रचार गर्ने संसारको एक मुख्य विषयनै भएको छ।

साँच्चै यो मानवतावाद कतिपय व्यक्तिहरूले सोचे जस्तो कुनै नयाँ दर्शन होइन। विगत पावल प्रेरितकै पालोमा पनि परमेश्वरले भन्नुभयो; ***तिनीहरूले परमेश्वरको सत्यतालाई झूटसँग साटे। सृष्टिकर्ताको सट्टामा जो साँच्चै सदासर्वदा धन्य हुनुहुन्छ, तिनीहरूले सृष्टिको पूजा र सेवा गरे।*** (रोमी १:२५)

यो तथाकथित मानवतावादीहरूलाई कुन कुरोचाहिँ सठीक हुनुपर्ने हो भनी प्रभुले नम्र प्रश्न राख्नुहुन्छ; ***मैले पृथ्वीको जग बसाल्दा तँ कहाँ थिइस्? तैँले बुझ्छस् भने मलाई बता।*** (अय्यूब ३८:४) यो पुरानो कथा हो जब शैतान आदिमाता हव्वाकहाँ आयो *"तिमी परमेश्वर जस्तै हुनेछौ"* (उत्पत्ति ३:५) भनेर शैतानले एक असम्भवलाई सम्भवमा बद्‌ली गरिदियो। अहिले हाम्रो पालोमा पनि शैतानले सांसारिक मानवतावादको धोकापूर्ण शिक्षाद्वारा आफ्नो घृणित कार्य लगातार गरिरहेछ।

सायद तपाईं राजनैतिक अथवा धार्मिक विषयमा संलग्न नभएको एक आधुनिक युवा हुनुहुन्छ। तपाईंको निम्ति राजनैतिक नेताहरूचाहिँ शंकाजनक व्यक्तिहरू हुन अनि

धर्मचाहिँ निराधार छन्। व्यक्तिगत् सफलताको निम्ति आफ्नो उच्च क्षमता र दृष्टिकोणलाई तपाईं अझै कतै ढाल्ने मन गर्नुहुन्छ। वर्तमान हेभी मेटल पंक-रक (Punk Rock) निउवेभ म्यूजिक (New Wave Music)का गीतहरूले व्याख्या गरेका जीवन बाँच्ने ढंग अथवा यस रंगशालामा हुने कुनै पनि कुरोले तपाईं स्वयंलाई एक्लो पाउनुहुने यस संसारमा एक त्राण दिनसक्छ; भनी तपाईंले सोच्नुसक्नुहुन्छ।

अवश्यै; तपाईं आफूले सुनेर नाँच्नुपर्ने गीतका शब्दहरूप्रति सचेत हुनुहुन्छ। तथापि ती तथाकथित संगीत र साजका अधिकांश भागचाहिँ शैतानिक चालचलनका घिनलाग्दा लक्षण भएका यौवनिक विकारको रूप अनि अश्लील यौनहरूका एक मिसावट हो भनी जान्दाजान्दै पनि त्यस घृणित सत्यलाई तपाईंले बताउनचाहनु हुन्न। सधैं जसो शंकाजनकरूपले हेरिएको र बेअर्थका अस्तित्व भनी ठानिएका नरकका त्रासहरूलाई एक सुन्दर विकल्पको रूपमा ती संगीत र गीतहरूमा प्रस्तुत गरिन्छ। कहिले काहीँ यस प्रकारका नाच-गान र मस्ती एक नराम्रो वातावरणमा साथै उज्जण्ड हिंसामा परिणत हुन्छन। अनि यस्ता सिद्धान्तमा संलग्न भएका ती कलिला युवाहरू स्वयंलाई अनि एका अर्कालाई पनि नष्ट पार्नु उत्साहित हुन्छन्।

लश एन्जेलुश (Los Angeles) महानगरमा मैले देखेको एक स्थानको बारेमा म तपाईंलाई बताऊं; रेफ्रिजेटेर(The Refrigerator) भनिने यो एउटा लाश घर हो। त्यहाँ ६०० सय जति लाशहरू राखिन्छ। ती लाशहरू प्राय: युवाहरूका हुन्छन्। कसैले ती लाशहरूलाई चिन्न सक्नेछन्

भन्ने आशामा ती लाशहरूलाई छ महीनाको निम्ति संरक्षित ढंगले राखिन्छ। तिनीहरूका बुढी औंलामा बेनामी फिताहरू बाँधिएका हुन्छन्। अन्त्यमा 'जोन डज' भनिने भीखमंगाहरूको चिहानधारीमा बेवारिश लाशहरू जस्तै ठूलो संख्यामा तिनीहरूलाई दफ्नाइन्छ। तिनीहरूमध्ये प्राय: ड्रगको कुलतको कारण अनि वर्तमान लाखौं घरहरूमा रिकर्ड प्लेयर, सी०डी०हरूमा सुनिएका संगीतसाथ नृत्यको प्रदर्शन (Discos) र त्यसमा घोषित संवादमा अन्धाधुन्ध अनुकरण गरेर अन्त भएकाहरू हुन्छन्। तिनीहरूले गलत दिशा निर्देशिका (Signposts)–लाई पछ्याएका थिए। अनि तिनीहरूले हिँड्का पथको अन्त्यमा आइपरेको दुष्परिणामबाट बाँच्न त्यस पथलाई बद्‌ली गर्न धेरै ढिलो भइसकेको थियो। यदि तिनीहरूले प्रभु येशू ख्रीष्टका वचनहरू सुनेका र त्यसमा ध्यान दिएका भए ता! उहाँले भन्नुभयो: ***म*चाहिँ *तिनीहरूले जीवन पाऊन् र झन प्रशस्त गरी पाऊन् भनी आएको हुँ।*** (यूहन्ना १०:१०)

यी सबै भ्रममा थपिएका कुराहरूचाहिँ 'अन्धकारपूर्ण कला' (Black Arts) भनिने शैतानसिद्धी कलाप्रतिको अभिरूचिको रहस्यमय वृद्धि हो। विश्वस्त सूत्रहरूले बताएअनुसार रहस्यमय टुनामुना विद्याप्रतिको अघोर रूचि जसरी त्यो अन्धकारको युगमा (Dark Ages) प्रचलित थियो। त्यसरी नै आज पनि प्रचलित छ ; अनि यत्तिका तथाकथित 'वैज्ञानिक ज्ञानको वृद्धि' हुँदाहुँदै पनि टुनामुना गर्ने काम जारी नै छ।

प्राय: चिताउनै नसकिने स्थानहरूमा शैतान

पुजकहरूका संख्यामा वृद्धि भइरहेका छन्। 'कालो पिण्ड' भनिने शैतानिक पर्व मनाउन लण्डन महानगरीबाट क्यासिङ्गटोनमा यस विद्याका पेशावर व्यक्तिहरू भेला हुन्छन्। यूरोपभरि बोक्सीहरूका झुण्डहरू वृद्धि हुनुका साथ–साथै त्यस्ता पैशाचिक झुण्डहरू भेनेकोभार उपद्वीप जस्ता सुन्दर स्थानहरूमा पनि क्रमशः बढ्रिहेकाछन्। अफ्रिका (इजिप्ट) बाट शुरू भएका पौराणिक काला जादुका अभ्यासहरू संसारभरिने आत्मिक विचार गोष्ठीका बैठकहरूमा नक्कल गरिइएका छन्। विभिन्न प्रचलित खेलकुद जस्तै 'डंग्यून्स अनि ड्रागन्स' अनि 'उजिया बोर्ड' आदिले शैतानिक भाव अनि अलौकिक कुराहरूसँग यस वृद्धि भइरहेका मोहित तुल्याउने कुरोहरूमा दिल बहलाइदिन्छ; जुन कुरोलाई मानिसहरू आज पनि संसारका खेल भन्न रूचाइन्छन्। यस्ता फैलिरहेका अद्भूत घटनाहरूचाहिँ एक बोक्रे आत्मिक जिज्ञासाका परिणामहरू हुन्। तिनीहरूका भ्रमित खोजहरूमा धेरै मानिसहरू परमेश्वरको ज्योतिदेखि टाढ़िएर जानु मात्रै होइन; अपितु एक प्रकारको झुटो र रित्तो आत्मिक तृप्तिका निम्ति अन्धविश्वासको अँध्यारोतिर पनि बढ्दैजान्छन्।

यो दिनहरूकै विषयमा परमेश्वर के भन्नुहुन्छ; त्यो हामीले राम्ररी ख्याल गर्नुपर्छ। उहाँले हामीलाई अन्तका दिनहरूमा देखिने महाभ्रमलाई साथ दिने ती ***झुटा भविष्यवक्ताहरू, नक्कली*** र तिनीहरूका ***चमत्कारहरू***का विषयमा चेतावनी दिनुहुन्छ। साँच्चै एक झुटको पिता आउनेवाला छ भनी परमेश्वर बताउनुहुन्छ। जसका दुष्ट कार्यहरू ***शैतानको कर्मअनुसार सबै सामर्थ्य, चिन्हहरू र झुटा***

***चमत्कारहरूका साथमा हुन्छ; र नष्ट हुनेहरूको मध्यमा अधर्मका सबै प्रकारका धोकाबाजीका साथमा हुन्छ।*** (२ थिस्सलोनिका २:९-१०)

किनकि झुटा शिक्षाहरू र शैतानिक उपासनाका अभ्यासहरूमा यस प्रकारका वेगपूर्ण अभिरूचि बढ्रिहेछ। किन विभिन्न जाति र सम्प्रदायहरूका एक बढ्दो संख्या नास्तिकवाद, खोक्रो सान्त्वना र आशाहीनताको पीड़ादायक शक्तिहरूले ढाकिएका छन् भनी सहजै बुझ्नसकिन्छ। उल्लेख गर्नु नै हो भने शैतानका भ्रमपूर्ण माध्यमहरू अनेकौं छन्। तापनि तपाईं निर्धक्क रहनसक्नुहुन्छ किनकि ती शैतानका भ्रामक दिशा देखाउने माध्यमहरूमध्ये कुनैले पनि प्रभु येशू ख्रीष्टचाहिँ मानिसहरूका एकमात्र उद्धारकर्ता हुनुहुन्छ भनी दर्शाउँदैनन्।

परमेश्वरका सुसमाचारचाहिँ कुनै परिस्थितिमा पनि विषाद, अन्योल र मृत्यु होइन। उहाँ आशाको सुसमाचार हुनुहुन्छ; आश्वासन र जीवित जीवनचाहिँ ख्रीष्टमा पाइन्छ। परमेश्वरप्रतिको तपाईंको खोजमा जब तपाईं बाइबल पढ्नुहुन्छ। त्यस कार्यमा तपाईंलाई पवित्र आत्माले सधैं प्रभु येशू ख्रीष्टतिर इंगित गर्दछ; जसले भन्नुभयो: ***बाटो सत्य र जीवन म नै हुँ;*** अनि त्यहाँ अरू कोही पनि हुनैसक्तैन किनकि ख्रीष्ट पुन: भन्नुहुन्छ: ***मद्वारा बाहेक कोही पनि पिताकहाँ आउँदैन।*** (यूहन्ना १४:६)

तपाईं आफ्नो सठीक दिशादेखि भौतारिन नपरोस् भनेर परमेश्वरले तपाईंलाई शैतानका धोकापूर्ण दिशा देखाउने माध्यमहरूबारे चेतावनी दिनुभएको छ। तपाईंको समझशक्तिलाई ढाकिदिने क्रमशः बढ्रिहेका यी भ्रम विषयमा पनि उहाँले तपाईंलाई सुचित गर्नुभएको छ। अब उहाँले

तपाईंलाई यो प्रतिज्ञा दिनुहुन्छ:

*जुन उपायहरू मैले तिमीहरूको निम्ति गरेको छु ती म जान्दछु। ती तिमीहरूको भलाइको निम्ति हुन बुराइको निम्ति होइन। तिमीहरूलाई भविष्य सुधार्न र एउटा आशा दिनलाई हो। तब तिमीहरू मकहाँ आउनेछौ र र म तिमीहरूको प्रार्थना सुन्नेछु। जब तिमीहरूले आफ्नो हृदयले मलाई खोज्नेछौ तब तिनीहरूले मलाई खोजेर पाउनेछौ। परमप्रभु भन्नुहन्छ तिमीहरूले मलाई भेटाउने छौ। (यर्मिया २९: ११-४)*

## एक क्षण विचार गरौं

१. कुन प्रकारको ज्ञानले चाहिँ सृष्टिकर्तालाई भन्दा बढ्ता सृष्टिका थोकहरूलाई पुज्ने गर्छ? (पढ्नुहोस्; रोमी १ : २२,२८)

२. परमेश्वरप्रतिको खोजमा तपाईंसँग भएका कुनैपनि बुद्धिवादी समस्यालाई समाधान गर्ने कुनचाहिँ मुख्य उपाय हो? (पढ्नुहोस्; यूहन्ना ७: १७)
के यो तपाईंको बुद्धिको सामर्थ्य हो?
के यो तपाईंका लालसा र संकल्प हुन्?

३. के परमेश्वरले तपाईंलाई उहाँतिर दोहोराउन एक स्पष्ट 'मार्गदर्शक' दिनुभएको छ? (पढ्नुहोस्; यूहन्ना ८:१२)

*धेरै वर्षअघि इङ्गल्याण्डमा; साना नानीहरूका सन्डे स्कूल श्रेणीमा एउटा ठिटोले आफ्ना शिक्षकलाई सोध्यो ''के परमेश्वरले बद्‌मास केटाहरूलाई माया गर्नुहुन्छ?'' प्रत्युत्तरमा शिक्षकले भन्यो ''अँह! एकदमै गर्नु हुन्न'' अहो एउटा केटोलाई बताइएको त्यो चित्त नपर्दो ईश्वरनिन्दा! यदि परमेश्वरले बद्‌मास केटाहरूलाई प्रेम नगर्नु हुँदो हो त उहाँले कहिले पनि मलाई प्रेम गर्नुहुने थिएन! शेक्सपियरले भनेका छन् '' अदलबदलमा मात्रै चल्ने प्रेमचाहिँ; प्रेम नै होइन।''*

जी० क्याम्बेल मोरग्यान

# के परमेश्वरले मलाई साँच्चै प्रेम गर्नुहुन्छ?

तपाईंलाई ख्याल गर्ने कतिपय व्यक्तिहरूको प्रेमप्रति कुनै दिन प्रश्न गर्नुभएको छ; अथवा उनीहरूले विश्वास नगरिदिँदा तपाईंले उनीहरूलाई प्रेम गर्नुहुन्छ भनी प्रमाणित गर्ने प्रयास गर्नुभएको छ? तपाईंलाई थाहै छ यी दुवै कार्यमा सत्यप्रेमचाहिँ ओठे शब्दहरूले भन्दा कार्यद्वारा अभिव्यक्त गरेर देखाउनुपर्ने समय आइपर्छ।

**यसकारण शब्दहरूभन्दा कार्यहरूचाहिँ अधिकतौरमा बलवान् छन्। जब येशू ख्रीष्ट क्रूसमा मर्नुभयो; परमेश्वरले तपाईंप्रतिको प्रेम त्यसैमा प्रदर्शित गरेर देखाउनुभयो। जब तपाईंले यसको महत्त्व बुझ्नुहुन्छ; तब तपाईंलाई परमेश्वरले प्रेम गर्नुहुन्छ भनी कुनै कुरो बताइरहने आवश्यकता पर्दैन।**

ख्रीष्टमा मेरो नयाँ जन्म भएको लगत्तैपछि मैले एउटा तरुण बिगुल बजाउने केटो र एउटा सिपाहीका सत्यकथा पढ्ने मौका पाएको थिएँ। बोएरका युद्ध भइरहेको समय तिनीहरू दुवैले सेना वाहिनीलाई सघाउ पुऱ्याउन भाग लिएका थिए। बिगुल-वादक बिलाइस हल्ट सातजना नास्तिक सिपाहीहरूसँग छाउनीमा काममा खटाइँदा उनको उमेर बाह्र वर्ष मात्र पुगेको थियो। तापनि बिलाइसचाहिँ त्यो बील भनिने सिपाहीभन्दा भिन्नै प्रभु येशू ख्रीष्टमा एक समर्पित विश्वासी थियो। र प्रत्येक

रात मौनतामा प्रार्थना गर्न र आफ्ना बाइबल पढ्नलाई उनी आफ्नो पलंगको छेउमा घुँडा टेक्ने गर्थ्यो। उनले यसो गर्नलाग्दा अरू सिपाहीहरू भने ठट्टा गर्न र सराप्नथाल्थे।

एकदिन कम्पनीका कर्णलले सैनिकहरूका जमघट्लाई रूखो स्वरमा सम्बोधन गरे। एउटा चोरको पाइला पहिल्याउँदै जाँदा त्यो पाइलाको छाप बिलाइस र बीललाई खटाइएको छाउनीमा आएर हराएको थियो। त्यस अपराधीको पाइला पहिल्याउने सनसनी खोजीमा कर्णलले सम्पूर्ण कम्पनीलाई अन्तिम चेतावनीको आदेश जारी गर्‍यो ''मैले पहिला दिएको चेतावनी लागु भएन'' उनले भन्यो ''हिज राती चोरले फेरि त्यही कुकार्य गर्‍यो अब म त्यस कसुरदारले स्वयंलाई चिन्हाओस् अनि एक साधारण मान्छेले जस्तो आफ्नो जरिमाना भोगोस् भनी अन्तिम मौका दिन्छु। यदि त्यसले यस आदेशलाई उल्लंघन गरे यस कम्पनीका प्रत्येक मान्छेले आ-आफ्ना नाङ्गो ढाड्मा दश-दश कोर्रा प्रहारको सास्ती भोग्नेछ। तर तिमीहरूमध्ये कुनै व्यक्ति अघि आएर यो सास्ती भोग्छ भने अरूलाई छुट मिल्नेछ।''

एक तनावपूर्ण मौनतापछि बिलाइस सबैका सम्मुख खड़ा भयो र कदम अघि बढ़ाउँदै उसले भन्यो, ''सर भर्खरै तपाईले स्पष्ट भन्नुभयो कि ''यदि तिमीहरूमध्ये कुनै व्यक्ति अघि आएर यो सास्ती भोग्छ भने अरूलाई चाहिँ छुट मिल्नेछ, सर म त्यही व्यक्ति हुनचाहन्छु'' कर्णल रीससरि अन्जान भीड़का विरुद्ध चिच्यायो ''कसरी तिमीहरू एउटा निर्दोष केटोलाई आफ्नो साटोमा सजाय भोग्न दिन्छौ ?'' कोही चलमलाएन।

'त्यसो हो भने ...'' कर्णलले भन्यो ''एउटा निर्दोष केटोले यस कसुरदार मान्छेको साटोमा सजाय भोगिरहेको एउटा ार्मिक दृश्य तिमीहरू सबैले हेर्नेछौ; होइन त?''

आफ्ना वचनमा अडिग कर्णलले बिलाइसको पिठ्यूँ ांगो बनाइथाप्ने आदेश दियो; तब कोर्राका निष्ठुर प्रहारहरू ाब्रिनथाले; जब बिलाइस कोर्राका घातक प्रहारहरूको चोट ाढ्ता सहन नसकी बेहोश भएर ढल्यो। यो मार्मिक दृश्य देखेर सपाहीहरूका लामबाट बील अचानक फुत्त निस्किआयो र चच्यायो ''रोक! चोर म हुँ मलाई सजाय होस्'' होशमा आउने यत्न गर्दै बिलाइसले बीलतिर प्रेमपूर्वक निस्तेज आँखा उठायो बिस्तारै साउती गर्‍यो ''ठीकै छ बील! अब कर्णलले आफ्ना ाचन फिर्ता लिनसक्तैन तिम्रा सबै सजायहरू म भोगिदिन्छु'' रनि बिलाइसले त्यो सजाय पूरा पनि गर्‍यो!

त्यस तरूण बिलाइस कोर्राको चोटको मर्काबाट कहिल्यै नेको हुनसकेन। तर बिलाइस स्वर्ग जानभन्दाअघि उसको लंगको छेउमा बसेर बील हृदय टुटाएर रूनसम्म रोयो र सोध्यो 'किन बिलाइस, किन मेरो बद्लीमा तिमीले यस्तो सजाय ोगिदियौ? म त्यस कुरोको योग्य थिइनँ!'' बिलाइसको उत्तर ाधारण थियो। बीललाई बताउँदै उसले भन्यो ''बील! रमेश्वरले तिमीलाई कत्ति बेसी प्रेम गर्नुहुन्छ भनी तिमीलाई ाले सँधैजसो बताउने प्रचेष्टा गरे; तर तिमीले यसलाई सँधै ँसोमा उडायौ; यदि मैले तिम्रो साटोमा सजाय भोगिदिए भने िम्रा पापका साटोमा मरिदिन प्रभु येशू क्रूसमा जानुहुँदा उहाँले ामीप्रति गर्नुभएको अपार प्रेमको परिभाषा बुझ्न तिमीलाई यो

सजाय भोगाइले निश्चय सहायता गर्नेछ भनी मैले विचार गरें।''
विलाइसको स्वर्गवास हुनभन्दाअघि बीलले प्रेमी ख्रीष्टद्वारा सित्तैमा अर्पण गरेका उद्धारलाई ग्रहण गऱ्यो।

पापमा हराएका सम्पूर्ण मानिसहरूका निम्ति ख्रीष्टमा स्वर्गले आफ्नो बचाव अभियानको घोषणा गरेको छ; अनि योचाहिँ त्यही प्रेम हो; हामी सबैप्रति रहेको परमेश्वरीय प्रेम जुन प्रेमले ख्रीष्टका बलिदान र दु:खहरूका अचम्मको कार्यलाई वृद्धि गर्दछ।

## *सिद्ध मान्छे*

गलगथाको पहाड़मा तीनवटा क्रूसहरू खड़ा गरिएका थिए। तीमध्ये दुइपट्टिका क्रूसमा चोरहरू झुण्ड्याइएका थिए। यी दुई अपराधीहरूका माझमा प्रभु येशू ख्रीष्टलाई क्रूसघातित गरियो र त्यहाँनेर उहाँ मर्नुभयो।

उसको क्रूसघातित असाध्य पीड़ादायक वेदनाको अन्तिम घड़ीमा चोरहरूमध्ये एउटा चोरले ती तीनैजनालाई मृत्युदण्डका सजाय दिने न्यायिक सरकारी फैसलाप्रति आफ्नो मत व्यक्त गर्ने साहस गऱ्यो। अचम्म लाग्नसक्छ त्यस चोरको पीरको मुख्य चिन्ताचाहिँ उसको आफ्नै पीड़ा विह्वल अनि यातना भोगिरहेका शरीरप्रति थिएन। तर त्यसको विपरीत रोमन न्यायपालिकाले कसरी दुवै चोरले भोग्नुपर्ने मृत्युदण्ड नै ख्रीष्टलाई पनि भोग्नु कर लगाएर सठीक कार्य गर्नसक्नेन भन्ने कुरोतिर उसको विचार गयो। ख्रीष्टप्रति गरिएको त्यो उग्र अन्यायले त्यस चोरलाई दु:ख पुऱ्याएको थियो। उसको प्राण छुट्न-छुट्नैलागेका अन्तिम क्षणमा मर्नैलागेका चोरले स्वच्छ

हृदय लिई; नम्रतापूर्वक तीनवटा अनुभया उद्‌गारहरू व्यक्त गर्‍यो।

**प्रथम:** ***हामीले न्यायअनुसार मृत्युदण्डको फल पाइरहेछौं।*** त्यो छोटो र नम्र बयानमा, मर्दै गरेको चोरले उसको अपराधप्रतिको व्यक्तिगत भूलदोषलाई मानिलियो। उसले आफ्ना व्यक्तिगत अपराधलाई स्वीकार गर्‍यो।

***दोस्रो : हामी त साँच्चै न्यायअनुसार नै मरिरहेछौं*** ... हाम्रा जमानामा साधारण चोरी चकरी र लुटपीटका हिंसात्मक कार्यहरू सामान्य कुरा भएका छन्। प्रथम शताब्दीमा यस प्रकारका अपराधहरूलाई कति गम्भीररूपले हेरिन्थ्यो भन्ने कुरो बुझ्न कठिन लाग्नसक्छ। तर ती तीन छोटा वचनहरूमा मर्दै गरेका चोरले उसको समयमा उसलाई दिइएको मृत्युचाहिँ उचित र न्यायसंगत थियो भनी आफ्नो अपराधबोधलाई व्यक्त गरेको थियो ... ***हामी त साँच्चै न्यायअनुसार मरिरहेछौं।***

***तेस्रो : यो मानिसले कुनै नराम्रो काम गरेको छैन।*** तथापि त्यस चोरले कसरी उसको दोषलाई स्वीकार गर्‍यो र कसरी त्यस समयका कानूनी व्यवस्थाले ठहराएको न्यायलाई उसले मानिलियो; यो एउटा चाखलाग्दो विषय छ। उसको छेउमै क्रूसमा झुण्डिएका येशू ख्रीष्टका विषयमा रहेको उसको चासोचाहिँ पढ्न साह्रै उदेकलाग्दो छ। मर्दै गरेका चोरले नियालेर हेरेका यी सिद्ध मानिस ख्रीष्टचाहिँ निर्दोष भए तापनि अन्यायपूर्वक उहाँले मृत्युदण्ड भोगिरहेका थिए।

आफ्नै पापमा दोषी ठहरिएको कारण आफू क्रूसमा झुण्डिन्दा येशूतिर फर्किएर पुकारा गर्न सिवाय त्यस चोरसँग अरू कुनै उपाय र आशा नै थिएन। त्यसकारण त्यस चोरले

नम्रतापूर्वक बिन्ती बिसायो *''हे प्रभु जब तपाईं आफ्नो राज्यमा आउनुहुन्छ तब मलाई सम्झिदिनुहोस्''* यस्तो दोष र आवश्यकताको स्वीकारोक्तिप्रति उहाँले सँधै प्रत्युत्तर दिनुहुन्छ, त्यही प्रकारले प्रभु येशूले तत्क्षण नै त्यस चोरसँग प्रतिज्ञा गर्नुभयो : *म तिमीलाई साँच्चै भन्दछु; आज नै तिमी मसँग स्वर्गलोकमा हुनेछौ* (लूका २३:३९-४३)।

प्रभु येशू ख्रीष्टतिर फर्किने सबै पश्चातापी पापीहरूलाई झैं त्यो मर्दै गरेको चोरलाई पनि त्यही दिन अनन्त जीवनको आशा प्राप्त भयो। उ प्रभु येशू ख्रीष्टजस्ता महान् प्रभुतिर फर्कियो अनि उसले ख्रीष्ट मर्नुभएको क्रूसको सठीक स्थानमै अनुग्रह प्राप्त गर्नलाई बिन्ती गर्‍यो।

ज्यू, त्यस अद्‌भुत दिन मरिरहेका चोरहरूमध्ये एउटा चोरको दृष्टिमा चाहिँ प्रभु येशू वास्तवमै **निर्दोष** हुनुहुन्थ्यो। यसकारण पछिबाट प्रभु येशूलाई नियालेर हेर्ने कार्यमा उहाँका दुइजना चेलाहरू पनि पूर्णरूपले निश्चित थिए। तिनीहरूले ख्रीष्टचाहिँ **पापरहित** हुनुहुन्थ्यो भनी जाँचेर हेरे, यी प्रत्येक चेलाहरूले प्रेरित पावल सँगसँगै ख्रीष्टका पापरहित पवित्रताबारे आफैद्वारा जाँचिएका साक्षीलाई उल्लेख गरेका छन्।

आफ्ना कार्यप्रति जोशिलो प्रवृत्ति भएका मान्छे **पत्रुस** प्रभु ख्रीष्टका एक नजीकका मित्र थिए। त्यसकारण जब उनले ख्रीष्टको पापरहित पवित्रतालाई जाँचेर हेरे; उहाँको व्यक्तित्वसँग सहमत भई उनले एउटा कार्यशील वचन प्रयोग गरेको पाइन्छ : ***उहाँ (प्रभु येशू)-ले कुनै पाप गर्नुभएन*** (१पत्रुस २:२२)।

**यूहन्ना**को पनि प्रभु येशूसँग विशेष प्रकारको मित्रता

थियो। फलस्वरूप जब उनी निन्दक भीड़हरूका दृष्टिदेखि टाढ़ो हुनुभएका बेला उनका प्रभुलाई प्राय: नजीकबाट निरीक्षण गर्ने यूहन्नाले मौका पाइनै रहन्थे। यस लाभदायक प्रत्यक्ष सम्बन्धद्वारा यूहन्नाले यो कुरो स्पष्टरूपले जाँचे:- *उहाँ (प्रभु येशू ख्रीष्ट)-मा पाप छैन* (१यूहन्ना ३:५)।

अर्को शब्दमा, **पावल** प्रेरित अद्वितीय यशका एक शास्त्रज्ञ थिए। त्यसैकारण, अध्ययन र ज्ञानका तृषित पावलले प्रभु येशूबारे *उहाँले पाप जान्नु नै भएन* (२कोरिन्थी ५:२१)। भनी घोषणा गरे।

ख्रीष्टका पापरहित जीवन विषयक यी तीन आधारभूत साक्षीहरूचाहिँ बढ़्तै प्रभावशील छन्। तर कतिपय मानिसहरूले ''आ ... न त मर्दै गरेको चोर न त प्रेरित पत्रुस, यूहन्ना र पावल, वास्तविक साक्षीका रूपमा दरिनसक्छ। मर्नै लागेको चोर एउटा उदास मान्छे थियो, र ख्रीष्टप्रतिको तिनीहरूका भक्तिभावद्वारा प्रेरितहरू पक्षपाती मात्रै थिए'' भनेर टार्नसक्छ। त्यसो हो भने यहोदाका रोमी राज्यपाल पेन्तियोस पिलातसबारे हामी के भन्ने? निश्चय उनी ख्रीष्टका मित्र थिएनन्। तथापि ख्रीष्टलाई उहाँको मृत्युको दण्डदेखि निरपराध गराउने उद्देश्य लिएर उहाँको विरूद्ध फत्तुर लाउने निन्दकहरूलाई पिलातसले स्पष्ट गरिदिए।

*मैले तिमीहरूकै सामु उसलाई जाँचेपछि तिमीहरूले उसमाथि कुन कुराहरूको दोष लगाउँदैछौ, त्यस विषयमा मैले यो मानिसमा केही दोष भेट्टाइनँ* (लूका २३:१४)।

जब हामी स्वर्गीय सिंहासनमा विराजमान परमेश्वर

पिताको घोषणासँग ती सबै मानवीय साक्षीहरूलाई तुलना गर्छौं, तब यी साक्षीहरूले के अर्थ राख्दछ? जब एक व्यक्तिले सबैको सम्मुख उभिएर बोल्नुपर्छ; त्यो व्यक्ति त्यहाँ पूर्णरूपले परिचित भएको हुनु उचित छ। यसरीनै प्रभु ख्रीष्टले आफ्नो जनसाधारणप्रतिको सेवा शुरू गर्नलाग्नुभएको समय अरू कसैले होइन तर परमेश्वर पिताले उहाँको प्रिय पुत्रको परिचय दिने अवसरका निम्ति स्वयंलाई अग्रसर गराउनुभयो। स्वर्गबाट तुरही र ठूलो स्वरले पिताले घोषणा गर्नुभयो: ***यिनी मेरा प्रिय पुत्र हुन्, जससँग म अत्यन्तै प्रसन्न छु*** (मत्ती ३: १७)।

ख्रीष्ट मानवस्वरूपमा भई जिउँदा परमेश्वरले यस संसारमा मानिसलाई जिउन बनाउनु भए झैं त्यही ढाँचामा उहाँ पनि जिउनुभएको थियो भनी पितालाई याद थियो। अरू सबै मानिसचाहिँ ***परमेश्वरको महिमारहित भएका छन्***(रोमी ३:२३)। तर ख्रीष्टचाहिँ त्यस्तो हुनुहुन्न! प्रत्येक पक्षमा उहाँ सिद्ध हुनुहुन्थ्यो, त्यसकारण जब उहाँले आफ्नो जनसाधारणप्रतिको सेवा शुरू गर्नलाग्नुभएको बखत् उहाँका पिताले नै उहाँको परिचय दिने कार्य गर्नुभयो अनि उहाँचाहिँ आफ्ना प्रिय पुत्रको जियाइमा आनन्दित हुनुहुने ***पवित्र पिता हुनुहुन्थ्यो*** (यूहन्ना १७:११)।

प्रभु येशू परमेश्वर समान हुनुहुन्थ्यो भनी हामीले अघावै व्याख्या गरिसकेका छौं। यसकारण परमेश्वर स्वयंले एक कन्या आमाको गर्भबाट जन्मग्रहण गर्न आफ्नो बड्पन त्यागेको कारण उहाँले स्वयंलाई मानिस रूपधारण गराउन स्वयंलाई नम्र तुल्याउनुभयो भन्ने कुरो जान्नपाउँदा अचम्म लाग्छ। तापनि, येशू एक मानिसरूपी हैसियतले उहाँको स्वर्गीय पिताप्रति

पूर्णरूपले आज्ञाकारी नहुनुभएको भए उहाँले आफ्ना पितालाई कहिले पनि आनन्द दिनुसक्नुहुने थिएन। उहाँका सांसारिक जीवनभरि येशू आफ्ना स्वर्गीय पिताप्रति आज्ञाकारी हुनुभयो र उहाँमाथि नै भरोसा पर्नुभयो। यसरी उहाँको मनुष्यता उहाँका स्वर्गीय पिताका संसारप्रतिका पवित्रता, प्रेम र उद्देश्यको प्रकटीकरण बन्यो।

ज्यू, परमेश्वरको हैसियतले उहाँ स्वयंले एकपटक सृजाउनुभएको यही धरतीमाथि येशू एउटा मान्छेको हैसियतले हिँड्नुभयो। यद्यपि प्रभु येशू कहिले पनि परमेश्वरभन्दा कम हुनुहुन्न थियो। किनकि परमेश्वरले चाहनुभएको मान्छे जस्तो भई ३३ वर्ष जीवन व्यतीत गरेर उहाँले उदाहरण देखाउनुभयो। येशूको मनुष्यतामा परमेश्वरले बनाउनुभएका असल मानिसमा हुनुपर्ने गुणलाई कलंक लाउने कुनै अशुभ कुराहरू थिएन। उहाँ आफ्ना स्वर्गीय पिताप्रति सँधै सम्पूर्णरूपले हाजिर हुनुहुन्थ्यो। त्यसकारण जब उहाँले आफ्ना प्रिय पुत्रप्रति नियालेर हेर्नुभयो तब पिता आफ्ना पुत्रप्रति अति प्रसन्न हुनुहुन्थ्यो। जो मानिसहरूमाझ एक **सिद्ध** मान्छे बनी जिउनुभयो।

मर्ने लागेको चोर र पन्तियोस पिलातसको दृष्टिमा येशू ... **दोषरहित! पापरहित!! सिद्ध** हुनुहुन्थ्यो। पत्रुस, यूहन्ना र पावलको दृष्टिमा येशू, दोषरहित हुनुहुन्थ्यो। स्वर्गीय परमेश्वर पिताको दृष्टिकोणमा येशू पापरहित हुनुहुन्थ्यो। येशू सिद्ध! दोषरहित! पापरहित! हुनुहुन्थ्यो तापनि उहाँ हाम्रा निम्ति मर्नुभयो; हामी प्रत्येकप्रति उहाँले गर्नुभएको महानतम् प्रेमको कारण उहाँ हाम्रा निम्ति मर्नुभयो!

## *अनन्त प्रेम*

अब, ती प्रथम गुडफ्राइडेको भयानक घट्नालाई प्रत्यक्ष देख्ने दर्शकहरूलाई हाम्रा कल्पनामा दौंजेर हेरौं। क्रूसको वरिपरि मानिसका भीड्हरू वाल्ल परिबसिरहेका थिए। अनि जब तिनीहरूले त्यस भयानक रमितालाई नियालेर हेरे तिनीहरूले एउटा दु:खपूर्ण रक्ताम्मे विषमताले भरिएका मनलाई नै स्तब्ध गराउने आम तमाशाको सामना गर्नुपरेको थियो।

येशूका दुवैपट्टि अपराधी मानिसहरू क्रूसमा झुण्ड्याइएका थिए। ती दुवै अपराधीहरू तिनीहरूका विरुद्ध मानिसहरूका अघि दोषी ठहरिएका थिए। अनि आफ्ना सृष्टिकर्ता परमेश्वरको दृष्टिमा पनि तिनीहरू दुवै दोषी थिए। देशको न्यायसंहिताले पनि ती दुवैको निम्ति मृत्युदण्ड ठहराएको थियो।

यी दुवै चोरहरूका मध्येमा येशू क्रूसमा झुण्ड्याइनु भएको थियो। चोरहरूसँगको स्पष्ट दाँजोमा मानिसहरूका दृष्टिअघि मात्रै येशू निर्दोष र निष्पाप हुनुहुन्न थियो। तर उहाँका पवित्र पिताका अघि पनि उहाँ सिद्ध हुनुहुन्थ्यो। ***परमेश्वर ख्रीष्टमा*** (२ कोरिन्थी ५:१९) ***निर्दोष र निष्कलङ्क थुमा,*** (१ पत्रुस १:१९) भइकन क्रूसमा जानुभयो। ख्रीष्टको मृत्युचाहिँ पापी मान्छेको साटोमा परमेश्वरको हृदयको प्रेमद्वारा स्वेच्छापूर्वक अर्पण गरिएको थियो।

चोरहरू मर्नैपर्ने थियो; तर प्रभु येशूचाहिँ त होइन। उहाँलाई दोष लाउने आलोचकहरूलाई येशूले अघिनै स्पष्ट गरिदिइसक्नुभएको थियो : ***म मेरो प्राण, यसलाई म फिर्ता***

*लिऊँला भनेर अर्पण गर्छु, कसैले यसलाई मबाट खोसेर लाँदैन तर.........यसलाई अर्पण गर्ने मेरो अधिकार छ र यसलाई पुन: फिर्ता लिने पनि मेरो अधिकार छ* (यूहन्ना १०:१७-१८)। अनि अब चाँडै उहाँको प्रेम कुन हदसम्म जानेछ भन्ने कुरो चेलाहरूलाई बताउँदै उहाँले भन्नुभयो : *आफ्ना साथीहरूका निम्ति आफ्नो प्राण अर्पण गरिदिनुभन्दा ठूलो प्रेम अरू कसैको हुँदैन* (यूहन्ना १५:१३)।

प्रभु येशूका मृत्यु भइसकेर उहाँको पुनरुत्थान भएपश्चात् प्रेरित पावलले '*परमेश्वर ख्रीष्टमा हुनुहुन्थ्यो, अनि त्योचाहिँ उहाँमा (ख्रीष्टमा) हामी परमेश्वरका धार्मिकता बन्न पाऔँ भनेर पापै नजान्नुहुनेलाई परमेश्वरले हाम्रा निम्ति पाप तुल्याउनुभयो*(२ कोरिन्थी ५:२१) भनी बढ्ता मुख्यता दिनुभयो। शताब्दी शताब्दीपछि आएर; हाम्रा पापहरूका सट्टामा मरिदिनुपर्ने ख्रीष्टका मृत्युको अद्‌भूत सत्यतालाई यो शब्दहरूमा अर्थपूर्ण ढंगले अभिव्यक्त गरियो।

तपाई मेरा धार्मिकता हुनुहुन्छ,
म तपाईको पाप थिएँ।
तपाईको भागचाहिँ मलाई दिएर
मेरो भाग तपाईले लिनुभएको छ
म जो त्यस्तो थिइनँ त्यो बन्नसकूँ भनेर
तपाई त्यो हुनुभयो, जो तपाई वास्तवमा हुनुहुन्न थियो।

## एउटा गहुँको दाना

हुनै लागेको उहाँका मृत्युप्रति पूर्णरूपले सचेत रहनुभएको कारण प्रभु येशूले आफ्ना चेलाहरूप्रति हृदय

खोल्नुभयो र भन्नुभयो :

*अहिले मेरो प्राण विचलित भएको छ र म के भनूँ? 'पिता, मलाई यस घड़ीबाट बचाउनुहोस्?' तर यही कारणका निम्ति म यस घड़ीसम्म आइपुगें। हे पिता तपाईंको नामको महिमा गर्नुहोस्।* परमेश्वरका महिमाको निम्ति यस्ता मनप्राणले गरिएका प्रतिज्ञाप्रति उहाँका पिताले विजयी आनन्दसहित उत्तर दिनुभयो। *मैले महिमा गरेको छु र फेरि पनि महिमा गर्नेछु* (यूहन्ना १२:२७-२८)।

अब तपाईं भन्नसक्नुहुन्छ : पृथ्वीअन्तर्गत त्यस्तो क्रूसघातित अवस्थामा चढ़ाइने रक्तरञ्जित स्थलमा परमेश्वरलाई कसरी महिमित तुल्याउन सकिन्छ?

तब हामी पिता र पुत्रमाझको सम्पर्कमा निहित मूल कुरामाथि विचार गरौं। येशूले उहाँका चेलाहरूलाई दिनुभएको शिक्षालाई सम्झना गरौं :

*साँचो-साँचो म तिमीहरूलाई भन्दछु, गहुँको दाना भूइँमा खसेर मरेन भने त्यो एकलै रहन्छ; तर मऱ्यो भने त्यसले धेरै फल फलाउँछ* (यूहन्ना १२:२४)।

ज्यू; एक सिद्ध मानिस भएको कारण येशू कहिले पनि मृत्युलाई सामना नगरी सोझै स्वर्ग जानुसक्नुहुन्थ्यो। उहाँमाथि मृत्युको कुनै प्रभुत्व रहेको थिएन किनकि मानिसहरूमाझ उहाँ मात्र निर्दोष, पापरहित र सिद्ध हुनुहुन्थ्यो। तर तपाईं र मलाई उहाँसँग स्वर्गमा वास गर्नु लाने सत्यलाई सम्भव तुल्याई उहाँले आफ्ना पितालाई महिमा दिने कार्यलाई रोज्नुभयो। प्रेमको यो कस्तो अद्भुत कार्य!

यदि उहाँ नमरिदिनुभएको भए; येशूसँग स्वर्गमा लाने आत्मिक फसल केही हुने थिएन अनि तपाईं र मचाहिँ अनन्तका निम्ति दण्डित बन्ने थियौं। यो त्यही हो अब येशूको मृत्युप्रति तपाईंको व्यक्तिगत ध्यानाकर्षणद्वारा तपाईंको अनन्त लक्ष्यलाई तय गर्नसकिन्छ। पत्यार नै लाग्दैन कि; कतिपय मानिसहरूले ख्रीष्टको क्षमाशीलताको उपहारलाई आज पनि खारिज गरिरहेकै छन् अनि कतिपय व्यक्तिहरूचाहिँ उहाँको प्रेमी बलिदानको विषयमा केवल तटस्थ (खारिज पनि नगर्ने स्वीकार पनि नगर्ने) भई बसिरहन्छन्। तथापि कुनै व्यक्तिले ख्रीष्टलाई व्यावहारिकरूपमै खारिज गरोस् अथवा नगरोस्। तर त्यसको परिणाम एउटै हुन्छ – ज्योति र प्रेममय जीवनको स्रोतदेखि सँधैलाई अलग्गै हुनु। यस प्रकारको भयानक दशालाई यी शब्दहरूमा अभिव्यक्त गरिएको छ :

मर्दै, मर्दै तिमी मर्नेछौ
एक भयानक मृत्यु मर्नेछौ
अनन्तका निम्ति मर्नेछौ
सँधै मरिरहेर पनि तिमी मरिसक्ने छैनौ।

तर धन्यवादसहित परमेश्वरका प्रेमी अनुग्रह प्रशस्त भएको कारण ख्रीष्टका अघि आफ्ना पापहरूको मोचनका निम्ति कुनै उचित कार्य गर्न नसक्ने एक अयोग्य पापीको रूपमा तपाईंले स्वयंलाई स्वीकार गर्नुभयो भने। यदि तपाईंले आफ्ना पापहरूका बद्लीमा भएको ख्रीष्टको प्रेमी मृत्युलाई विश्वास गर्नुभयो भने; अनि तपाईंको निम्ति मरिदिनुभएकोमा आफ्ना पापहरूबाट फर्किएर तपाईंले उहाँलाई धन्यवाद दिनुभयो र आफ्नो हृदय र जीवनमा आउन उहाँलाई निम्तो दिनुभयो

भने; तब प्रभु येशूले तपाईंलाई यो व्यक्तिगत प्रतिज्ञा दिनुहुनेछ:

*म पिताबाट निस्कें अनि संसारमा आएको छु। फेरि म संसारलाई छोड्छु। र पिताकहाँ जान्छु........म तिमीहरूका निम्ति ठाउँ तयार पार्न जान्छु........म फेरि आउनेछु अनि म जहाँ छु; त्यहाँ तिमीहरू पनि होओ भनेर म तिमीहरूलाई आफूकहाँ लानेछु* (यूहन्ना १६:२८, १४:३)। तथापि अनन्त जीवनचाहिँ स्वर्गमा हुने भविष्यको आश्वासन मात्रै होइन तर यो अनन्त जीवनचाहिँ प्रभु येशू ख्रीष्टमाथि भरोसा पर्ने र उहाँलाई प्रेम गर्ने ती सबै मानिसहरूका निम्ति एक महिमित तोकिएको वास्तविकता हो। यस्ता मानिसहरूसँग परमेश्वर प्रतिज्ञा गर्नुहुन्छ।

*परमेश्वरले हामीलाई अनन्त जीवन दिनुभएको छ, र यो जीवन उहाँका पुत्रमा छ। जससँग पुत्र हुनुहुन्छ, उसित जीवन छ; जससँग परमेश्वरका पुत्र हुनुहुन्न, उसित जीवन छैन* (१ यूहन्ना ५:११,१२)।

अनन्त जीवन प्रभु येशू ख्रीष्टमा छ। अनि जब उहाँले मानिसका हृदयमा आफ्ना वासस्थान बनाउनुहुन्छ। त्यही सुखद क्षण अनन्त जीवन शुरू हुन्छ।

## महान् मूल्य

हामीले अघिबाटै उल्लेख गरिसकेका छौं; यदि हामी परमेश्वरसँग सदासर्वदा रहनु हो भने हामीले हाम्रा पापको समाधान खोज्नैपर्छ। अनि हाम्रा जीवनमा भएका पापको समाधानचाहिँ प्रभु येशूका मृत्युद्वारा नै सम्भव हुनसक्छ। परमेश्वरका पवित्रता, न्याय, प्रेम सबै सबै प्रभु येशू ख्रीष्टको

क्रूसमा आएर पूर्ण भएका छन्। त्यही क्रूसमा उहाँको पवित्रतालाई जगेरा गरेर राखिएको थियो। त्यहाँ उहाँको न्यायलाई उचितढंगले प्रमाणित गरिएको थियो। अनि त्यहाँ तपाईं र म जस्ता पापमा लिप्त मानिसलाई परमेश्वरको प्रेमले अंगालेको थियो।

'उहाँको उच्च निष्ठाप्रति मेरा परम कोसिस' भनिने उनको दैनिक भक्तिभावले भरिएका पुस्तकमा, ओसवाल्ड च्याम्बर्सले यो लाभदायक चेतावनी दिनुभएको छ।

'परमेश्वर अति दयालु र प्रेमी हुनुभएको कारण उहाँले हामीलाई अवश्यै क्षमा गर्नुहुन्छ' परमेश्वर पिताप्रतिको यस्ता आनन्द लाग्ने मतप्रति होशियार रहनुहोस्। मानिसहरूले जेसुकै भनुन् तर बाइबलका नयाँ नियममा त्यस्ता भावुकतालाई स्थान छैन। तर परमेश्वरले आफ्ना अनुग्रहमा ख्रीष्टको क्रूसको आधार लिएर मात्रै पापलाई क्षमा गर्नु अनि हामीलाई उहाँसँग पुनः स्थापित गर्नुसक्नुहुन्छ त्यसबाहेक अर्को कुनै उपाय नै छैन। यदि हामी यसलाई सत्य मानिलिन्छौं भने; विश्वासको सरलतासहित पापको क्षमा प्राप्त गर्न अहिले पनि सम्भव छ। अनि परमेश्वरले यस सत्यलाई हाम्रो पक्षमा गर्नलाई कत्रो ठूलो मोल चुकाउनु परेको थियो भन्ने कुरो जान्दाजान्दै पनि हामी त्यस कुरोलाई बिर्सन पनि सक्छौं।

तथापि हामीले अघिबाटै विलाइस हल्टका निःस्वार्थी कार्य विषयमा उल्लेख गरिसकेका छौं। हाम्रा निमित्त कलभरीमा परमेश्वरले प्रत्यक्ष सहनुभएका पीड़ा र उहाँको प्रेमलाई समानरूपले नाप्ने कार्यमा कुनै मानव त्यसको योग्य बनेको पाउँदैनौं। अनि पवित्र बाइबल भनी जानिने पवित्र आत्माद्वारा

प्रेरित वचनद्वारा हामीलाई यसप्रकारका बलिदानी प्रेमको सम्पूर्ण झाँकी (दृश्य) देखाउनलाई परमेश्वर आफैले रहस्य उद्घाटन गर्नुहुन्छ। तापनि उहाँका प्रेमको गरिमाले हाम्रा सीमित समझको धारणशक्तिलाई कोसौं पर उछिनिदिन्छ। तापनि यस प्रकारका अद्भूत प्रेमका कार्यलाई विचार गरेर हामी यस प्रेमका लमाइ, उँचाइ, चौडाइ, गहिराइका थोरै मात्रै भए तापनि गुण गाउनसक्छौं।

क्रूसमा येशू मर्नुहुँदा उहाँले हाम्रा पापका निम्ति तीन प्रकारले दु:ख भोग्नुभयो। क्रूसमा येशूको शरीर पीडा र कष्टले पिरोलिएका थिए। क्रूसमा उहाँको प्रेम चरम अवस्थामा फैलिएको थियो, अनि यसप्रकारका मानसिक आघातभन्दा पनि अधिक क्रूसमा येशू पितासँगका उहाँको एक्येतामा उहाँले सँधै उपभोग गर्नुभएको ज्योति, महिमा र शान्तिबाट बिछोडिनुपरेको थियो।

ज्यू; येशूले क्रूसमा सहनुभएका दु:खहरूचाहिँ हाम्रा मानवीय समझले बुझेर बुझिनसक्ने छन्! तथापि जब हामी उहाँको शारीरिक कष्टमाथि विचार गर्छौं; पापी मानिसप्रति आफ्नो प्रेम दर्शाउन उहाँले भोग्नुभएका भावनात्मक पीडा र मुख्यत: उहाँका आत्मिक कष्टमय प्रेमको एउटा सूक्ष्म नापस्वरूप एउटा नयाँ ढंगले हामी त्यसको गुणगान गर्दछौं।

**शारीरिक कष्ट** : ख्रीष्टको मृत्युलाई मैला दाग लागेको पेपरको अंशमा भएका विश्वप्रसिद्ध चित्रकार रेम्ब्रान्टको एउटा अमूल्य चित्रको बर्बादीसँग सहजै तुलना गर्नसकिँदैन; अनि अझ भनु नै हो भने प्रभु ख्रीष्टको मृत्युलाई कुनै अरू मानिसको सहज मृत्युसँग तुलना गर्नसकिँदैन। पछिबाट ख्रीष्टले भोग्नुहुने

त्यो शारीरिक कुरूप अवस्थाबारे बाइबलको पुरानो नियममा गरिएका भविष्यवाणीले बताएको छ। हामीलाई थाह हुन्छ; उहाँको अवस्था : ***यहाँसम्म विकृत थियो कि मानिसको जस्तो थिएन*** (यशैया ५२:१४)। तथापि उहाँको यस क्रूसघातित कुरूप अवस्थाका सम्बन्धमा बाइबलका अंग्रेजी अनुवादले मुल हिब्रू ग्रन्थका वचनलाई पूर्णरूपले अर्थ्याउन सकेको छैन। यहाँ परमेश्वरले हामीलाई यस्तो बताउनुहुन्छ कि उहाँको पुत्रलाई पशुसरह कुरूप बनाइयो। उहाँ मान्छे जस्तो देखिनुहुन्न थियो। यसप्रकार ख्रीष्टको शारीरिक क्षत-विक्षत अवस्थाका विषयमा येशू स्वयंले भविष्यवाणी गर्नुभएको थियो।

***हेर हामी माथि यरूशलेमतिर गइरहेछौं, अनि मानिसका पुत्र मुख्य पूजाहारीहरू र शास्त्रीहरूका हातमा पक्राइनेछन्; अनि तिनीहरूले उनलाई मृत्युदण्डको योग्य ठहराउनेछन्; र उनलाई अन्यजातिहरूका हातमा सुम्पिनेछन्; अनि तिनीहरूले उनलाई गिल्ला गर्नेछन्; उनलाई कोर्रा लाउनेछन्, उनलाई थुक्नेछन् र उनलाई मार्नेछन्;*** (मर्कूस १०:३३-३४)।

यही कुरो घट्नगयो! पछिबाट प्रत्यक्षदर्शीहरूले देखेका त्यही कुरोलाई मर्कूसले व्याख्या गरेका छन्; प्रथमत: ***तिनीहरूले निगालोले उहाँको शीरमा हिर्काएर उहाँलाई थुके त्यसपश्चात् तिनीहरूले उहाँलाई गिल्ला गरे अनि अन्त्यमा तिनीहरूले उहाँलाई क्रूसमा झुण्ड्याए*** (मर्कूस १५:१९-२०)।

छालाको दाम्लोले बनिएको हड्डी र धातुका तीखा, धारिला छेस्काहरू झुण्ड्याइएका रोमी कोर्राले उद्धारकर्ताको शरीरबाट मासुहरू चिथोरेर निकाल्थे; निर्ममतापूर्वक यस कोर्राले उहाँको पिठ्यूँ र छातीका मासुहरू च्यातेर निकाल्थे। त्यसैकारण,

भजनका पुस्तकमा मसीहाले यसो भन्नेछन् भनी भविष्यवाणी गरिएको छ। *तिनीहरूले मेरा हात र मेरा खुट्टा छेडेका छन्। मेरा सबै हाड़हरू म गन्नसक्छु। मेरा हाड़हरूले मलाई एकोहोरो हेर्दछन्*(भजन २२:१६-१७)। ज्यू, प्रभु येशू ख्रीष्ट प्रत्येक पक्षबाट सिद्ध बनी क्रूसको पीड़ापूर्ण र यातनाभरि मृत्युमा जानुभयो। हाम्रा निम्ति उहाँले सहनुभएका ती दु:खहरूले अक्षरस: उहाँको शारीरिक रूपलाई क्षत-विक्षत तुल्याइदियो।

उहाँले तपाईं र मेरा निम्ति भोगिदिनुभएको तीव्र शारीरिक यातनाचाहिँ यस्तो थियो।

परमेश्वरले तपाईंलाई ख्रीष्टमा कति बेसी प्रेम गर्नुहुन्छ भनी जान्नलाई के यस सत्यले सहायता गर्ला ?

**भावनात्मक पीड़ा :** क्रूसघातित हुनुभएका प्रभु येशूको शारीरिक पीड़ाचाहिँ हाम्रा मानवीय समझले भियाउने कुरो होइन यो त उहाँले सहनुभएको घोर पीड़ाको एउटा अंश मात्रै थियो। तापनि उहाँको शारीरिक कष्टले उहाँको गहिरो वेदनाको सतहलाई स्पर्श मात्रै गरेको छ।

क्रूर क्रूसमा उहाँले असहनीय भावनात्मक पीड़ालाई पनि अनुभव गर्नुभएको थियो। यूहन्नाले ती भयावह घट्नाबारे उल्लेख गरेको छ।

*तर जब तिनीहरू (रोमी सिपाहीहरू) येशूकहाँ आए, र उहाँलाई पहिल्यै मरिसक्नुभएको देखे, तब तिनीहरूले उहाँका खुट्टा भाँचेनन्। तर सिपाहीहरूमध्ये एउटाले उहाँको कोखामा भालाले घोच्यो, अनि तुरुन्तै रगत र पानी निस्के* (यूहन्ना १९:३३-३४)।

मैले सुनेको छु; त्यो रगत र पानीका बहाइले येशू प्रभु मुटु फोरिएर मर्नुभयो भन्ने सत्यलाई उजागर गर्छ भनी चिकित्सा विज्ञानका सिद्धहस्त डाक्टरहरू विश्वास व्यक्त गर्दछन्। हृदय रोग निवारणका विशेषज्ञहरू यस रहस्यमय घट्नालाई अझ बढ़ी व्याख्या गर्छन् र सुझाव राख्छन्। वास्तविकरूपले जब येशूको मुटु फोरियो; उहाँको रगत मुटुलाई घेर्ने फैलिएका झिल्ली वा जालोभरि छताछुल्ल पोखियो। यस घट्नाअनुसार उद्धारकर्ताको कोखामा भाला रोप्दा रगत र पानी निस्किएको सत्य कारण स्पष्ट हुन्छ। भजन ६९ अध्यायमा ख्रीष्टका मृत्युबारे गरिएका भविष्यवाणीहरूमाझ हामी भविष्यवाणीमाथि नै आधारित अघिबाटै देखाइएका उहाँको हृदयविदारक मानसिक आघातका प्रतिच्छायाबारे पढ्छौं: *तिरस्कारले मेरो मन छिया-छिया भएको छ अनि म विषादले भरिएको छु* (भजन ६९:२०) ज्यू; यस अविश्वसनीय भावनात्मक पीड़ाले अक्षरस येशूको प्रेमी मुटुलाई फोरिदिएको थियो।

उहाँको प्रेमी मुटु वारपार चिरिंदा त्यहाँ मानव-जातिको निम्ति चुकाइएका सम्पूर्ण यातनाको छाल उर्लिएको थियो। अनि उहाँका निष्कलङ्क आत्मालाई पापीहरूबाट अलग रहेको (हिब्रू ७:२७) आत्मालाई सोच्नै नसकिने पापपूर्ण र छोप्नै नसकिने नरकका घिनलाग्दा कुराहरूले घेरिदिएका थिए। त्यहीँनेर प्रभु येशू मुटु फोरिएर मर्नुभयो।

यसरी परमेश्वरले तपाईलाई ख्रीष्टमा कति बेसी प्रेम गर्नुहुन्छ भनी जान्नलाई के यो सत्यले सहायता पुर्‍याउँदैन कि ?

**आत्मिक पीड़ा** : क्रूसमा अझ बढ़ी प्रभु येशू कराउनुभयो : *हे मेरा परमेश्वर, तपाईंले मलाई किन*

*त्याग्नुभयो?* (मत्ती २७:४६)। हाम्रा पापका कारण अनि हाम्रा बाबु बाजेबाटै रहेर आएका पापी स्वभावको कारण हामी परमेश्वरसँगका संगतिबाट विच्छिन्न भएका छौं भनी हामीले अगावै निरीक्षण गरिसकेका छौं। स्वर्गबाट सहायता नभइदिएको भए हामी सबै आत्मिकरूपले मृत हुनेथियौं। तापनि एक कन्याको गर्भमा पवित्र आत्माद्वारा गर्भधारण गरी जन्मनुभएका प्रभु येशूचाहिँ सम्पूर्णरूपले पापरहित हुनुहुन्थ्यो। तापनि क्रूसमा उहाँसमेत पनि आफ्ना पिताबाट त्यागिनुभयो र त्यहीँनेर उहाँ मर्नुभएको थियो; तर उहाँको मृत्युको कारणचाहिँ उहाँ स्वयंमा मेरो र तपाईंको पाप बोक्नलाई हो। अनि हाम्रा निम्ति भोगिदिनुभएका उहाँको मृत्युले चाहिँ उहाँका पितासँगको वास्तविक आत्मिक बिछोड्को भयानक पीडालाई मुछिदिएको थियो।

जब परमेश्वरका पुत्र तपाईं र मेरा पाप तुल्याइनुभयो त्यसबखत् स्वर्गीय पिता र पवित्र आत्माको पवित्र उपस्थितिलाई प्रिय पुत्रबाट फिर्ता लिनैपरेको थियो।

तथापि त्रिएक परमेश्वरका एकत्वको वर्णन नै गर्ननसकिने ज्योतिमा सँधै बास गर्नुहुने प्रभु ख्रीष्टलाई अनन्त महिमाका ज्योति, पवित्रता र आत्मिक एकताबाट अलग गराइयो। त्यो आत्मिक मृत्यु थियो। यसकारण यो अचम्मलाग्दो कुरो होइन कि प्रभु ख्रीष्ट क्रूसमा झुण्डिन्दा यो पापी संसार तीन घण्टासम्म रहस्यमय पैशाचिक अन्धकारमा छोपिएको थियो। परमेश्वर; जो ज्योति हुनुहुन्छ; पापसँग मिलाप गरिरहन सक्नुभएन जुनचाहिँ अन्धकार हो।

मानिस जातिका पापका निम्ति
जब सर्वशक्तिमान सृष्टिकर्ता ख्रीष्ट मर्नुभयो।

अहो! सूर्य अँध्यारोमा डुबेको थियो
अनि उनका महिमाका दृश्यहरूले चम्किन बन्द गरेका थिए।

*इसाह वत्स (१६७४-१७४८)*

तब, परमेश्वरका अतुलनीय शक्तिद्वारा येशूलाई शारीरिकरूपमा पुनरूत्थित गराइयो अनि उहाँ पितासँगका आत्मिक एकतामा अनन्तकालीनरूपले पुन: निको पारिनुभयो। ज्यू; किनकि शारीरिकतौरले, आत्मिकतौरले अनि अनन्तरूपले प्रभु येशू महिमित बनी सँधै-सँधैलाई जीवित हुनुहुन्छ! अनि उहाँको पुनरूत्थित जीवनचाहिँ अब उहाँले क्रूसमा गर्नुभएका महान् कार्यप्रति हृदयसमेतले उहाँलाई धन्यवाद चढ़ाई; उहाँलाई व्यक्तिगतरूपले आफ्ना उद्धारकर्ता र प्रभुको रूपमा प्राप्त गर्ने ती प्रत्येक व्यक्तिका निम्ति उपलब्ध छ। यस्ता मानिसहरूका पक्षमा प्रेरित पावलले लेख्नुभयो :

*तर परमेश्वर जो दया गर्नमा धनी हुनुहुन्छ, आफ्नो महान् प्रेमको कारणले, जसद्वारा उहाँले हामीलाई प्रेम गर्नुभयो। हामी अपराधहरूमा मरेकै भए तापनि उहाँले हामीलाई ख्रीष्टसँगै जीवित पार्नुभयो (अनुग्रहद्वारा तिमीहरूले मुक्ति पाएका छौ) अनि हामीलाई उहाँसँगै बौराएर उठाउनुभयो, र ख्रीष्ट येशूमा स्वर्गीय स्थानहरूमा सँग-सँगै बसाल्नुभयो* (एफेसी २:४-६)।

प्रेरित पावलले *मरेकाहरूबाट बौरेर उठ्नुमा ख्रीष्ट पहिलो हुनुहुन्छ*(प्रेरित २६:२३) भनी घोषणा गर्दा शारीरिकतौरले मरेर शारीरिकरूपमै जीवनमा बौरीउठाइनुभएका ख्रीष्टसँग उनी परिचित हुनुहुन्थ्यो। तापनि प्रेरित पावलले भन्नुभयो :

शारीरिकतौरले, आत्मिकतौरले र अनन्तरूपले मृत्युबाट बौरी उठ्नेचाहिँ येशू नै प्रथम हुनुहुन्छ।

प्राय: सबै मानिसहरूले ख्रीष्टका आत्मिक असीम पीड़ालाईभन्दा उहाँको शारीरिक एवं भावनात्मक पीड़ा सजिलै जान्नसक्छन्। तापनि उहाँले भोग्नुभएका महान् पीड़ा (दुखाइ)-चाहिँ उहाँको पवित्र पितासँग सदा-सर्वदा रहेको अनन्त संगतिको बिछोड़ले पिरोलिएको थियो।

समय हुनभन्दाअघि नै येशूले सृष्टिको उत्पत्ति गर्नअघि नै उहाँका संगतिमा पापीहरूलाई बचाउने ध्येयले तिनीहरूका पक्षमा उहाँले त्यो महान् मूल्य तिनुपर्नेछ भनी परमेश्वरलाई थाह थियो। तापनि उहाँको अनन्त प्रेमी हृदयमा त्रिएक परमेश्वरले तपाईं र मेरा निम्ति बताएर बताइनसकिने शारीरिक, भावनात्मक र आत्मिक असीम पीड़ा सहिदिने निश्चय गर्नुभयो। यस्ता अगम्य प्रेममाथि, आफ्ना भाव व्यक्त गर्दै चार्ल्स विस्ली (१७०७)-ले लेखेका छन् -

यो कस्तो अद्भूत प्रेम हो<br>
मेरो निम्ति तपाईं मेरा परमेश्वर<br>
मर्नुपर्ने ?

परमेश्वरले तपाईंलाई ख्रीष्टमा कति बेसी प्रेम गर्नुहुन्छ भनी जान्नलाई के यस सत्यले सठीकरूपले सहायता गर्ला कि ?

### *मृत्युले मृतलाई मार्दछ*

मैले विरलै सुनेका अति आशिषित वक्ताहरूमध्ये डाक्टर स्यानजेस्टर एक हुनुहुन्थ्यो। जसले आफ्ना प्रभु अनि उद्धारकर्ता

येशू ख्रीष्टका विषयमा असल कुरो बोल्न आफ्ना वाकपटुता प्रयोग गर्न आनन्द मान्थे। मृत्यु हुनअघि उहाँको मुखमा क्यान्सर रोग लागेको कारण डाक्टर स्यानजेस्टर पूर्णरूपले बोल्न नसक्ने भएका थिए। स्वर्ग जानभन्दा केहीअघि उनले आफूलाई एक पेन्सिल र पेपर दिनु भनी आफ्नी छोरीलाई व्यंग्यात्मक ढंगले इशारा गर्नुभयो। त्यो इस्टर आइतबारको बिहान उनले लेखे : ''ख्रीष्टको विषयमा कुनै कुरो बताउने इच्छा नभएको वाकपटुता (बोल्नसक्ने क्षमता) हुनुभन्दा ता ख्रीष्ट बौरीउठ्नुभयो भनी चिच्याउन मनलाग्ने एक जीवन्त इच्छा हुनु असल हो।''

किनकि प्रभु येशू ख्रीष्ट सृष्टिकर्ता परमेश्वर हुनुहुन्छ। उहाँले शून्यबाट जीवन उब्जाउनुभयो। किनकि प्रभु येशू ख्रीष्ट उद्धारकर्ता परमेश्वर हुनुहुन्छ। उहाँले मृत्युलाई जित्नुभयो अनि चिहानबाट बौरीउठ्नुभयो। कसरी क्षय र मृत्युका चिहानले जीवनका सृष्टिकर्तालाई रोक्नसक्छ?

कुरिन्थी शहरमा भएका विश्वासीहरूलाई पत्राचार गर्दै, तिनीहरूका पापका परिणामहरूबाट तिनीहरू बाँचेका छन्; किनकि तिनीहरूले साधारण सुसमाचारलाई (विश्वास गरे, जसमा भरोसा परे) ग्रहण गरे भनी प्रेरित पावलले सम्झाए। ***पवित्र शास्त्रहरूमुताबिक ख्रीष्ट हाम्रा पापहरूका निम्ति मर्नुभयो र गाड़िनुभयो अनि पवित्र शास्त्रहरूमुताबिक उहाँ तेस्रो दिनमा बौराइनुभयो*** (१ कुरिन्थी १५:३-४)। आज हरेक साँचो विश्वासीले ''मेरो पापको निम्ति ख्रीष्ट मरिदिनुभयो र बौरीउठी उहाँमा मलाई एउटा नयाँ जीवन दिनुभयो'' भनी मुक्तिदाता ख्रीष्टमाथि भरोसा पर्दछ।

''क्रूसघातित हुनुभएको तीन दिनपछि अनि चिहानबाट

बौरीउठ्नुभएको माझको समयावधिमा प्रभु येशू ख्रीष्टलाई के भयो?'' भनी तपाईं चकित पर्नुहुन्छ होला, यस्ता प्रश्नको सम्भावनालाई अघिबाटै जानेर हामीलाई परमेश्वरले उत्तरको प्रकाश दिनुहुन्छ :

*यो के हो? उहाँ पहिले पृथ्वीका तल्ला भागहरूमा ओर्लिन पनि भयो। जो ओर्लिनुभयो; उहाँ उही हुनुहुन्छ जो सबै कुराहरू गरिदिनलाई सारा स्वर्गहरूभन्दा धेरै माथि उक्लनु पनि भयो* (एफिसी ४:९-१०)।

ज्यू! स्वर्गमाथि उक्लिनुभन्दा पहिला प्रभु येशू ख्रीष्ट वास्तविकरूपले *तल्ला भागहरूमा* पनि ओर्लिनुभयो भनी हामीलाई बाइबलले बताउँछ। धरतीका तल्ला भागहरूमा ओर्लिएपश्चात् प्रभु येशू ख्रीष्ट उहाँका विजयी उत्सवको शिक्षामा विश्वास गरेर मर्ने विश्वासी सन्तहरूलाई नेतृत्त्व गरेर स्वर्गमाथि उक्लिनुहुनेछ। यसैले आज एक साँचो विश्वासीले जान्दछ कि; मृत्युको ढोकाचाहिँ महिमामा प्रवेश गर्ने द्वार हो। हाम्रा पक्षमा ख्रीष्ट स्वयंले शारीरिक र आत्मिक मृत्युमाथि विजय प्राप्त गर्नुभएको छ। कस्तो अचम्म!

*ए मृत्यु तेरो विजय कहाँ? ए मृत्यु तेरो खील कहाँ? मृत्युको खील पाप हो र पापको शक्ति व्यवस्था हो। तर परमेश्वरलाई धन्यवाद होस् जसले हामीलाई हाम्रा प्रभु येशू ख्रीष्टद्वारा विजय दिनुहुन्छ* (१ कुरिन्थी १५:५५-५७)।

## *मृत्युले मृत्युका राजकुमारलाई हराउँछ*

परमेश्वरले स्वयं शारीरिक रूप धारण गर्नुभएको कारणचाहिँ तपाईं र मेरा पापको निम्ति मरिदिनसक्नु मात्रै थिएन

*तर मृत्युद्वारा नै मृत्युको शक्ति भएकोलाई अर्थात् शैतानलाई उहाँले नष्ट गर्नलाई* (हिब्रू २:१४)।

दाऊदले गोलियतकै तरवारले मुर्च्छित भएको गोलियतको घिच्रो छिनाइदिएको जस्तो ख्रीष्टले पनि शैतानकै हतियार मृत्युलाई नै प्रयोग गरेर त्यसलाई पूर्णरूपले परास्त गराइदिए। प्रभु ख्रीष्ट मानव-जातिलाई शैतानिक दासत्वबाट बचाउने एक साँचो परमेश्वरतर्फबाटको उद्धारक हुनुहुन्छ; जो मानिसजातिलाई त्यस्ता झुटा आत्मिक दासत्वबाट छुटाउन योग्य हुनुहुन्छ। मानवलाई उहाँको आफ्नै स्वरूपमा बनाउनुहुने परमेश्वरको विरोधमा शैतानले त्यो दासत्वबाट प्रत्येक व्यक्तिमा जबर्जस्त कोचर्ने कुइच्छा गरेको थियो।

उहाँको वास्तविक मानवीय शारीरिक हाड र मासुधारी अवस्थामा नै ख्रीष्टले मृत्युलाई जित्नुभयो र चिहानबाट बौरीउठ्नुभयो। उहाँको स्वर्गारोहण विषयमा हामी पढ्छौं : *जहाँ अग्रदूतको रूपमा येशू सँधैका निम्ति मेल्किसेदेकको दर्जाअनुसार महापुजारी भईकन हाम्रा निम्ति प्रवेश गर्नुभएको छ* (हिब्रू ६:२०)। अर्थात् प्रथमचोटि एक, दोषरहित निष्पाप, सिद्ध मानिस स्वर्गभित्र प्रवेश गर्नुभयो। क्रूसमा उहाँले भोगिदिनुभएको बलिदानी मृत्युद्वारा उहाँले अरूले पनि त्यही बाटो पछ्याउनसकोस् भनेर अब बाटो खोल्नुभएको छ।

### *प्रेमको इच्छापत्र*

प्रभु येशूले स्वर्ग जाने नयाँ बाटो देखाउनुभयो भन्ने कुरो जान्न पाउँदा अचम्म लाग्छ! अब हामी उहाँको विजयका लावा-लश्करलाई पछ्याउन सक्छौं। उहाँको मृत्यु हुनअघि उहाँले प्रतिज्ञा गर्नुभएका उहाँका प्रियहरूकै प्रेममा येशूले आफू

स्वर्ग गएपछि संसारमा भएका विश्वासीहरूकहाँ उहाँले पवित्र आत्मा पठाउनुभएको थियो भनी जान्नपाउँदा अचम्म लाग्छ। आफ्ना चेलाहरूलाई उहाँले स्पष्ट गरिदिनुभयो:

*जसले ममाथि विश्वास गर्छ, पवित्रशास्त्रले भनेअनुसार ''उसको हृदयबाट जिउँदो पानीका नदीहरू बहनेछन्।'' तर यो कुरा उहाँले आत्माको विषयमा भन्नुभयो, जसलाई उहाँमाथि विश्वास गर्नेहरूले पाउन लागेका थिए; किनकि पवित्र आत्मा अहिलेसम्म दिइनुभएको थिएन; किनभने येशू अझै महिमित हुनुभएको थिएन* (यूहन्ना ७:३८-३९)।

*तर अब म मलाई पठाउनुहुनेकहाँ जान्छु ... अनि म पितालाई प्रार्थना गर्नेछु, र उहाँले अर्को शान्तिदाता उहाँ सधैंभरि तिमीहरूसँगै रहून् भनेर तिमीहरूलाई दिनुहुनेछ ... अर्थात् सत्यको आत्मा ... म तिमीहरूलाई सत्य कुरा भन्दछु, म गएकोमा नै तिमीहरूलाई फायदा छ; किनकि म गइनँ भने शान्तिदाता तिमीहरूकहाँ आउनुहुनेछैन; तर म गएँ भने म उहाँलाई तिमीहरूकहाँ पठाउनेछु ... उहाँले मेरो महिमा गर्नुहुनेछ* (यूहन्ना १६:५; १४:१६, १७; १६:७, १४)।

परमेश्वर उहाँका पुत्रको मृत्युमा कसरी महिमित तुल्याइनुभएको थियो भन्ने कुरो हामीले अघिबाटै विचार गरिसकेका छौं। अब तपाईं अर्को प्रश्न गर्नसक्नुहुन्छ : ''कसरी तपाईं र मकहाँ पवित्र आत्मालाई पठाएर येशू महिमित बन्नसक्नुहुन्छ?''

जीवनबाट परमेश्वरका प्रेमको स्रोत बहिरहेका यस्ता प्रत्येक साँचो विश्वासीको जीवनमा ख्रीष्ट महिमित तुल्याइएको सत्यतामार्फत यस प्रश्नको उत्तर दिइन्छ। हामी पवित्र शास्त्रमा

पर्छौं : ***हामीलाई दिनुभएको पवित्र आत्माद्वारा परमेश्वरको प्रेम हाम्रा हृदयहरूमा खन्याइएको छ*** (रोमी ५:५)। परमेश्वरका हामीभित्र बास गर्ने प्रेमलाई पवित्र आत्माले वास्तविकता बनाइएको छ अनि यो सत्यले मानवीय प्रलोभन अथवा स्नेहका चरम सीमालाई कता हो कता नाघेर जान्छ। जब हामी विश्वासैद्वारा उहाँले क्रूसमा पूर्ण गर्नुभएको कार्यतिर ध्यान दिन्छौं तब प्रभु येशूले पवित्र आत्माको स्वरूपमा भई तपाईंलाई नै एउटा माध्यम बनाएर अरू मानिसहरूलाई प्रेम गर्नथाल्नुहुन्छ। कस्तो आश्चर्य!

हृदयबाटको धन्यवाद ज्ञापनसहित ख्रीष्ट तपाईंका पापहरूका निम्ति मर्नुभयो भनी त्यस सत्यप्रति विश्वास गर्नुचाहिँ पापबाट उद्धार गर्ने परमेश्वरका करूणा र प्रेमिलो आश्वासनमा आनन्द मनाउनु हो।

हामीभित्र बास गर्ने प्रभु येशू ख्रीष्टको उपस्थितिमा तपाईंको जीवनलाई हाजिर गराउनुको अर्थचाहिँ तपाईंलाई यस निष्ठुर संसारको निम्ति उहाँको प्रेमको मुख्य माध्यम बनाउनु हो।

एकपटक धर्ममाथिको उहाँको ज्ञानमा सर्वत्र प्रसिद्धि हासिल गरेका एक जर्मन विद्वानलाई यस्तो प्रश्न सोधियो, "परमेश्वरप्रति तपाईंले राख्नुभएको गहिरो विश्वासचाहिँ के हो?" सबैलाई चकित पारेर साना नानीहरूले गाउने समूह गीतका शब्दहरूमा उहाँले उत्तर दिनुभयो : **म यति जान्दछु येशूले मलाई प्रेम गर्नुहुन्छ, किनकि बाइबलले मलाई त्यसै बताउँछ।**

ज्यु: साँच्चै परमेश्वरले मलाई प्रेम गर्नुहुन्छ! अनि परमेश्वरले साँच्चै तपाईंलाई प्रेम गर्नुहुन्छ!

"अहो! उद्धारको योजना ल्याउने प्रेम
अहो! उद्धारलाई मानिसकहाँ ल्याउने अनुग्रह
अहो! परमेश्वरले कलभरीमा पूल बाँधी
स्वर्गसम तुल्याइदिनुभएको भयानक खाँद

त्यहाँ मलाई करुणा थियो र सित्तैमा अनुग्रह
त्यहाँ मलाई क्षमा दोब्बर थियो!

# एक क्षण विचार गरौं

१. तपाईंले कसैलाई प्रेम गर्नुहुन्छ भनी प्रमाणित गर्ने उत्तम तरिका के होला ?
   के यो 'म प्रेम गर्छु' भने शब्दद्वारा सम्भव छ ?
   के यो तपाईंद्वारा गरिने कार्यद्वारा सम्भव छ ?
२. तपाईंप्रतिको उहाँको प्रेमलाई दर्शाउन परमेश्वरले के गर्नुभयो ?
३. तपाईं कसरी परमेश्वरको प्रेमलाई व्यक्तिगततौरले जवाफ दिनुहुन्छ ?

शल्य कक्षभित्रका (Operation room) वैद्युतिक वातावरणमा प्रत्येक शल्य चिकित्सकले रगतमा भएका जीवनलाई छुट्याउन जानेको हुनुपर्छ। रगत र जीवन एकाअर्कासँग अभिन्न छन्। यदि तपाईंले एउटालाई गुमाइपठाउनुभयो भने, तपाईंले दुवैलाई गुमाउनु हुन्छ।

डा० पावल ब्रान्ड

आठौं अध्याय

## म कहाँ जीवन पाउन सक्छु?

शीघ्र शीघ्र मध्यरातको पहर खसिरहेका थिए। एक सयजति सहयात्रीहरूसँग अठार घण्टे पट्टाइलाग्दो रेल यात्राको पूर्वाभास गर्दै प्यारिसको जार सेन्ट लाजर रेलवे स्टेशनमा म र मेरी पत्नी बसिरहेका थियौं। टिकट जाँच गर्ने तगारो खोली हामीलाई आ-आफ्ना बग्गीभित्र प्रवेश गर्न दियाजाओस् भनी ती रेलवे अधिकारीलाई धीरजसाथ हामीले पर्खिरहेका थियौं।

हाम्रा वरिपरि रहेका सहयात्रीहरूमध्ये त्यहाँ युवाहरूकै संख्या बढ्ता थिए। जब दोरोदाई र म पनि तिनीहरूसँगसँगै मिसियौं त्यसबेला यस्तो देखिन्थ्यो मानौं त्यो भीड्मा युरोप महादेशभित्र रहेका प्रत्येक देशले आ-आफ्ना प्रतिनिधित्व गरिरहेछ। केही सहयात्रीहरू र विशेष केटीहरूले चाहिँ न्यानो सिरानीको साटोमा तिनीहरूका हेबरसेकहरू नै जसोतसो काम चलाएर एक झप्की लिने प्रयास गर्थे। स्टेशन छेउको पेटीमा जब तिनीहरू लम्पसार भएर ढल्कन्थे तब तिनीहरूका साथीहरूले तिनीहरूका निगरानी गर्थे र बीचमा मासु च्यापिएको पाउरोटी जोरले चबाउँथे अनि बोतलमा भएको पानीको घुट्को लिन्थे।

प्रतीक्षाका यही अवधिमा हामीले कतिपय तरुणहरूसँग ख्याल-ठट्टा गर्‍यौं। तिनीहरूसँग यौवनभरि जोश र उत्साह

हुँदाहुँदै पनि तिनीहरूले भोग्नुपरेका असली रूप देखापर्दा तिनीहरूमध्ये प्राय:जसोले धुइँपत्त खोजेर पनि आजपर्यन्त नपाएका त्यो स्वप्निल उन्मादी 'जीवन' प्रति तिनीहरू चिन्तित थिए। धेरै अघि नै हाम्रो बातचीत दोरोदाई र म सँगसँगै यस यात्रामा हुनुहुने प्रभु येशू! को व्यक्तित्व विषयमा बद्लीसकेको थियो।

जब हामीले एकार्कासँग बातचीत गर्‍यौं; त्यसबेला यी चञ्चल र उत्साहित तरुणहरूले वास्तविक जीवनलाई हासिल गर्ने तिनीहरूका इच्छा खुला गरेर हामीसँग विचारको आदान-प्रदान गरे। तिनीहरूमध्ये कसैले यस सत्यलाई चाहिँ अर्को महानगरमा पो प्राप्त होला कि भनी आशा गरेका थिए। कसैले यस जीवनलाई अर्को बन्धुत्वमा पो प्राप्त गर्न सम्भव होला कि भनी विचार गरेका थिए। अरूहरूले चाहिँ तिनीहरूको जीवनका अनुभवलाई लागु पदार्थले भरिएका र बेस्सरी रक्सी खोक्न पाइने मस्तीभरि पार्टीमा पो फैलाउने विश्वास गरेका थिए। तिनीहरूमध्ये धेरैका मनमा चाहिँ एउटा घातक रोगले ग्रस्त भइने त्रास छाएको थियो।

अफ्रिकाअन्तर्गत ती दूर-दूरका बस्तीहरूमा व्याप्त यस संत्रासपूर्ण हैजालाई तिनीहरू 'दुब्लो मान्छेको रोग' भनी जान्दथिए। चिकित्सा विज्ञानका चल्ती भाषामा चाहिँ यसलाई HIV पोजिटिव भनी छुट्याइएको छ। जब यो रोग पूर्णरूपले पुरुष, स्त्री, केटा, केटीहरूमा विकसित हुँदछ तब यसलाई एड्स (AIDS) भनी जानिन्छ। यस रोगले ग्रस्त पारेपछि भोग्नुपर्ने परिणामचाहिँ सधैं एउटै हुन्छ – शीघ्र विनाश!

संसारभरिका मानिसहरूलाई एड्सको भयानक बिमारीचाहिँ रक्तद्वारा सर्ने एउटा भयानक सरुवा रोग हो भनी थाह छ। तथापि शरीरभित्र बहने रगतको प्रवाह (बहाव) चाहिँ जीवनलाई शुद्ध गर्ने एउटा नदी समान भइ बहेको हुनुपर्छ। तर दु:खदायक सत्य; यस रोगले च्यापेपछि शरीरभित्रका रगतको बहाव नै शरीरका निम्ति मृत्युको एउटा दूषित नदी बन्दछ।

रगतचाहिँ शरीरमा एउटा अति महत्त्वपूर्ण जीवनदायक प्रवाह हो भनी मैले स्वीकार गर्नैपर्छ तथापि मेरा निम्ति चाहिँ रगतको अर्थ सधैं घृणाबोधी छ। वास्तवमै मभित्र भएको यो व्यर्थको डर हटाउनु एक साहसी कदम चाल्नुपर्दा लण्डनस्थित एउटा अस्पतालमा एक चिरफार गर्ने कार्यलाई नजीकबाट निरीक्षण गर्नलाई निम्तो स्वीकार गरी म त्यहाँ पुगें। डाक्टरले चलाउने सानो चक्कुले जब रोगीको छालालाई चिरेर भित्र पस्यो, त्यो रगतपच्छे दृश्य देखेर म झण्डै बेहोश भएँ। म पसिनाले लफ्रक्क भिजेर खरानी जस्तै सेतो भइसकेको देखेर मेरा चिकित्सक साथीले मलाई त्यस चिरफार गरिन्दै गरेको कोठाबाट बाहिर जाने सुझाव दिनुभयो। अब मलाई बढ्ता विश्वासको खाँचो पनि परेन!

तर रगतको अर्थबारे व्यक्तिपछिका प्रतिक्रिया जेसुकै भए तापनि एक गम्भीरतौरले रगत बहिरहेका मानिसको शरीरमा जीवन र स्वास्थ्यलाई पुन:बहाल गर्नु हो भने त्यो कार्यचाहिँ उसलाई रगत दान दिएर मात्रै सम्भव छ। आज आधुनिक विज्ञानका चमत्कारको कारण एक स्वस्थ व्यक्तिका नसाहरूबाट निकालिएका रगत एउटा जीवनदायक नदीको रूपमा मर्न लागेका अथवा सिकिस्त रोगीका नसाहरूमा प्रवेश गराउन

सकिन्छ।

रगतमा भएका चमत्कार र रहस्यहरूलाई चिकित्सा विज्ञानका खोजहरूले उजागर गर्नभन्दा कैयौं वर्षअघिनै, परमेश्वर स्वयंले घोषणा गर्नुभयो : ***किनकि जीवधारीको प्राण त्यसको रगतमा हुन्छ*** – (लेवी १७:११) / रगतले जीवनको मूललाई धारण गरेको हुन्छ भनी डा० पावल ब्राण्ड छोटकरीमा भन्नुहुन्छ ''शल्य कक्षभित्रका वैद्युतिक वातावरणमा प्रत्येक शल्य चिकित्सकले रगतमा भएका जीवनलाई खुट्याउन जानेको हुनुपर्छ। रगत र जीवन एकार्कासँग अभिन्न छन्। यदि तपाईंले एउटालाई गुमाइपठाउनुभयो भने; तपाईंले दुवैलाई गुमाउनुहुन्छ। सार्वजनिकरूपले जान्नमा आएका भयानक सरूवा रोग एड्स त छँदैछ; तर रगतको दूषित अवस्थाले मानिसका शरीरमा अरू धेरै रोगहरू पनि उब्जाउँछ भने कुरो धेरै मानिसहरूलाई अद्यापि थाहै छैन। त्यहाँ अर्को 'भयानक रोग' छ; अनि त्योचाहिँ विश्वव्यापी छ। ***किनकि परमेश्वरले सारा पृथ्वीमाथि वास गर्नलाई एउटै रगतबाट मानिसहरूमा सबै जातिहरूलाई बनाउनुभयो अनि तोकिएका समयहरू र तिनीहरूका वास गर्ने सिमानाहरू ठहराउनुभयो*** (प्रेरित १७:२७)। यस प्राणघातक प्रदूषणले सारा मानव जातिलाई नै एक समानरूपले जाक्यो। बाइबलअनुसार यस प्राणघातक रोग प्रदूषणका मूलस्रोतलाई पहिल्याउनु हो भने मान्छेका सन्तान दरसन्तानका पूर्वज आदमकहाँ पुग्नुपर्छ।

जब ***पहिलो मानिस आदम*** (१ कोरिन्थी १५:४५)–ले पाप गर्‍यो। तब विभिन्न वर्ण, भेद, ठाउँ, स्थान अनि अवस्थामा भएका पछिआउने सबै सन्ततिहरू पनि स्वतः मृत्युदण्डमा

जाकिन गए। बाइबलले स्पष्टै गरी व्यक्त गर्छ : ............ ***आदममा सबै मर्छन्*** ....... (१ कोरिन्थी १५:२२)। ज्यू! जसरी एड्समा भइकन दूषित रगतद्वारा मृत्युले हाम्रा शरीरमा प्रवेश गर्छ त्यसरी नै पापको दूषितपन पनि मानिसका सन्तान दर सन्तानमा सरेर गयो। यदि यसो नहुँदो हो; ती मानिसहरू कुनै शारीरिक रोग र मृत्युका तराइलाई पार नगरी सोझै स्वर्गजाने थिए। तर मामला त्यस्तो भएन।

परमेश्वरलाई धन्यवाद होस्; येशूले जन्म ग्रहण गर्नुभएको समयनै जीवनदायक रगतको स्रोत मानव जातिमा प्रस्तुत गरिएको थियो। जुन घटना आमतौरले घटेको थियो। स्वर्गदूत ग्याब्रियलले मरियमलाई तिमीले गर्भधारण गर्नेछौ र एउटा पुत्र जन्माउनेछौ; अनि उसको नाम येशू हुनेछ भनी बताइदिए। स्वर्गदूत ग्याब्रियलले यस पवित्र अविवाहित कन्याको गर्भधारण कसरी हुनेछ; त्यस कुरोलाई पनि व्याख्या गरिदिएका थिए। स्वर्गदूतले जवाफ दिएर उनलाई भने :

***'पवित्र आत्मा तिमीमाथि आउनुहुनेछ र परमप्रधानको सामर्थ्यले तिमीमाथि छाया पार्नेछ, यसैकारण तिमीबाट जन्मिनुहुने पवित्र जनचाहिँ 'परमेश्वरका पुत्र' कहलाइनुहुनेछ*** (लूका १:३५)।

जब एक स्त्रीको गर्भाशय पवित्र आत्माको बीजद्वारा उर्वर बन्यो; त्यसैबेला यस आश्चर्य कर्म घट्न गयो। यस नाटकीय घटनाद्वारा परमेश्वरका जीवन मानव जातिमा डालियो। त्यसपश्चात् जसरी मरियमका गर्भमा शिशु बढ्नथाल्यो अनि भ्रूणमा रगत संचार भयो, उहाँको अमूल्य

रगत सँधै निष्कलङ्क र स्वच्छ थिए। ज्यु: प्रभु येशूको रगत नै जीवन थियो।*

*आफ्ना 'The Chemistry of the blood' नामक पुस्तकमा एम० आर० डेहन, एम० डी० ले अनेकौं मान्यताप्राप्त शारीरिक क्रिया विज्ञान सम्बन्धित, प्रसवसम्बन्धी र उपचारसम्बन्धी प्रकाशमा आएका कुराहरूलाई उद्धृत गर्नुहुन्छ अनि यस कुरोलाई यसरी बीट मार्नुहुन्छ ''आफ्नो गर्भमा गोप्यरूपले त्यस सानो शरीरलाई वृद्धि गर्नलाई आमाले पोषिला खाद्य तत्वहरु गर्भावस्थामै भएको भ्रूणलाई जुटाइदिन्छे; तर भ्रूणको संरचना गर्ने रगतचाहिँ त्यो आफैमा नै बनिन्छ। गर्भधारण गरेको समयदेखि जन्मग्रहण गर्ने समयसम्म नै एक थोपा रगत पनि आमाको शरीरदेखि शिशुको शरीरमा प्रवेश गर्दैन।'' तापनि डेहनले प्रस्तुत गरेका विचारप्रति आफ्नो सुझाव व्यक्त गर्दै रगतका विषयमा लेखिएको उनको पुस्तकमा डा० रोबर्ट् इ० कोलम्यान यसरी बताउनुहुन्छ ''यस व्याख्या गरिएको अवस्थालाई पत्याएर नै अरू चिकित्सकहरूले यसका मुनासिब पक्षप्रति गम्भीररूपले प्रश्न गर्ने विषयमा मन्तव्य जनाउनु बेस होला भनी म ठान्छु। (डेहनका विचारानुसार मानव शरीरमा भएका रगतचाहिँ पुरूषको बीजाणुका प्रस्तुतिद्वारा भ्रूणभित्र संरचित हुन्छ, त्यसकारण आमाको शरीरसंग यसको सोझो सम्बन्ध छैन) अन्य चिकित्सकहरूले गम्भीरतापूर्वक यसका मान्यताप्रति गर्ने प्रश्नलाई नै ध्यान दिनु उचित छ भनी म ठान्छु तापनि जीवन विज्ञान विषयक संरचनाका परिस्थिति जे जस्तो होस्। यही कुरो मात्रै तर्कको विषय हुनुपर्छ भन्ने म कुनै कारण देख्दिनँ। येशूको रगतबारेका बाइबलीय महत्वलाई विचार गरेर हेर्दा परमेश्वरद्वारा येशूको गर्भधारण गरिएको सत्यले नै पापको परम्परागत परिचालनलाई हटाइदिएको थियो भनी बुझिन्छ। येशूको बहुमूल्य रगतमा निहित जीवनदायक मूल सामर्थ्यचाहिँ उहाँ स्वर्गबाट जन्मिनुहुँदा नै अचम्मरीतिले पवित्र आत्माको सामर्थ्यद्वारा विश्वासीको जीवनमा सुम्पिइएको छ। ज्यु: जीवनप्रति भएका प्रत्येक व्यक्तिको खोजको आधारभुत खाँचोचाहिँ एक जीवनदायक रगतको संचारण हो।''

मान्छेको रगतचाहिँ एउटा अचम्मै लाग्दो मिश्रित तत्त्व हो। आज पनि चिकित्सा विज्ञानका अनुसन्धानमा संलग्न रहेका मानिसहरूले यस विचित्र तरल पदार्थमा भएका जीवनदायक रहस्यलाई लगातार खोजिरहेकै छन्। मनुष्य शरीरमा भएका रगतका केही कार्यहरूलाई साधारणतौरले यसरी परिभाषित गर्न सकिन्छ : रगतचाहिँ विशेषत: शरीरशोधक, जीवनका रक्षक र रोग निरोधक हो। अझ त्यस्तै अत्यधिक अचम्मलाग्दा उद्देश्यहरूले भरिएको रगतको स्राव (प्रवाह) को सुविधा परमेश्वरले तपाईं र मेरो निम्ति दिनुभएको छ भन्ने कुरो जान्नपाउँदा, उद्रेक लाग्न सक्छ। अनि त्यो रगतचाहिँ साँचो जीवन खोज्ने ती सबैका निम्ति उपलब्ध छ। किनकि प्रभु येशू खीष्टको रगतचाहिँ पापीहरूलाई पापबाट शुद्ध गर्ने परमेश्वरको साधन हो। किनकि आत्मामा मरेकाहरूका निम्ति उहाँको बहुमूल्य रगतले आत्मिक जीवन संचार गराउँछ। अनि यसरी आत्मिकरूपले जीवित बनेका विश्वासीहरूका निम्ति येशूको रगतचाहिँ शैतानको आक्रमणदेखि  उनीहरूलाई बचाउने परमेश्वरको कार्यकर्ता हो। यस बहुमूल्य रगतबारे हामी पढ्छौं:,

*किनकि तिमीहरू जान्दछौ - तिमीहरूका पितापुर्खाहरूदेखि चलिआएको तिनीहरूको व्यर्थको चालचलनबाट तिमीहरूले चाँदी र सुनजस्ता नाश हुने चीजहरूबाट छुटकारा पाएका होइनौ; तर निर्दोष र निष्कलङ्क थुमाको रगत अर्थात् खीष्टको बहुमूल्य रगतद्वारा छुटकारा पाएका हौ* (१ पत्रुस १:१८-१९)।

## रगत र यसको शुद्ध गर्ने शक्ति

एउटा नाफाखोरी परिवहन कम्पनीले बुनियादी

स्वास्थ्यकर आवश्यकतालाई बहाल गराउने भएको थियो। मुनाफा कमाउन यस कम्पनीले एउटा दिशादेखि अर्को दिशासम्म ती विषाक्त उत्पादन (मैला कुचेला) ओसार्न एउटा टङ्कीजडित ट्रक (गाड़ी) प्रयोगमा ल्याएका थिए। ती विषाक्त मैला फ्याँकेर फर्किआउँदा शहरमा तरल खाद्य उत्पादन ल्याउनमा पनि तिनीहरूले अवैधरूपले त्यही टङ्कीजडित ट्रक नै प्रयोगमा ल्याए। यसको दुष्परिणामस्वरूप अनेकौं मानिसहरू नराम्रो घतले बिरामी परे भनी धेरैपछि यो कुरो खबरका माध्यमहरूले जनायो।

तापनि मानव शरीरका कोषिकाहरूमा चाहिएका खाद्य पुऱ्याउने अनि तत्क्षण नै त्यहाँबाट फोहोर र त्याज्य वस्तुलाई अस्वीकार पनि गर्ने एउटा अलौकिक परिवहन व्यवस्थालाई परमेश्वरले मान्छेको रगतमा स्थापित गर्नुभएको छ। अनि परमेश्वरको सिद्ध सृजनाको कारण रक्तस्रावभित्र दूषित रगतको मिश्रण हुँदैन। अद्‌भूत छ, मानव शरीरमा जीवकोष रक्त धमनीका अति नजिकै अवस्थित हुन्छ। यदि विषाक्त पदार्थहरू कोषिकाहरूबाट नहटाइन्दो हो त त्यसको प्रत्यक्ष परिणामचाहिँ रोग र मृत्यु हुने थियो।

परमेश्वरले ठीक त्यही तरिकाले हाम्रा जीवनबाट पापको दूषित उपस्थितिलाई नामेट गर्दा उहाँले अपनाउनुभएको तरिकालाई व्याख्या गरिदिनुभएको छ। यस्ता शुद्ध गर्ने कामचाहिँ केवल येशूको बहुमूल्य रगतद्वारा मात्रै सम्भव छ : *तर जसरी उहाँ ज्योतिमा हुनुहुन्छ उसरी नै हामी ज्योतिमा हिँड्छौं भने एकार्कासँग हाम्रो सङ्गति हुन्छ, र उहाँका पुत्र येशू ख्रीष्टको रगतले हामीलाई सब पापबाट शुद्ध पार्छ* (१ यूहन्ना १:७)।

हाम्रा पापहरूलाई क्षमा गर्नसकिने अरू कुनै उपाय नै छैन भनी परमेश्वर आफ्नै भन्नुहुन्छ; ***किनकि रगत नबगाईकन् पाप क्षमा हुँदैन*** (हिब्रू ९:२२)।

## रगत : जीवनदायक शक्ति

रगतको अर्को कामचाहिँ जीवनको निर्वाह गर्नलाई सम्पूर्ण शरीरमा चाहिने पानी र पोषण पुर्‍याउनु हो। यदि रगत शरीरका कोषिका र शिराहरूसम्म पुग्नसकेन भने तो शरीर संरचना गर्ने अंगहरू चाँडै मरेर जान्छन्। यसरी जब रगत संचार हुनछोड्छ शरीर मृत बन्दछ। अवश्यै, जीवनचाहिँ रगतमा नै छ।

आफ्ना चेलाहरूलाई उहाँका आफ्नै रगतबारे बताउनुहुँदा तिनीहरू सबैलाई साह्रै चकित पार्ने प्रभु येशूका यी वचनहरूले हामीलाई पुन: सम्झना दिलाउँछ; उहाँले जोड दिएर भन्नुभयो, ***तिमीहरूले मानिसका पुत्रको शरीर खाएनौ र उनको रगत पिएनौ भने तिनीहरू आफैंमा जीवन छैन। जसले मेरो शरीर खान्छ र मेरो रगत पिउँछ, ऊसँग अनन्त जीवन छ अनि अन्तिम दिनमा म उसलाई बौराएर उठाउनेछु। किनकि मेरो शरीर साँच्चै खानेकुरा हो, र मेरो रगत साँच्चै पिउने कुरा हो*** (यूहन्ना ६:५३-५५)।

तथापि येशूले उहाँको वचनको वास्तविक अर्थचाहिँ स्पष्ट गर्दै जानुभयो; उहाँले भन्नुभयो, ***जसले मेरो शरीर खान्छ र मेरो रगत पिउँछ, ऊ ममा रहन्छ, अनि म उसमा*** (यूहन्ना ६:५६)। आत्मिक जीवनको साँचो स्रोतलाई जान्न पाउनु कति

आनन्दको कुरो हो। पापीहरूलाई तिनीहरूका पापबाट छुटकारा दिनलाई येशूको रगत बगाइयो। अनि क्रूसमा बगाइएको रगतको कारण अब हामी पापीहरूको मुक्तिका निम्ति बाँड़िएका उहाँको जीवनबाट आ-आफ्नो अंश लिनसक्छौं। 'म उसमा' भनी उहाँको रगत पिउने कार्यको वास्तविक अर्थलाई प्रभु येशूले बताइदिनुभयो। कस्तो अचम्म!

हामीभित्र वास गर्ने ख्रीष्टको पुनरूत्थित सामर्थ्यलाई व्यक्तिगतरूपले अनुभव गरेको कारण नै विश्वासीहरूले विजयोल्लाससित ''बौरी उठ्नुभएका ख्रीष्ट अब ममा वास गर्नुहुन्छ!'' भन्ने कुरोको साक्षी दिनसक्छन्। यस्ता मानिसहरूका निम्ति ख्रीष्टका संगतिमा रोटी र दाखरसबाट आ-आफ्ना भाग लिने सेवाचाहिँ उहाँमा लिप्त भएको साक्षी र उहाँलाई धन्यवाद ज्ञापन गर्ने एउटा स्पष्ट प्रतीकात्मक कार्य हो। कस्तो अचम्म! *

## रगत : सुरक्षा दिने शक्ति

मानवीय रगतको अझै अर्को अद्‌भूत कार्य पनि पाइन्छ। रगत केवल जीवनशोधक र जीवनदायक मात्रै होइन तर यो जीवनरक्षक सामर्थ्य पनि हो।

*दु:खसहित भन्नुपर्दा आज पनि विशेषत: प्रभुभोजअन्तर्गत बाँड़चुँड़ गरिएका रोटी र दाखरसचाहिँ ख्रीष्टको भौतिक मासु र रगत पो हो भन्ने कुरोमै जोड़ दिएर विश्वास गर्ने असंख्य मानिसहरू पनि छन्। वास्तवमा जुन कुरोलाई हाम्रा प्रभुले हामीभित्र वास गर्ने उहाँको आत्मिक जीवनको प्रतीतका रूपमा बुझून् भन्ने इच्छा गर्नुभयो जुन सत्यलाई आज केवल नीरस र भौतिक सत्यका रूपमा मात्रै जानिन्छ।

जब भारतवर्षमा मूसाद्धारा फैलिएका घातक हैजा (यस हैजाले विशेषत: भयानक जरो आउने र सम्पूर्ण शरीर सुन्निन्दछ) को मूलकारण पत्ता लाग्यो तब यस हैजाको डरले सारा संसारलाई गाँज्यो। त्यसबखत् देश–विदेशमा यात्रीहरू लिएर आवत–जावत गर्ने खटाइएका हवाइजहाजहरूलाई रोग निरोधक धुवाँद्धारा शोधन गरिएका थिए। अनि अझै अरू जाँच गर्ने कार्यमा यात्रीहरूका स्वास्थ्य जाँचका निम्ति तिनीहरूलाई एका अर्कासँग संसर्ग गर्नु निषेध गरिएको थियो; ताकि यो ज्यान लिने घातक रोग अरूरू देशमा पनि नफैलिओस् भनी सबै एकपछि अर्को गरी भारतका निम्ति उड़ान भर्ने ती यात्रीवाहक हवाइजहाजहरूमा, तब एक अस्थायी विषेशाज्ञा जारी गरिएका थिए।

यस्ता प्राणघातक हैजाको त्रासबिना पनि मानव शरीरमा नयाँ नयाँ र जीवनलाई मृत्युको मुखमा धकेल्ने घातक रोगका कीटाणुहरूले लगातार बम बर्साइरहन्छ। तापनि मानवको रगतमा शरीरलाई क्षति पुर्‍याउने ती कीटाणुहरूलाई प्रतिरोध गर्नसक्ने एउटा अद्‌भूत कलपुर्जा छ। बाह्य कीटाणुले भित्र्याएका रोग उत्पन्न गराउने विषहरूलाई प्रतिरोध गरी जीवनको रक्षा गर्ने स्रोत र ती कीटाणुहरूका घातक प्रवेशलाई रोक्ने अरू मुख्य तत्वहरूलाई पनि आफूमा बोकेर रगत शरीरमा बहन्छ। रोग उत्पन्न गराउने घातक कीटाणुहरूले प्रवेश गर्दा शरीरमा श्वेत रक्त कोषिकाहरू नाटकीय ढंगले वृद्धि (प्रथमत: प्रतिरक्षात्मक उद्देश्यको निम्ति) हुँदै जान्छ र प्रतिरक्षात्मक चालमा तिनीहरू ती बाह्य कीटाणुहरूप्रति जाइलाग्दछ।

मानवीय रगतमा भएका अद्‌भुत सामर्थ्य जस्तै, प्रभु येशू ख्रीष्टको रगतमा पनि हाम्रा जीवनलाई सुरक्षा पुर्‍याउने सेवा निहित छ भनी जान्नपाउनु कति आश्चर्य! अनि येशू ख्रीष्टको रगतचाहिँ विश्वासीलाई शैतानिक सेनाहरूद्वारा लगातार गरिने आक्रमणबाट बचाउने एक मात्र रक्षक हो। परमेश्वरीय जन र शैतानमाझ अन्त्यको समयमा हुने युद्धबारे यस्तो भविष्यवाणी हामी पाउँछौं : ***अनि उनीहरूले त्यसलाई थुमाको रगतद्वारा र आफ्नै गवाहीको वचनद्वारा जिते अनि मृत्युसम्म उनीहरूले आफ्ना प्राणहरूलाई प्रेम गरेनन्*** (प्रकाश १२:११)। तपाईंले पनि येशूको बहुमूल्य रगतको सुरक्षा दिने (सुरक्षात्मक) सामर्थ्यद्वारा शैतानका घृणित पराक्रमलाई जित्न सक्नुहुन्छ। येशूले शैतानमाथि विजय हासिल गर्नुभएका यसै विषयमा आदम र हवा शैतानको प्रलोभनमा फँसी पापमा गिर्नसाथ भविष्यवाणी गरिएको थियो। तब एउटी स्त्रीको सन्तानले नै शैतानको नमिठो अन्त्य गरिदिनेछ भनी परमेश्वरले उक्त प्रतिज्ञा गर्नुभयो। ***तेरो र स्त्रीको बीचमा र तेरो सन्तान र स्त्रीको सन्तानका बीचमा म दुश्मनी हालिदिनेछु, त्यसले तेरो शिर कुच्चाउनेछ र तैंले त्यसको कुर्कुच्चो डस्नेछन्*** (उत्पत्ति ३:१५)। तर त्यस साँप (शैतान)-ले तीखो दाँतले स्त्रीको सन्तानको कुर्कुच्चा डस्नभन्दा अघावै स्त्रीको सन्तान (ख्रीष्ट) -ले शैतानको शिर कुल्चिसकेको थियो।

ज्यू; उहाँ प्रभु येशू ख्रीष्ट आफै हुनुहुन्थ्यो, स्त्रीको सन्तान जसले उहाँले आफ्नो बहुमूल्य रगत बहाउनुभयो ***ताकि मृत्युद्वारा मृत्युको सामर्थ्य भएकोलाई अर्थात् शैतानलाई नष्ट गर्नलाई*** (हिब्रू २:१४)।

हामीले प्यारिसको जार सेन्ट लाजर स्टेशनमा भेटेका ती मिथ्या आशाका पछिपछि कुदिहिँडेका विद्यार्थीहरूभन्दा भिन्नै वास्तविक जीवनका स्रोतलाई प्राप्त गरिसकेका अन्य व्यक्तिहरूलाई पनि भेट्यौं। केही समयअघि, दोरोदाइ र मैले प्रभु येशू ख्रीष्टमा वास्तविक जीवन पाएर आश्वस्त रहेका त्यस्ता युगाण्डावासीहरूलाई भेट्यौं। प्रभु येशू ख्रीष्टका बहुमूल्य रगतमा तिनीहरूले हृदयलाई शुद्ध गर्ने जीवनदायक अनि शैतानलाई प्रतिरोध गर्ने शक्ति प्राप्त गरेका थिए। तिनीहरूले सत्यतापूर्वक त्यस शक्तिलाई आफ्ना निम्ति साक्ष्य तुल्याएका थिए। तिनीहरूका निमित्त सबै पुराना कुराहरू बितिगए अनि ती सबै नयाँ भइसकेका थिए।

आइपर्ने खतराहरूप्रति हामीलाई सावधानी गराउने केनिया राजदूतावासका ती अधिकारीहरूका सुझावविपरीत मेरी पत्नी र म परमेश्वरका पवित्र आत्माद्वारा प्रेरित भएको कारण युगाण्डातिर बढ्यौं। युगाण्डाका सेवकहरू अनि तिनीहरूका पत्नीहरूसँग सम्मिलित भई गरिने सेवाका समयलाई परमेश्वरले पूरा योजनाबद्ध गरिदिनुभएको थियो। पछिबाट हामीलाई यो पनि याद भयो परमेश्वरले हाम्रा निम्ति त्यहाँबाट फर्किआउन हवाइजहाजको पनि पूर्वयोजना गरिदिइसक्नुभएको रहेछ। (अझ अर्को मेलिटेरी विद्रोहद्वारा शासनमा परिवर्तन आउनभन्दा केही क्षणअघि युगाण्डाबाट एन्टोबीका निम्ति उड्डान भर्ने हाम्रा हवाइजहाज अन्तिम हवाइजहाज थियो, त्यो परमेश्वरीय संयोग यस्तो थियो)

एयर पोर्टमा हामी आइपुग्नसाथ वरिपरि त्रास र

तनावग्रस्त वातावरण छाएको हामीले महसुस गर्‍यौं। हामीले त्यहाँ सामना गर्नुपरेका अन्योलित र धूलो-मैलो भरिएका वातावरण बयानदेखि बाहिरका कुरा थिए। एयर पोर्टदेखि मूल सड्कसम्म हामीलाई लिएर जाने त्यस क्षेत्रका केही कारहरू बम विस्फोटमा परेर छ्यान्द्रा-छ्यान्द्रा परेका थिए। बन्दुकको नोकमा नजिकैबाट अराजक विद्रोही सिपाहीहरूले हामीलाई पक्राउ गर्‍यो। तिनीहरू सरकारी सिपाहीहरू हुन् कि सरकार विरोधी सिपाहीहरू वा सिपाहीको उर्दी मात्रै पहिरिएका डाँकूहरू हुन हामीले चिन्नै सकेनौं। तर अचम्म! आफ्नै जनजातिका वाहनचालकलाई तिनीहरूले चिह्निहाले अनि हामीलाई कुनै लुटपाट अथवा हानी नपुर्‍याई फटाफट अघि बढ्ने अनुमति दिए।

मेरी पत्नी र मैले जुटेर सेवा गर्नुपर्ने गन्तव्य स्थानचाहिँ आतंकित भएका समुदायमाझ अँध्यारो र चौतर्फ धुलै धुलोले भरिएका पायौं। अब त्यहाँ भएका सेवकहरू अनि तिनीहरूका पत्नीहरू हामीलाई भेट्न आए त्यसबेला त हामीले त्यस असरदार वातावरणमा भोग्नुपरेका दु:खहरूलाई बिर्सी हालेछौं। त्यस दु:खपूर्ण स्थितिमा पनि हामीलाई उहाँका महिमा र जिउँदो उपस्थितिका आभास महसुस गर्न प्रभु स्वयंले अनुग्रह गर्नुभयो। युगाण्डामा जीवित परमेश्वरसँग गरिएका ती विशेष सेवाहरू हाम्रा सम्झनामा कुँदेर सारिएको सर्वोच्च अनुभव भई सदासर्वदा रहनेछ।

दैनिक आठ घण्टासम्म बाइबलबाट दोरोदाई र मैले बाँड्का परमेश्वरका सत्यतालाई सेवकहरू र तिनीहरूका

पत्नीहरूले अप्ठ्यारोमै बसेर पनि एकाग्र मनले सुनिबस्थे। वचनको सेवा गर्दै जाँदा (कागजका टुक्राहरूमा) ती मूल्यवान् टिप्पणीहरू जतनले टिप्न ती संगी विश्वासीहरूलाई सहायता मिलोस् भन्ठानी मैले मेरी पत्नीलाई एउटा पुरानो श्यामपट (ब्लाकबोर्ड्) मा वचनका विशेष कुराहरू छोटकरीमा लेखिदिने आग्रह गरें। यसैबखत् अचानक त्यहाँ ढोकामा जोड्ले मुक्काले हिर्काएर घचेटेको आवाज आयो। त्यसैमाझ आफ्नो हातमा राइफल बोकेका एउटा टुन्न मातेको भद्दा मान्छे दैलोमा देखापर्‍यो; मानिसहरूका भीड्माझबाट बन्दुक उज्याउँदै सरासर अघि बढ्यो अनि उसले दोरोदाईको छातीमै राइफलको नोक सोझ्याएर ताक्यो।

''लौ त यी प्रियले येशूलाई चिनुन् भनी हामी सबै प्रार्थना गरौं।''

दोरोदाईले सबै संगी विश्वासीलाई सुस्तरी आग्रह गरिन्।

मलाई अनन्तता महसुस भएको त्यस मौन क्षण बितेपछि एकदमै आश्चर्यचकित भई मसँग वचन अनुवाद गर्दै गरेका भाइ मतिर फनक्क फर्कियो र उसले सुनेको कुरो मलाई भन्यो - ''यस मत्थु सिपाहीले भनेका कुरोमा मैले त विश्वासै गर्न सकिनँ, उसले भर्खरै यसो भन्यो, 'म पनि यस नारीको परमेश्वरलाई चिन्न चाहन्छु।''

मसँग अनुवाद कार्यमा सहयोग पुर्‍याइरहेका भाइ बोल्नसाथ मैले जुन दृश्य देखें त्यसलाई म कहिले पनि बिर्सनु सक्तिनँ। चाहे स्वर्गदूत स्वयंले त्यस बन्दुकधारीलाई घुँडा टेकाइरहेको थियो; चाहे हाम्रा विशेष सभामा त्यस मत्थु विद्रोही

सिपाहीलाई मनाउनका निम्ति वर्षाइएका परमेश्वरका प्रशस्त पवित्रता र सामर्थ्यको अद्‌भूत आभास थियो त्यो; अथवा यो स्वेच्छापूर्वक उसलाई उसका अन्तरहृदयको गहिरो आवश्यकता खुल्लारूपमा अभिव्यक्त गर्न हुटहुटी लगाउने नम्रताको कार्य थियो। अहँ! मैले केही बुझ्न सकिनँ। कारण जेसुकै होस् मैले बुझेको कुरोचाहिँ यत्ति नै थियो कि ठीक त्यही अवधिमा नै उसको राइफलको नोक चिप्लेर बिस्तारै तल्तिर लत्रियो अनि विनाशका निम्ति उञ्जिएका त्यो घातक हतियार उसको हातबाट भूइँमा झर्‍यो। त्यसपश्चात् विद्रोही सिपाहीले घुँडा टेक्यो।

त्यो स्थिति साधारण सभामा उपदेश दिनु योजनाबद्ध गरिएका समय जस्तो थिएन। दोरोदाईले यो कुरो बुझ्नसकी। ''मेरो पछिपछि प्रार्थना गर्नुहोस्'' तिनले सबै विश्वासीलाई आग्रह गरी। तब त्यस बहकिएका गरीब र खोजी आत्मालाई तिनले प्रार्थनाद्वारा बिस्तारै बिस्तारै क्रूसको फेदमा दोहोर्‍याउँदै लगी– अधम पापी मान्छेको उद्धारकर्ताकहाँ जहाँ त्यस उज्जण्ड सिपाहीले येशूको रगतद्वारा सत्य जीवनका सबै स्रोतहरू प्राप्त गर्नसक्यो।

किन, मैले तपाईंहरूसँग यसप्रकारका अनुभव बाँड्‌चुँड् गरेँ? त्यसको साधारण कारणचाहिँ लगत्तैपछि त्यस स्मरणीय सभामा घटेको घटना हो।

हाम्रा त्यस विशेष सभामा उत्तेजितढंगले जबर्जस्त भित्र पस्ने मानिससँग डराउनुमा र तिनलाई घृणा गर्नुमा आ–आफ्नै कारण मनमा लिएका धेरै मानिसहरू त्यहाँ थिए। किनभने त्यहाँ हामीमाझ भर्खरै यी विद्रोहीहरूबाट जीवन मरणको

चेतावनी पाएका मानिसहरू पनि थिए। यस्तै एक विद्रोही सिपाहीहरूले उसको प्राण लिन असफल प्रयास गरिएका समय आफ्ना हातका औंलाहरू गुमाइपठाउने एक पास्टर पनि त्यस कोठाभित्र हुनुहुन्थ्यो। तिनीहरूले यस्तो भयानक चेतावनी पाउनुको मुख्य कारणचाहिँ तिनीहरूले व्यक्तिगततौरले प्रभु येशूलाई चिने र उहाँलाई प्रेम गरेका थिए। यस प्रकारका सतावटलाई भोगिसकेका मानिसहरू अब त्यस उग्जण्ड सिपाहीलाई अंगाल्न अनि ख्रीष्टमा नयाँ जीवन पाएका एउटा भाइका निम्ति प्रार्थना गर्न एकत्रित भएर अघि बढ्दिरहेका थिए।

तब कुनै सांगीतिक साजबिना नै एक तेजस्वी अफ्रिकन एकतामा भएर एकै स्वरमा तिनीहरूले स्तुति गाउनथाले। तिनीहरूले गाएका गीतका ती शब्दहरूमाथि जब म विचार गर्छु; तब आज पनि मेरा हृदय भक्तिभावले भरिएर आउँछ।

अहो येशूको रगत,

अहो येशूको रगत,

अहो येशूको रगत,

त्यसले मलाई पापबाट शुद्ध पार्दछ।

यदि त्यस दिन हाम्रा संसारका राजनैतिक नेताहरू पनि हामीसँग त्यहाँ हुँदो हो त; निश्चय तिनीहरू सबैले आपसी वर्ण-भेद र अन्तर्राष्ट्रिय स्तरमा उल्झिरहेका झगड़ालाई समाधान गर्नसकिने परमेश्वरको एकमात्र उपायको साक्षीलाई त्यहाँ देख्नसक्ने थिए।

***उहाँको क्रूसको रगतद्वारा मेलमिलाप गरेर उहाँद्वारा नै***

*सबै कुराहरू, उहाँद्वारा नै आफूसँग मिलाप गराएकोमा प्रसन्न हुनुभयो (कलस्सी १:२०) अनि तिनीहरू बितेको समयमा दुष्ट कामहरूले गर्दा पराए भएका र आफ्नो मनमा शत्रु भएका थियौं, तर अब उहाँले तिनीहरूको मिलाप गराउनुभएको छ* (कलस्सी १:२१)।

ज्यू, परमेश्वरको उत्तम सम्बन्धमा ल्याइएका मानिसहरू मात्रै, *उहाँको (खीष्टको) रगतद्वारा धर्मी ठहरिएका हुनाले झन बढ्ता गरी हामी परमेश्वरको क्रोधबाट बचाइनेछौं; उहाँको पुत्रको मृत्युद्वारा परमेश्वरसित हाम्रो मिलाप भयो भने मिलाप भएपछि झन् बढ्ता गरी उहाँको जीवनद्वारा हामी बचाइनेछौं* (रोमी ५:९-१०)।

# एक क्षण विचार गरौं

१. के तपाईं साँच्चै जीवन चाहनुहुन्छ? प्रभु येशूले निम्न कुराहरू भन्नुहुँदा त्यो जीवनका विषयमा उहाँले खुलस्त बताइदिनुभएको थियो। उहाँले यसो भन्नुभयो : '*म चाहिँ तिनीहरूले जीवन पाऊन् र अझ प्रशस्त गरी पाऊन् भनी आएको हुँ*' (यूहन्ना १०:१०)।

२. पवित्र शास्त्र बाइबलअनुसार मानव शरीरको कुन भागमा जीवन विद्यमान रहेको पाइन्छ? (पढ्नुहोस्; व्यवस्था विवरण १७: ११)

३. प्रभु येशूका बहुमूल्य रगतको अनन्त अभिप्रायचाहिँ के हो?

तपाईंले यस रगतको शुद्ध गर्ने शक्तिमाथि विश्वास गरिरहनुभएको छ?

तपाईंले यस रगतको जीवनदायक शक्तिमाथि विश्वास गरिरहनुभएको छ?

तपाईंले यस रगतको सुरक्षा दिने शक्तिमाथि विश्वास गरिरहनुभएको छ?

प्रभु येशूले भन्नुभयो : *बौरीउठाइ र जीवन म नै हुँ; जसले ममाथि विश्वास गर्छ, ऊ मरे तापनि जिउनेछ अनि जो जिउँछ र ममाथि विश्वास गर्छ त्यो कहिल्यै मर्ने छैन* (यूहन्ना ११:२५-२६)।

*एक चित्रकारको चित्रको सिद्धता; एक मानव अनुहारको दीप्ति अनि प्राकृतिक दृश्यका मनोहारिकतालाई आवाजद्वारा परिभाषित गर्नसकिन्दैन; दृष्टिको खाँचो पर्छ नै।*

# कसरी म परमेश्वरका परिवारको अंग बन्नसक्छु ?

१९४० को दशकतिर आँखाको शल्य चिकित्साको क्षेत्रमा चिकित्सा विज्ञानले (Medical Science) ठूलो उन्नति गर्‍यो। यस क्षेत्रमा यत्तिसम्म उन्नति देखियो कि वास्तवमै भर्खरै स्वर्गवास भएको कुनै मानिसको स्वस्थ आँखालाई एक अन्धा मानिसको आँखामा प्रत्यारोपण (Transplant) गर्न सम्भव हुनसक्यो। यस्ता प्रथम सफलतापूर्वक गरिएको आँखाको (पातलो ऐनाजस्तो ढकनी (Cornea Transplant) प्रत्यारोपण कार्यको सफल परिणामबारे स्वयंले साक्षात देखेको कुरा डाक्टर स्यानजेस्टरले हामीलाई बताउनुभएको थियो।

घाम उदाउनभन्दा धेरैअघिनै डाक्टर स्यानजेस्टरले दुईजना व्यक्तिलाई इङ्गल्याण्डको एक सुन्दर चउरतिर जानु साथ दिनुभयो। ती दुइमध्ये एउटीचाहिँ स्त्री थिइन्, जो जन्मदै अन्धी थिइन्, अनि अर्कोचाहिँ उनको आँखाको उपचार गर्ने चिकित्सक। उनको आँखाको ओपरेशन (शल्य चिकित्सा) गर्दा पट्टीका पत्रीहरूले उनको आँखालाई उज्यालोदेखि बचाएर राखेका थिए। ती पट्टीका पत्रीहरू एक-एक गर्दै बिस्तारै उक्काइएका थिए। उसले अघिबाटै ज्योतिको एक नयाँ ग्रहणक्षमतालाई चाल पाइसकेकी थिइन् अनि यस विषयमा उत्तेजित भएकी थिई। घाम उदाउनभन्दाअघि कहिले पनि उज्यालो देख्न नपाएकी त्यस स्त्रीको आँखाबाट रहेको पट्टीको

अन्तिम पत्री हटाइयो।

त्यस दिन घाम भने जस्तो गरी तेजिलो भइ उदाउनसकेन। बिहानी घामले क्षितिजबाट चिहायो। छायाहरू, बढ्दै गए अनि हरिया पातहरूले बिहानी प्रभाको रंगीन पर्दामा तिनीहरूको कोमल सुन्दरताको दृश्यचित्र उतारे। चराहरू बिहानीको भोजनको खोजमा शीतले ओस्सिएका चउरमा व्यस्त भए। एक नारीको निम्ति सम्पूर्ण वातावरणले सुन्दर मनोरञ्जन प्रदान गऱ्यो; जसले यस्तो दृश्य उनको जीवनमा प्रथमपटक देख्नसको। उनले गाला तलतलसम्म बलिन्द्रधारा आँशु, बहाएर आफ्नो उद्गार पोखी; '' अहो! यो कुरो मलाई बताउनु तपाईंले कोशिष गर्नुभएको थियो तर मैले ती कुराहरू यत्तिका अचम्मका होला भन्ने कहिले पनि कल्पना गरिनँ!'' तब उनी परमेश्वरको सृष्टिको प्रभाअघि मूक भई निष्ठभावमा झुकी।

कहिले पनि रंग नदेखेका एक व्यक्तिको अघि तपाई कसरी रातो रंगको परिभाषा दिनुहुन्छ? अनि कहिले पनि उज्यालो नदेख्ने व्यक्तिको अघि घाम अस्ताउँदा देखापर्ने नाटकीय दृश्यहरूको? यस्तो कार्य साँच्चै असम्भव छ। दृश्यको रूपरेखा नै नभएका एक सुन्ने मानिसको कानमा जब ती सुन्दरताको बयान गर्ने शब्दहरू पर्छ , त्यसले केही अर्थ खुलाउनसक्छ। एक चित्रकारको चित्रको सिद्धता एक मानव अनुहारको दीप्ति, अनि प्राकृतिक दृश्यका मनोहारिकताहरूलाई आवाजद्वारा परिभाषित गर्न सकिन्दैन, दृष्टिको खाँचो पर्छ नै।

जब एक विश्वासलीले एक अविश्वासीलाई आत्मिक सुन्दरताबारे खुलस्त बातउने कोशिश गर्छ त्यसबेला उसले यस्तै

असुविधाको सामना गर्नुपर्छ। लण्डनस्थित गायस अस्पतालमा उनको अन्तिम परीक्षाको निम्ति अध्ययनरत चिकित्सा-विज्ञानको एक छात्रसँग बात गर्दै परमेश्वरको प्रेमको अद्भुत क्षमतालाई बयान गर्ने मैले प्रयत्न गरें '' खै म यसलाई देख्न सक्तिनँ'' उसले उत्तर दियो। मैले बुझें तापनि मैले बातचीतलाई अलिअघि बढ़ाउन चाहें'' अहँ, तिमीले देख्नसक्छौ भन्ने कुरोमा मलाई शंका लाग्छ। किनकि तिमी एक अँध्यारो कोठामा बन्द भई बाँचिरहेको एक मान्छे जस्तो छौ। त्यो अवस्था कस्तो हुन्छ भनो म जान्दछु; आत्मिक अँध्यारोपनभित्र म स्वयं रहेको थिएँ। तर अहिले म त्यस अँध्यारोदेखि बाहिर छु जहाँ परमेश्वरको प्रेमको घाम उदाइरहेको छ'' मैले भनें - ''डेविड, यदि तिमीले परमेश्वरको प्रेमलाई बुझ्नु आवश्यक छ भने; तिमी त्यस अँध्यारो कोठाबाट निस्की उहाँको सूर्योदयमा आउनैपर्छ।'' त्यसदिन डेविडले प्रभु येशूलाई उनको पापको क्षमाको निम्ति उनको जीवनमा भित्राउन प्रार्थना गर्न घुँडा टेके। घुँडा टेकेपश्चात् उठेर उनले जुन कुरा भने त्यसलाई म कहिले पनि बिर्सनसक्दिनँ ''यो कुरो यस्तो अचम्मलाग्दो होला भन्ने मैले कहिले पनि विचार गरिनँ!''

**जसरी शारीरिक दृष्टिले परमेश्वरको सृजनाको सुन्दरतालाई मानवीय अनुभवको निम्ति देखाइदिन्छ; त्यसरी नै आत्मिक दृष्टिले परमेश्वरका उपस्थितिको वास्तविकता, सामर्थ्य अनि प्रेमलाई मानव आत्माको निम्ति प्रसारण गरिदिने काम गर्छ।**

स्वर्गमाथि उक्लिनगएपश्चात् प्रेरित यूहन्नाद्वारा बात गर्दै प्रभु येशू ख्रीष्टले लाउडेसियामा भएका मानिसहरूका आत्मिक

दशा विषयमा झस्काउने प्रकारको एक मूलकारण बताइदिएका छन्। तिनीहरूलाई उहाँले भन्नुभयो; ***तिमी अभागी, दयनीय कङ्गाल, अन्धा र नाङ्गा छौ भनी जान्दैनौ।*** (प्रकाश ३:१७) आफ्नो दु:खलाग्दो दशाबारे अनभिज्ञ रहेका एक अन्धो व्यक्तिको दुरावस्था कस्तो हुन्छ, तपाईं कल्पना गर्नसक्नुहुन्छ? आत्मिक अन्धोपनको मूलकारण बताइदिइएपश्चात् प्रभु येशू ख्रीष्टले यसको उपचार गर्नार्थ बयान गर्दै जानुभयो। ***देख्न सक्नलाई आफ्ना आँखाहरूमा मलम लगाऊ*** (प्रकाश ३:१८) अनि त्यो औषधि सेवन विधिचाहिँ कस्तो महत्त्वपूर्ण छ! आत्मिक दृष्टिलाई आत्मिक आँखाको चिरफारको खाँचो पर्छ त्योचाहिँ पवित्र आत्माको काम हो।

प्रथमपटक तपाईं जन्मनुभयो; त्यो शारीरिक जन्म थियो। तर त्यस जन्मले तपाईंलाई आत्मिक दृष्टि र समझशक्ति दिएन। यदि तपाईंले आत्मिक अन्धोपनको दशादेखि ***परमेश्वरको महिमाको ज्ञानको ज्योति*** (२ कुरिन्थी ४:६) तिर आउने बाटो खोज्न आवश्यक छ भने; तपाईं दोस्रोचोटि जन्मनु अत्यावश्यक छ। ख्रीष्टले निकोदेमसलाई भन्नुभयो ***शरीरबाट जन्मेकोचाहिँ शरीर हो, अनि आत्माबाट जन्मेकोचाहिँ आत्मा हो। तिमीहरूले नयाँ गरी <u>जन्मनैपर्छ</u> भनी मैले तिमीलाई भनेकोमा तिमी अचम्म नमान।*** (३:६, ७) किनकि ***कोही नयाँ गरी जन्मेन भने उसले परमेश्वरको राज्यलाई <u>देख्नसक्दैन</u>।*** (यूहन्ना ३:३) त्यसैले यदि तपाईं परमेश्वरको राज्यलाई <u>देख्न</u> चाहनुहुन्छ भने; तपाईं पनि दोस्रोचोटि आत्मिकढंगले जन्मनु आवश्यक छ।

अरू मानिस सरह तपाईं पनि परमेश्वरको स्वरूपमा जन्मनुभएको छ अनि त्यो कुरो पूर्ण हुनु आवश्यक छ। यस

आत्मिक रिक्तता जीवित ख्रीष्टको नयाँ र हृदयमा वास गर्ने उपस्थितिद्वारा मात्रै पूर्ण हुन सम्भव छ। जब तपाईंले उहाँलाई ग्रहण गर्नुहुन्छ; तब उहाँको बलिदानी मृत्युको उद्देश्यले तपाईंको जीवनमा सफलता ल्याउने छ। तपाईंका पापहरू क्षमा होस् भनेर मात्रै उहाँले मृत्यु भोग्नुभएको होइन; अपितु उहाँको निम्ति वास गर्नलाई तपाईंको हृदय आत्मिकतौरले स्वच्छ स्थान होस् भनेर उहाँले तपाईंलाई क्षमा गर्नुहुन्छ। त्यसैले उहाँले तपाईंको हृदयमा वास गर्नभन्दा पहिला तपाईंका पापहरू माफ गरिएका हुनु आवश्यक छ।

एक तरूण अफ्रिकी विश्वासीसँगको बातचीतमा, उनको देशका तरूणहरूसँग ख्रीष्टको सुसमाचार प्रचार गर्ने उनको गहिरो चलनप्रति मलाई बोझ भयो। त्यसै हप्ता मैले झण्डै एक सयजति संगी–सहकर्मीहरूलाई शिक्षा दिनुपर्ने थियो। अत: मैले त्यस तरूण विश्वासीलाई हामीसँग सम्मिलित हुने निम्तो दिएँ। तथापि हामी पास्टरहरू एकत्रित भएका स्थानदेखि धेरै सय माइल टाढ़ोमा थियौं। अत: हामीसँग लामो र खाल्टाक खुल्टुक बाटो भएर यात्रा गर्ने उनलाई मैले सुझाव दिएँ। विलियम थकित र क्लान्त भई आइपुग्यो तर उनी परमेश्वर र उहाँको वचन बढ्ता गरी बुझ्ने योग्यता हासिल गर्नलाई अति आनन्दित थिए। विलियम तुरुन्तै खचाखच भरिएको अफ्रिकी बसमा मात्रै चढ्देन्; तर त्यस बसको सवारीचाहिँ उसको अर्थमा तोकिएको सभामा पुग्नु थियो। उसको वास्तविक उद्देश्यचाहिँ त्यस यात्राको अन्त्यमा जुन कुराले उनलाई पर्खिइरहेको थियो; त्यसलाई भेटाउनु थियो।

यस्तै प्रकारले तपाईंसँग संगति गर्न अनि तपाईंको संगति

उहाँसँग भई तपाईंको हृदय पापबाट शुद्ध होस् भन्ने उद्देश्यले एउटा बन्दोबस्त गर्न प्रभु येशू ख्रीष्टले तपाईंको जीवनमा प्रवेश गर्न एकमात्र उपाय रच्नुभयो। तपाईंका पापहरूको क्षमाचाहिँ एक आवश्यक अभिप्राय: थियो, तर ख्रीष्टमा भएको नयाँ जीवन अनि परमेश्वरसँगको संगतिचाहिँ तपाईंप्रति ख्रीष्टले गर्नुभएको अन्तिम विशेष इच्छा थियो। निश्चय तपाईं पनि बहुता कुराहरूसँग तृप्त बन्नसक्नुहुन्छ। ख्रीष्टसँगको यो व्यक्तिगत सम्बन्धचाहिँ; तपाईं सृष्टि हुनुको विषयको अभिप्रायलाई सफल तुल्याउन हो।

तपाईंको हृदयमा ख्रीष्ट बास गर्नुहुन्छ भनी जान्नुचाहिँ त्यहाँ अब अनन्त जीवन शुरू भइसकेको छ भनी जान्नु हो। ख्रीष्टको स्थान लिने उपस्थितिले पुनरूत्थित उहाँको जीवनलाई भित्राउँछ। ***गवाही यही हो, परमेश्वरले हामीलाई अनन्त जीवन दिनुभएको छ; र यो जीवन उहाँको पुत्रमा छ। जससँग परमेश्वरको पुत्र हुनुहुन्न उसित जीवन छैन।*** (१ यूहन्ना ५:११-१२) मेरो साथी डेविडले उनको पाप क्षमा गर्न अनि उनको जीवनमा बास गर्न ख्रीष्टलाई बिन्ती गरेपछि उसले प्राप्त गरेको अचम्मलाग्दो कुरोको उद्‌गार पोखे ''यो कुरो यस्तो उदेकलाग्दो होला भन्ने मैले कहिले पनि विचार गरेको थिइनँ!''

## तर कसरी?

ख्रीष्टको जीवन, मृत्यु अनि बौरीउठाइ विषयमा पत्रुसको प्रचार सुन्ने धेरै मानिसहरूलाई परमेश्वरले मुक्तिदातालाई चिन्नलाई इच्छाशक्ति दिनुभयो। पवित्र आत्माले तिनीहरूका निम्ति कार्य गर्नुभयो; त्यही कार्य आज तपाईंको निम्ति पनि

गरिरहनुभएको छ। तिनीहरूले पत्रुसको प्रचार ध्यान दिएर सुने अनि पत्रुसले तिनीहरूलाई ख्रीष्टचाहिँ प्रभु ('क्यूरिसोस' –यहोवा) अनि उद्धारकर्ता परमेश्वर हुनुहुन्छ भनी बताइदिए। त्यस सत्यले क्रूसघातित हुनुभएका मुक्तिदाताका विरुद्ध तिनीहरूले दर्शाएको घृणा र लापर्वाहीलाई भूल थिएछ। भनी मानिलिने कार्य र आवश्यकताको होश खोलिदियो। प्रमाणले हामीलाई बताउँछ,– *तिनीहरूको मुटु छेडियो अनि इमानदारीपूर्वक तिनीहरूले सोधे हामी के गरौं?* (प्रेरित २:३७)

**तिनीहरूप्रति पत्रुसको प्रथम उत्तरचाहिँ पश्चात्ताप गर्नलाई आग्रहसाथ सम्झाउनु थियो। पश्चात्तापबिनाको विश्वासचाहिँ वास्तविक विश्वास हुँदैन। यो केवल ''विश्वास गर्नु'' मात्रै हुन्छ। बचाव गर्ने विश्वासले सत्यको भरोसा अनि त्यस अवस्थाको परिवर्तनको दुवै भावलाई समावेश गर्छ।**

सरल विश्वासको आधारमा तपाईंको निम्ति क्रूर-क्रूसमा मरिदिंदा ख्रीष्टले पूरा गर्नुभएको कार्यको निम्ति उहाँलाई जब धन्यवाद दिनुहुन्छ। तब परमेश्वरप्रति अनि पापप्रति भएको तपाईंको स्वभाव एक नाटकीयढंगले बद्लिएर जान्छ। त्यसपश्चात्‌नै पवित्र आत्माले आन्तरिक आँखाको चिरफार (Eye Surgery) गर्छ अनि तपाईंको हृदयले विभिन्न दृष्टिकोणबाट थुप्रै कुराहरू देख्न थाल्छ वास्तवमा पश्चात्ताप शब्दको अर्थचाहिँ 'हृदयको परिवर्तन' हो। त्यसैकारण एक साँचो नयाँ जन्मको अनुभवले परमेश्वरप्रति र पापप्रति हृदयको एक आधारभूत परिवर्तनलाई देखाउँछ।

**परमेश्वरप्रति:** पश्चात्ताप (हृदयको परिवर्तन) ले

परमेश्वरको विरुद्ध धारण गरिएका सबै झुटा विचारहरूलाई खारिज गर्छ। तिनीहरूका पुरानो रीतिथीति अनि जंगली असभ्य संस्कृतिमा दिलोज्यानले संघर्ष गरेका मानिसहरूले प्रभु ख्रीष्टमा उद्धार पाएपछि तिनीहरू सबैले तन्त्रमन्त्र गर्ने सम्पूर्ण सामा-सर्दामहरू खुल्लाम-खुल्ला तिनीहरू स्वयंले जलाएको मैले देखेको छु। जब बाइबलले बताएका परमेश्वरको निम्ति घृणित ठहरिएका अधार्मिक अनि असामाजिक रीतिविधिहरूदेखि तिनीहरू फर्की ख्रीष्टकहाँ आए; तिनीहरूले धम्की र खतराहरूको सामना गर्नुको साथै भयानक सामाजिक बहिष्कार पनि सहनुपरेको थियो। यस्ता पीडित मानिसहरूमध्ये मेरो एक मित्र पनि त्यहाँ थिए। हामीलाई रक्षा गर्ने त्यो विश्वासचाहिँ ख्रीष्टनै यहोवा—एक मात्र उद्धारकर्ता परमेश्वर हुनुहुन्छ भन्ने; दृढ निश्चयताबाट पलाएको हुनुपर्छ।

**पापप्रति:** जब नयाँ जन्मद्वारा तपाई आफ्नो उद्धारका अनुभवमा प्रवेश गर्नुहुन्छ। तब खिन्नता र दोषसहित तपाईंले आफ्नो पापीपनलाई खुट्याउनुहुनेछ। पापप्रति भएका कुराहरूदेखि तपाईंको हृदयको परिवर्तनले (पश्चात्ताप) त्यो अर्थ बोध गराउँछ कि अबोप्रान्त तपाईंले आफ्ना पापहरूलाई अनदेखा गरिरहनुहुनेछैन; तपाईंले आफ्ना पापहरूप्रति बहाना गरिरहनुहुनेछैन र तपाईंको आफ्नो धार्मिकताले तपाईंलाई बचाउँला भनी व्यर्थको आशा गरिरहनुहुनेछैन। पवित्र परमेश्वरको अघि ***मान्छेको धार्मिकताचाहिँ मैला थाङ्ना सरह छन्।*** (यशैया ६४:६) तर जब तपाई प्रभु येशूतिर फर्किनुहुन्छ तब तपाईंको निजी जीवनमा भएका परमेश्वरलाई घृणित तुल्याउने ती नराम्रा कुराहरूदेखि स्वयं अलग्गै बस्ने इच्छा जाग्छ।

सर्जनमुनिको ओहोदामा भएका एक सैनिक अफिसर जो उसको ब्यारेकदेखि छुट्टीमा आएको कुरोलाई सम्झनुहोस्। एक दिन उसले दुइवटा पत्रहरू प्राप्त गर्‍यो। एउटा पत्रचाहिँ उसको साथीले पठाएको थियो भने अर्को पत्रचाहिँ उसको कमाण्डीङ्ग अफिसरले पठाएको थियो। प्रथम पत्रमा उनको साथीको विवाहको निम्तो थियो; तर अर्को पत्रमा उनको नोकरीमा दाखिल हुनलाई उसको अफिसरले दिएको आदेश थियो। निश्चय एउटा निमन्त्रणा र एउटा आदेशमाझ भिन्नता पाइन्छ। एउटा निमन्त्रणलाई नम्रतापूर्वक टार्नसकिन्छ तर आदेशले तपाईंको अघि दुइवटा विकल्पहरू राख्छ— आज्ञाकारिता किंवा विरोध। यसैकारण परमेश्वरले तपाईंलाई प्रेम गर्नुहुन्छ अनि पापले तपाईंको जीवन नष्ट पार्नेछ भनी उहाँलाई थाह छ; अतः उहाँले तपाईंलाई पश्चात्तापको निम्ति **निम्तो दिनुहुन्न तर आदेश दिनुहुन्छ।** जस्तो पावलले एथेन्सको राजधानीमा अवस्थित विश्वविद्यालयमा भएका दार्शनिकहरू अनि दर्शकहरूसमक्ष उनले प्रचार गरेको सुसमाचार यसरी अन्त्य गरे। उनले भने; ***तर अब परमेश्वर सबै ठाउँमा सबै मानिसहरूलाई पश्चात्ताप गर्नू भन्न आज्ञा गर्नु हुन्छ।*** (प्रेरित १७:३०) 'सबै मानिसहरू' भन्नाले तपाईं लगायत भन्ने बुझिन्छ।

परमेश्वरबारे तपाईंका भूल धारणाहरू र **व्यक्तिगत् पापबाट जब तपाईं पश्चात्तापतिर फर्किनुहुन्छ** त्यही नै आश्चर्य कर्म हो अनि जब विश्वासद्वारा तपाईंको मुक्तिदाता परमेश्वरको रूपमा जयजयकार गर्न **येशूतर्फ तपाईं फर्किनुहुन्छ;** पवित्र आत्माले तपाईंको हृदयमा काम गर्छ, ***दुवै इच्छा गर्ने र काम गर्ने मन;*** (फिलिप्पी २:१३) जुन कुरोचाहिँ परमेश्वरको

दृष्टिमा असल छ। यसकारण पश्चात्ताप गर्ने इच्छा अनि परमेश्वरको इच्छाअनुसार सामर्थ्य चाहने सबै इच्छुक व्यक्तिहरूलाई परमेश्वरले वचन दिनुहुन्छ। त्यसपश्चात् तपाईंको जीवनले परमेश्वरद्वारा तोकिएका अर्थपूर्ण सामर्थ्यहरू प्राप्त गर्छ।

कुनै ढिल्याई नगरी प्रभु येशू ख्रीष्टलाई पाउनुहोस् भनी एक मित्रको हैसियतले म तपाईंलाई प्रोत्साहन दिनचाहन्छु। परमेश्वरका सम्मुख झुकी प्रार्थना गर्नलाई एक एकान्त स्थान खोज्नुहोस्। यदि तपाईंले सुगारटाइका जस्ता शब्दहरू मात्रै दोहोराउनुभयो भने ती शब्दहरूले तपाईंलाई कुनै फायदा दिनेछैन। तपाईंले प्रार्थना गर्नुको आवश्यक कुराचाहिँ विश्वाससहित तपाईं प्रभु येशूलाई निहार्नुहुन्छ, जसले भन्नुभयो : ***बाटो, सत्य र जीवन म नै हुँ, मद्वारा बाहेक अरू कोहीद्वारा पनि कुनै मानिस पिताकहाँ आउँदैन*** (यूहन्ना १४:६)।

अब, तपाईं आफ्नो आँखाद्वय बन्द गरी हृदयभित्रबाट स्वतस्फूर्त निस्किएका प्रभावित भावसहित प्रार्थना गर्नसक्नुहुन्छ; अथवा सुझावस्वरूप दिएको निम्न प्रार्थना तपाईंको निम्ति सहायक सिद्ध हुनसक्छ।

## *प्रार्थनामय प्रत्युत्तर*

**परमेश्वर, मैले तपाईंलाई चिनिनँ नत मैले तपाईंलाई कहिले प्रेम नै गरें। तथापि तपाईंले मलाई चिन्नुभयो र मलाई प्रेम गर्नुभयो, म तपाईंलाई धन्यवाद दिन्छु।**

**म एउटा पापी मात्र हुँ, म आफ्नो मुक्तिका निम्ति केही गर्नसक्तिनँ अब म विश्वासैद्वारा तपाईंकहाँ फर्किआउँछु**

अनि तपाईंको क्षमाशीलता प्राप्त गर्न बिन्ती गर्छु। म स्वयं पापी हुँ भनी म मानिलिन्छु र पश्चात्ताप गर्छु। मेरो साटोमा मरिदिनुभएकोमा अनि मेरो निम्ति तपाईंको बहुमूल्य पवित्र जीवनदायक रगत बहाउनुभएकोमा, तपाईंलाई धन्यवाद छ, प्रभु येशू! विश्वासद्वारा त्यस बहुमूल्य रगतको सुरक्षाको घेरोमुनि अब मेरो जीवनलाई राखिदिन्छु।

प्रभु येशू मेरो हृदयमा आउने कृपा गर्नुहोस्; र मेरो जीवनलाई नियन्त्रण गर्नुहोस्।

प्रभु येशू तपाईंको पवित्र आत्माद्वारा मैले नयाँ जन्म पाएको छु; तपाईंलाई धन्यवाद। तपाईंको पुनरुत्थानको सामर्थ्यद्वारा म परमेश्वरका सन्तान भएको छु अनि म सदासर्वदा तपाईंसँग रहने छु भनी जान्नपाउँदा मलाई आनन्द लाग्छ!

जसले उनीमाथि विश्वास गर्दछ (विश्वास गर्छ र भरोसा पर्छ) उ *कुनैरीतिले शर्ममा पर्नेछैन* (१ पत्रुस २:६)।

भर्खरै तपाईंले गरेको काम अब केही व्यक्तिलाई बताउनुहोस्। याद राख्नौ, उहाँ अब तपाईंमा बास गर्नुहुन्छ र उहाँ तपाईंलाई चाहिएको सम्पूर्ण शक्ति हुनुहुन्छ; त्यसैकारण तपाईं उहाँको विषयमा सत्य कुरो बताउन र जिउनलाई योग्य हुनु आवश्यक छ।

*यदि तिमीले आफ्नो मुखले प्रभु येशूलाई स्वीकार गर्यौ भने, र परमेश्वरले उहाँलाई मरेकाहरूबाट बौराएर उठाउनुभयो भनी आफ्नो हृदयमा विश्वास गर्यौ भने तिमीले मुक्ति पाउनेछौ, किनकि धार्मिकताका निम्ति हृदयले विश्वास गरिन्छ र मुक्तिका निम्ति मुखले स्वीकार गरिन्छ* (रोमी १०:९-१०)

# एक क्षण विचार गरौं

१. सहृदय तपाईलाई दिइएको दानप्रति तपाई कुन उत्तम ढंगले आफ्ना कृतज्ञता व्यक्त गर्नसक्नुहुन्छ ?
''कृपया त्यो मलाई दिनुहोस्न'' भनेर ?
''तपाईलाई धन्यवाद छ है'' भनेर ?

२. के यो म अब परमेश्वरको एक सन्तान भएको छु भनी आश्वासन दिने तपाईमा भएको विचार अथवा विश्वास हो ? *किनकि विश्वासद्वारा अनुग्रहले तिमीहरूले मुक्ति पाएका छौ; अनि यो तिमीहरू आफैबाट होइन; यो परमेश्वरको दान हो; (एफेसी २:८)*

३. प्रभु येशूप्रति भएको तपाईंको विश्वासले
पश्चातापको मुख्यभावलाई
धन्यवाद ज्ञापनको मुख्यभावलाई
उहाँमाथि पूर्णतया भरोसा पर्ने भावलाई समावेश गरेको छ ?

४. तपाईलाई बचाउनुभएकोमा अनि तपाईंको निम्ति उहाँले गर्नुभएका कार्यको निम्ति मात्रै होइन तर उहाँ को हुनुहुन्छ,
त्यसको निम्ति पनि अब तपाईले परमेश्वरलाई धन्यवाद दिनुहुनेछ अनि प्रभु येशूको प्रशंसा गर्नुहुनेछ ?

परमेश्वर र ख्रीष्टलाई पार नगरीकन् मलाई छुन आउने
त्यहाँ कुनै परिस्थिति, दु:ख, समस्या, परिक्षा, केही
शोक छैन। प्रथमत: मैले यी परिस्थितिहरूलाई
परमेश्वर र ख्रीष्टमा सुम्पिदिइसकेको छु, यदि यो
त्यसहदसम्म आइपरेको छ भने पनि निश्चय यो एउटा
ठूलो उद्देश्य लिएर नै आएको छ; जुन कुरोलाई म झट्टै
बुझ्न नसकुँला, तापनि म अत्यासिन चाहदिनँ म मेरा
आँखा उहाँतिर उठाउछु र मेरो आफ्नै हृदयका निम्ति
केही महान् आशिषको उद्देश्य परमेश्वरको
सिंहासनबाट आउँदैछ भनी मानिलिन्छु त्यसबेला कुनै
शोकले मलाई कहिले पनि बाधा पुऱ्याउँदैन, कुनै
परिक्षाले मलाई निष्क्रिय बनाउँदैन; कुनै परिस्थितिले
मलाई कहिल्यै पनि पिरोल्दैन-किनकि मेरा प्रभु को
हुनुहुन्छ भन्ने सत्यले प्रदान गरेको खुशीमाथि म विश्राम
लिनेछु; त्योचाहिँ विश्वासको विजय हो।

एलेन रेडपाथ

# त्यसपश्चात्?

उद्धार सित्तैमा दिइएको छ! ख्रीष्ट येशूले यी सम्पूर्ण कार्य गरिसक्नुभएको हुनाले कुनै मानिसले यसलाई प्राप्त गर्न केही कर्मकाण्ड गर्नुपर्दैन, जुन प्रकारले तपाईंलाई सुझावस्वरूप दिइएको प्रार्थना (अथवा त्यस्तै प्रकारका अरू प्रार्थना) इमानदारीपूर्वक गर्नुभयो। येशू प्रभुप्रति गरेको तपाईंको विश्वासले तपाईंलाई परमेश्वरका साँचो सन्तान हुने हक दिएको छ।

*तर जतिले उहाँलाई ग्रहण गरे, तिनीहरूलाई उहाँले परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो, अर्थात् तिनीहरूलाई जसले उहाँको नाममा विश्वास गर्दछन्।* (यूहन्ना १:१२)

सम्भवत: अब तपाईंले प्रश्न सोधिरहेको हुनुहुनेछ "त्यसपश्चात् के गर्नुपर्ने हो?"

मृत्युलाई पराजित गरी स्वर्ग जाने यस अभियानमा आफ्ना चेलाहरूलाई छोडि जानुभन्दा केही क्षणअघि उहाँले भन्नुभयो : *ममा रहो, अनि म तिमीहरूमा* (यूहन्ना १५:४)। ती वचनहरूमा प्रभु येशू ख्रीष्टले ख्रीष्टियन जीवन यापनका महत्त्वलाई खुलस्त गरी बताइदिनुभएको छ। परमेश्वरको

दृष्टिमा प्रत्येक विश्वासी उहाँको पुत्रमा रहन्छ; अनि सुरक्षासाथ स्वर्गसम्म नपुगुञ्जेलसम्म त्यहाँ (उहाँको पुत्रमा) तिनीहरू सुरक्षित रहिरहनुपर्छ। तथापि एउटा मानवीय सम्बन्धबाट बौरीउठ्नुभएका प्रभु पनि साँचो विश्वासीहरूमा रहनुहुन्छ।

यदि एउटा झीर आगोमा रापिन्दै गरेको कुरोलाई तपाईंले कल्पना गर्नुभयो भने तब तपाई भन्नसक्नुहुन्छ,''झीर आगोमा छ'' तर यदि तपाईंले यसलाई धेरै नजीकबाट हेर्नुभयो भने फलामको झीर पनि आगो जस्तै रातो......भएको देख्नुहुन्छ तब तपाईंलाई यो पनि भन्न मनलाग्दो हो ''झीरमा आगो छ'' अथवा, यसरी नै कल्पना गर्नुहोस्, जब एउटा प्याला बाल्टीमा भरिएको पानीभित्र डुब्छ; तब प्याला पानीभित्र हुन्छ तर पानी पनि प्यालाभित्र हुन्छ!

जब तपाईं दोस्रोचोटि आत्मामा जन्मनुभयो। वास्तवमै तपाईंलाई पवित्र आत्माले ख्रीष्टका अंगमा बप्तिस्मा (डुबाउनु भएको छ) दिएको छ।

अब बाइबलले तपाईंलाई ढाढ्स दिन्छ : ***तिमीहरूको जीवन ख्रीष्टसँग परमेश्वरमा लुकेको छ*** (कलस्सी ३:३)। ज्यू; किनकि तपाई दोस्रोचोटि जन्मनुभएको छ, अब तपाईं ख्रीष्टमा हुनुहुन्छ। कस्तो अचम्म! जब तपाईं दोस्रोचोटि जन्मनुभएको थियो; पवित्र आत्माको सामर्थ्यद्वारा बौरीउठेका ख्रीष्टको वास गर्ने जीवन तपाईंको निम्ति एक व्यक्तिगत महिमित सत्यता भइदिएका थिए। अब तपाई ***महिमाको आशा ख्रीष्ट तिमीहरूभित्र*** (कलस्सी १:२७) भएका कुरोलाई उपभोग गर्नसक्नुहुन्छ; किनकि तपाई दोस्रोचोटि आत्मामा जन्मनुभएको छ; अब बौरीउठेका ख्रीष्ट तपाईंमा जिउनुहुन्छ; कस्तो अचम्म!

म ख्रीष्टमा अनि ख्रीष्ट ममा हुनुहुन्छ; यी दुई सम्बन्धित सत्यका उद्धार दिने एकजुटता विषय अब हामीलाई बाइबलले के बताउँछ त्यस विषयमा विचार गर्दैजाऔं -

## म ख्रीष्टमा छु

***हामी सबै एउटै आत्माद्वारा एउटै शरीरभित्र बप्तिस्मा भयौं........*** (१ कुरिन्थी १२:१३)।

***वा हामीहरूमध्ये जतिजनाले येशू ख्रीष्टभित्र बप्तिस्मा लियौं; उहाँको मृत्युभित्र बप्तिस्मा लिएका थियौं भन्ने कुरा के तिमीहरूलाई थाह छैन? यसकारण हामी उहाँसँग बप्तिस्माद्वारा मृत्युभित्र गाड़ियौं; र जसरी पिताको महिमाद्वारा ख्रीष्ट मरेकाहरूबाट बौराइनुभयो, त्यसरी नै हामी पनि जीवनको नयाँपनामा हिंड़नुपर्दछ (रोमी ६:३-४) किनकि तिमीहरू मरेका छौ, र तिमीहरूको जीवन ख्रीष्टसँग परमेश्वरमा लुकेको छ*** (कलस्सी ३:३)

'ल्यूकेमिया' (Leukaemia) (रगतमा श्वेत किटाणुको संख्या धेरै भएको रोग) ले ग्रस्त भएका एक सानो रोगी बालकलाई म चिन्दछु। सात वर्षको उमेरमै प्रत्येक तीन-तीन महिनापछि डड़ाँल्नुको सुइ हान्न ऊ डाक्टरकहाँ जानुपर्थ्यो। एउटा भेटमा डाक्टरले तिनलाई यसो भनी सोधे ''जब तिम्रो डड़ाँल्नुमा सुइ घुस्छ तिमी किन अरू केटा-केटीहरूजस्तो गरी चिच्याउँदैनौ; यस सुइले तिमीलाई दुखाउँदैन?'' ''अहो यसले दुखाउँछ नी'' ड्रायलले डाक्टरलाई उत्तर दियो। ''तर तपाईं बुझ्नुसक्नुहुन्छ, मलाई त्यसले छुनुभन्दाअघिनै प्रभु येशूको हातद्वारा त्यो सुइ मेरो शरीरभित्र घुस्छ।'' अहो! विश्वासचाहिँ त्यस्तो हुन्छ।

जसरी स्वत: विश्वासद्वारा तपाईंले प्रभु येशूलाई प्राप्त गर्नुभयो त्यसरी नै जीवनको प्रत्येक खाँचोलाई पूरा गर्ने प्रभु येशू ख्रीष्टको भरपुरीसँग आत्मसात् गर्न तपाईंलाई योग्य तुल्याउने यो पनि त्यही विश्वासको मूल ध्येय हो।। अर्को शब्दमा भन्नु हो भने विश्वासको एक निरन्तर रहने भावलाई धारण गर्न तपाईंको विश्वासका आरम्भिक कार्यले तपाईंको निम्ति अब ढोका खोलिदिएको छ। *जसरी तिमीहरूले ख्रीष्ट येशू प्रभुलाई प्राप्त गरेका छौ; उसरी नै तिमीहरू उहाँमा हिंड* (कलस्सी २:६)।

तपाईं नयाँ गरी जन्मनुभएको छ; तथापि परमेश्वरले ख्रीष्टको जीवनलाई तपाईंले नकल गरेको मात्र चाहनुहुन्न। यस प्रकारका मिथ्या नकल गर्ने हुँदा, असंख्य ख्रीष्टियनहरू सम्पूर्णरूपले विफल भएका छन्। तर परमेश्वरले हामीलाई हाम्रा ख्रीष्टियन जीवनका निम्ति उहाँले तयार पारेका अचम्मलाग्दो प्रबन्धबारे बताउनुहुन्छ। हामी अघिनै ख्रीष्टमा मरिसकेका छौं। अनि ख्रीष्टमा मरेको कारण हामी व्यवस्थाअनुसार ठहराइएका दण्डका आज्ञा र मागहरूका निम्तिचाहिँ मरिसकेका छौं। त्यसकारण, विगतमा जस्तै वर्तमानमा र भविष्यमा पनि आफ्नै प्रयासद्वारानै व्यवस्थाले ठहराएका मागहरू पुरा गरिन्छ भनी ठानिने कुनै पनि बेअर्थका आशाका निम्ति हामी मरिसकेका छौं। ज्यु; आत्मिक जीवन जिउनलाई आफैमा रहेका कामै नलाग्ने निर्भरताको निम्ति हामी मरिसकेका छौं, तर परमेश्वरको बढाइ होस् हामी बौरीउठनुभएका प्रभु येशू ख्रीष्टका सम्पूर्ण सामर्थ्यी तुल्याउने र सुरक्षा दिने भरपुरीमा महिमितरूपले जीवित पारिएका छौं!

जब हामी जीवनमा आइपरेका परीक्षा र कष्टहरूलाई आफै सामना गर्ने कोसिस गर्छौं तब समस्या खड़ा हुँदछ। नयाँ विश्वासीले त्यो कुरोलाई आफैमा महसुस गर्छन् उसको पहिलो जीवनदेखि नयाँ जन्म पाएपछि उसले एउटा जिउँदो ख्रीष्टियन जीवन जिउन स्वयंलाई योग्य पाउनेछैन। प्रभु येशू ख्रीष्टले यस प्रकारको स्वभावबारे हामीलाई चेतावनी दिँदै स्पष्ट भन्नुभएको छ ........*मबाट अलग भएर तिमीहरूले केही पनि गर्नसक्दैनौ* (यूहन्ना १५:५)।

वास्तवमै गलातीका क्षेत्रमा रहेका विश्वासीहरूका आफैमा भरपर्ने मूर्खताप्रति इंगित गर्दै तिनीहरूलाई सम्झाउन प्रेरित पावलले स्पष्टवादी वचन प्रयोग गरेका छन्। विश्वासैद्वारा जिउने परमेश्वरीय नियमदेखि विमुखिएका तिनीहरूका भ्रष्टपनलाई सच्याउन प्रेरित पावलले उत्तर प्राप्तिका निम्तिभन्दा पनि तिनीहरूलाई प्रभाव पार्न अनि त्यसैमा प्रमाणसिद्ध उत्तर पनि भएका यो अलकारिक प्रश्न सोधेका थिए।

*तिमीहरूबाट म यो मात्र जान्नचाहन्छु.........तिमीहरूले आत्मालाई व्यवस्थाका कामहरूद्वारा पायौ कि विश्वासको समाचारद्वारा? के तिमीहरू यति बुद्धिहीन छौ? आत्मामा शुरू गरेर अब शरीरमा सिध्याउँछौ?* (गलाती ३:२-३)।

निश्चय तपाईले विश्वासको कार्यद्वारा ख्रीष्टमा नयाँ जीवन शुरू गरे झैं तिनीहरूले पनि ख्रीष्टमा तिनीहरूको नयाँ जीवन शुरू गरेका थिए अनि त्यही आशामुखी विश्वासद्वारा मात्रै *तिनीहरूले एकजना येशू ख्रीष्टद्वारा जीवनमा राज्य गर्नेछन्* (रोमी ५:१७)।

गलातीका मण्डलीमा त्यही आशामुखी विश्वासको

प्राणशक्तिलाई तिनीहरूका स्वनिर्भर हुनखोज्ने प्रयासका रूखोपनले नराम्रोसँग उछिट्याइदिएका थिए। तर परमेश्वरलाई धन्यवाद होस्, यदि नयाँढंगले प्राप्त गर्नुभएका आफ्ना प्रभुप्रतिको भरोसामा तपाईं नित्य जिउनुभयो भने, त्यस गलाती मण्डलीमा रहेका जस्ता विकटिला परिस्थितिहरूलाई तपाईंले अनुभव गर्ने दरकार पर्दैन।

## *ख्रीष्ट ममा वास गर्नुहुन्छ*

*म ख्रीष्टसित क्रूसमा टाँगिएको छु, त्यसो भए पनि मत होइन, तर ख्रीष्ट मभित्र जिउनुहुन्छ;* ..............(गलाती २:२०)।

*तर ख्रीष्ट तिमीहरूभित्र हुनुहुन्छ भने शरीर पापको कारणले मरेको छ तर आत्मा धार्मिकताको कारणले जीवित हुनुहुन्छ। तर जसले येशूलाई मरेकाहरूबाट बौराएर उठाउनुभयो उहाँका आत्मा तिमीहरूभित्र वास गर्नुहुन्छ भने ख्रीष्टलाई मरेकाहरूबाट बौराईउठाउनुहुनेले तिमीहरूभित्र वास गर्नुहुने उहाँका आत्माद्वारा तिमीहरूका मर्ने शरीरहरूलाई पनि जीवित पार्नुहुनेछ* (रोमी ८:१०-११)।

*उनीहरूलाई परमेश्वरले, अन्यजातिहरूको बीचमा यो रहस्यको महिमाको धन के हो प्रकट गर्नचाहनुभयो : महिमाको आशा ख्रीष्ट तिमीहरूभित्र नै रहस्य हो* (कलस्सी १:२७)।

*विश्वासद्वारा ख्रीष्ट तिमीहरूका हृदयहरूमा वास गरून्* (एफेसी ३:१७)।

"प्रभु येशू तपाईंलाई धन्यवाद, तपाईं सर्वेसर्वा हुनुहुन्छ त्यसको तुलनामा म केही पनि होइन, मप्रति अनि ममार्फत तपाईं के गर्नचाहनुहुन्छ त्यसको निम्ति म तपाईंलाई अनुमति

दिन्छु'' भनी तपाईंभित्र वास गर्ने ख्रीष्टका जीवनमाथि तपाईंले आफ्नो आशामुखी विश्वासलाई व्यक्त गर्नसक्नुहुन्छ। तपाईंको ख्रीष्टियन जीवनमा प्राप्त अचम्मलाग्दो वास्तविकताचाहिँ यो हो अब परमेश्वरले तपाईंको सफलताको निम्ति कुनै व्यक्तिलाई त्यो उत्तरदायित्व सारिदिनुभएको छ– उहाँ प्रभु येशू ख्रीष्ट हुनुहुन्छ। प्रभु येशू ख्रीष्ट मात्रै तपाईंले जीवनमा सामना गर्नपर्ने ती पापपूर्ण प्रलोभन र संयोगहरूलाई जित्नसक्ने पूर्ण सामर्थ्य हुनुहुन्छ सायद बिना ख्रीष्ट तपाईंको निम्ति 'धर्मका एक विद्वान', 'एक प्रचारक' 'एक मिशेनेरी' बन्न सम्भव होला। तर यदि ख्रीष्टचाहिँ तपाईंको हृदयमा वास गर्नुहुन्न भने एक साँचो ख्रीष्टियन बन्न तपाईं सक्नुहुन्न।

ख्रीष्ट मात्र एक हुनुहुन्छ, जो ख्रीष्टियनको जीवनमा वास गर्नसक्नुहुन्छ। अब आश्चर्यरूपले ख्रीष्टले उहाँको आत्माद्वारा तपाईंको हृदयमा आफ्नो निवासस्थान बनाउनुभएको छ। अब तपाईं स्वयंले आफ्ना निम्ति कहिले पनि गर्न नसकेका कुराहरू उहाँले तपाईंद्वारानै तपाईंका निम्ति पनि गर्नसक्नुहुन्छ। उहाँ पवित्र हुनुभएको कारण यस दुराचारी जगतमा उहाँ तपाईंको पवित्रता हुनुहुनेछ। प्रलोभन र परीक्षाले भरिएका यस संसारमा उहाँ जो विजेता हुनुहुन्छ; तपाईंका निम्ति उहाँ नै विजय हुनुहुनेछ। उहाँ जो प्रेम हुनुहुन्छ; तपाईंको निम्ति यस स्वार्थलिप्त संसारमा प्रेम बनिदिनुहुनेछ। वास्तवमै उहाँ *पुनरूत्थान र जीवन* हुनुभएको कारण अब उहाँ त्यही रूपमा तपाईंको निजी ख्रीष्टियन जीवनमा पुनरूत्थित हुनुभएको छ।

यसकारण जब नम्रतापूर्वक तपाईं आफ्नो जीवनलाई ***हराएकोलाई खोज्न र मुक्ति दिन आएका*** (लूका १९:१०) प्रभु

येशूको सम्मुख राखिदिनुहुन्छ। अब ती हराएका आत्माहरूलाई तपाईंद्वारा खोज्न र बचाउन सकियोस् भनी तपाईंले उहाँमा विश्वास गर्नुसक्नुहुन्छ जब विश्वासीहरूले तिनीहरू स्वयंनै अन्य मानिसहरूसमक्ष पुग्ने ख्रीष्टका जीवनका माध्यम हौं भन्ने सत्यलाई खोजी गर्दछ त्यसबेला साँच्चै जीवन प्रोत्साहित बन्छ।

नभूलौं ख्रीष्ट स्वर्गतिर फर्किजानुभएको छ। यद्यपि कुनै परिस्थितिमा पनि उहाँले स्वयंलाई तपाईंबाट हटाउनुभएको छैन। पृथ्वीमा आफ्ना चेलाहरूबाट बिदा भई जाँदा उहाँले तिनीहरूलाई बताउनुभयो –

***केही क्षणपछि संसारले मलाई फेरि देख्दैन, तर तिमीहरूले मलाई देख्नेछौ। म जिउँछु, यसकारण तिमीहरू पनि जिउनेछौ। त्यस दिन तिनीहरूले, म मेरा पितामा छु, अनि तिमीहरू ममा, र म तिमीहरूमा छु भनी जान्नेछौ*** (यूहन्ना १४:१९-२०)।

अब तपाईं सोध्न सक्नुहुन्छ ''कसरी ख्रीष्टमा परमेश्वरले मलाई दिनुभएका ती सबै आवश्यकता पूर्ण गर्ने उपायहरू सत्य र व्यावहारिकतौरले मेरो जीवनमा लागू हुनसक्ला ?'' त्यो एउटा सठीक प्रश्न हो। यस प्रश्नद्वारा मनमा धारण गरिएका विश्वास र उपभोग गर्नसकिने विश्वासमाझ भएको एउटा भयानक खाँदलाई चिन्न सकिन्छ। यस प्रश्नले त्यस कार्यकारी विश्वासप्रति रहेका तपाईंको गहिरो इच्छालाई पनि इंगित गर्छ। अब ख्रीष्टको विजयी जीवनको साधारण उत्तरचाहिँ विश्वासीको जीवनमार्फत धन्यवाद ज्ञापनको प्रत्युत्तरमा उत्पन्न हुनेछ। सत्य विश्वासले सधैं ''तपाईंलाई

धन्यवाद छ'' भन्छ।

उदाहरणस्वरूप; ख्रीष्टमा भएको तपाईंको बचाव गर्ने विश्वासलाई अभिव्यक्त गर्ने उत्तम तरिकाचाहिँ तपाईंका पापहरू क्षमा भएका छन् भनी उहाँलाई धन्यवाद दिनु हो। अब तपाईंलाई आवश्यक परेको समयमा उपस्थित भई दिएको खण्डमा तपाईं उहाँलाई धन्यवाद दिनसक्नुहुन्छ। ***बिना विश्वास उहाँलाई (परमेश्वरलाई) खुशी पार्नु असम्भव छ*** (हिब्रू ११:६) । उहाँलाई खुशी पार्ने इच्छा राखेर र हरेक कुरोमा उहाँकै प्रशस्तताको निम्ति प्रभु येशूप्रति निरन्तर कृतज्ञ रहेको विश्वाससहित जिउनुहोस्।

प्रभु येशू ख्रीष्टप्रति भएको तिनीहरूको इमान्दारीताका कारण दु:ख उठाइरहेका ख्रीष्टियनहरूलाई पत्र लेख्दा पत्रुसले तिनीहरूलाई आग्रह गरे : ***तिमीहरूका हृदयहरूमा प्रभु परमेश्वरलाई पवित्र मान (अलग्गै पार्नुहोस्, विस्तृत पार्नुहोस्, यसलाई पूर्ण हुकूम चलाउनदिनुहोस्)*** (१ पत्रुस ३:१५) । तपाईंको विश्वासलाई घात पार्ने कुराहरूलाई कसरी प्रतिरोध गर्नुपर्ने हो भनी परमेश्वरले सबैलाई प्रकट गर्नुभएको खुल्ला गुढ कुरा यहाँ देखिन्छ। ख्रीष्ट तपाईंको जीवनका प्रभु हुनुहुन्छ भनी निश्चित रहनुहोस्।

बाइबलको पुरानो नियमअन्तर्गत प्रकट गरिएका परमेश्वरका नामहरूमध्ये एउटा नामचाहिँ एडोनी हो, भनी तपाईंलाई याद होस्। एडोनी नामको अर्थचाहिँ उहाँ मेरा स्वामी भन्ने बुझिन्छ। जब उनले विश्वासीहरूलाई यसो भनेर उत्साहित तुल्याए त्यसैबेला यस नामको भेऊचाहिँ प्रभु परमेश्वर मेरा स्वामी हुनुहुन्छ भनी पत्रुसले प्रयोग गरेका पाइन्छ : ***तिमीहरूका***

*हृदयहरूमा प्रभु परमेश्वरलाई पवित्र मान।*

यसकारण प्रभु येशू ख्रीष्ट तपाईंको जीवनको स्वामी भएको कारण तपाईंले उहाँको स्थायी संगतिलाई उपभोग गर्नुहुनेछ। तब मात्रै तपाईं आफ्ना जीवनका दैनिक खाँचोहरूमा पटक-पटक उहाँमाथि भरोसा पर्नलाई पक्कै स्वतन्त्र हुनुहुन्छ। यसकारण भजन लेखक जर्ज मेत्थसनले यसरी लेखे :

प्रभु मलाई एक कैदी बनाउनुहोस्,
तब म स्वतन्त्र हुनेछु;
मेरो तरवार तपाईंलाई बुझाउन मलाई कर लाउनुहोस्,
तब म विजेता बन्नेछु,

सस्तो स्वतन्त्रताको चल्ती धारणाविपरीत वास्तविक स्वतन्त्रताचाहिँ मलाई जे मनलाग्दा त्यही गर्ने व्यक्तिगततौरले प्राप्त भएको त्यो अधिकारसँग मेल खाँदैन बरू यो त मैले के गर्नुपर्नेछ त्यस कुरोभित्र निहित सामर्थ्यमा पो पाइन्छ। प्रेरित पावलका वचनहरूलाई ध्यान दिऔँ जसले यसो भन्नुभयो : ***मलाई शक्ति दिनुहुने ख्रीष्टद्वारा म सबै कुराहरू गर्नसक्छु*** (फिलिप्पी ४:१३) /

आयरल्याण्डअन्तर्गत सन् १८५९ सालमा भएका आत्मिक जागृति कालमा हजारौं-हजारौं मानिसहरू ख्रीष्टकहाँ आए। ती ख्रीष्टिय विश्वासमा बद्लिएका मानिसहरूले 'विश्वासको प्रतिज्ञा' -को गान गाएर ख्रीष्टप्रतिका तिनीहरूका व्यक्तिगत र गम्भीर प्रतिज्ञा अभिव्यक्त गरेका थिए। त्यस अवधिमा बौरीउठनुभएका प्रभुको जीवन परिवर्तन गराउने अनुभवलाई अनेकौं मानिसहरूले प्राप्त गरे अनि त्यस सत्यताले

देशको नैतिक वातावरणलाई नै प्रत्यक्षरूपले बद्ली गरिदिएको थियो।

यस्तो लिखित कागजमा सही गर्नलाई योग्यता पर्दैन। तापनि सायद, (पछिल्लो पानामा भएका यस लिखित कागजमा) सही गरेर परमेश्वरप्रतिको तपाईंको व्यक्तिगत प्रत्युत्तरलाई पुष्टि गर्न यो लेख्य तपाईंको निम्ति पनि यस घड़ी सहायक सिद्ध हुनेछ।

*अब शान्तिका परमेश्वरले, जसले भेड़ाहरूका महान् गोठाला हाम्रा प्रभु येशूलाई अनन्त बाचाको रगतद्वारा मरेकाहरूबाट बौराउनुभयो। तिमीहरूलाई हरेक असल काममा उहाँको इच्छा पालन गर्नेको निम्ति सिद्ध पारेका होऊन् र उहाँको दृष्टिमा जे अति मनपर्दो छ सो येशू ख्रीष्टद्वारा तिमीहरूमा रहेका होऊन् उहाँलाई सदासर्वदा महिमा भइरहोस्। आमेन* (हिब्रू १३:२० -२१)।

अब तपाईंको व्यक्तिगत

## विश्वासको प्रतिज्ञा

गर्ने कार्यमा सहायता पुगोस् भनी बाइबलका वचनहरू पृष्ठ १७६ र १७७ मा दर्ता गरिएका छन्।

# विश्वासको प्रतिज्ञा

## परमेश्वर पितालाई म मेरो परमेश्वर मानिलिन्छु

तिमीहरू मूर्तिहरूबाट जीवित र सत्य परमेश्वरको सेवा गर्न फर्क्यौ।

(थिस्सलोनिका १:९)

## येशू ख्रीष्टलाई म मेरो प्रभु र उद्धारकर्ताको रूपमा मानिलिन्छु

परमेश्वरले येशूलाई बौराएर उचाल्नुभयो, आफ्नो दाहिने हातले कर्ता र मुक्तिदाताको रूपमा उच्च पार्नुभयो....... पश्चात्ताप र पापहरूको क्षमा दिनलाई

(प्रेरित ५:३१)

## परमेश्वरको प्रेमसहित पवित्र आत्मालाई म धारण गर्छु

किनभने हामीलाई दिनुभएको पवित्र आत्माद्वारा परमेश्वरको प्रेम हाम्रा हृदयहरूमा खन्याइएको छ।

(रोमी ५:५)

## परमेश्वरकाधजनलाई म मेरो जीवनको नियमको रूपमा धारण गर्छु

सबै धर्मशास्त्र परमेश्वरको प्रेरणाद्वारा दिइएको हो; अनि शिक्षाका निम्ति, भूल-दोष देखाउनका निम्ति, सुधारका निम्ति धार्मिकताको सम्बन्धमा। जसमा परमेश्वरको जुन हरेक असल कामका निम्ति पूर्णरूपले सुसज्जित भई सिद्ध होओस्।

(२ तिमोथी ३:१६-१७)

## परमेश्वरका जनलाई म मेरा जनको रूपमा प्रेम गर्छु

तिम्रा मानिसहरू मेरा मानिसहरू हुनेछन् अनि तिम्रा परमेश्वर मेरो पनि परमेश्वर हुनुहुनेछ।

(रूथ १:१६-१७)

## हृदयसमेतले म स्वयंलाई प्रभुको सेवामा समर्पण गर्छु

किनभने हामीमध्ये कोही पनि आफ्नै निम्ति जिउँदैन र कोही पनि आफ्नै निम्ति मर्दैन। किनकि हामी जिउँछौं भने प्रभुकै निम्ति जिउँछौं अनि मर्छौं भने हामी प्रभुकै निम्ति मर्छौं। यसकारण चाहे बाँचौं चाहे मरौं, हामी प्रभुकै हौं। धून तिमी कसको सेवा गर्छौ। तर म र मेरा घरानाले परमेश्वरको नित्य सेवा गर्नेछौं।

(रोमी १४:७-८)

अनि म यी कुराहरू सोचेर- सम्झेर गर्छु

हामी संसारमा, शारीरिक वृद्धिमा होइन, तर परमेश्वरको अनुग्रहमा सच्चाइ र ईश्वरीय निष्कपटतामा साथ चल्यौं।

(लूका २:५२)

अनि इमानदारीपूर्वक स्वतन्त्रतापूर्वक

तपाईंका प्रजाहरू तपाईंको पराक्रमको दिन स्वेच्छाबलि हुनेछन्।

(भजन ११०:३)

अनि सधैं-सधैंलाई

कसले हामीलाई ख्रीष्टको प्रेमदेखि अलग पार्ला? के संकष्टले, वा क्लेशले, वा सतावटले, वा अनिकालले वा नाङ्गो अवस्थाले वा खतराले, वा तरवारले?

(रोमी ८:३५-३९)

हस्ताक्षर दिनांक

उहाँ ऋण तिर्न आउनुभयो; जुन उहाँले लिनुभएको थिएन किनकि मैले ऋण लिएको थिए जुन मैले तिर्नसकेको थिइन।